# नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति

एसिया रिपोर्ट नं. १०४ – २७ अक्टोबर २००५

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोला :

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्स: ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


**सारसङ्क्षेप** ........ i

**१. पृष्ठभूमि : माओवाद र नेपाल** ........ १

**2. माओवादी राजनीति** ........ ३

क) राजनीतिक कार्यक्रम ........ ३

१. नौलो जनवाद ........ ३

२. तत्कालीन मागहरू ........ ४

३. राजतन्त्रप्रतिको दृष्टिकोण ........ ५

ख) आर्थिक कार्यक्रम ........ ५

**3. सङ्गठनात्मक संरचना** ........ ७

क) पार्टी ........ ७

ख) जनमुक्ति सेना ........ ८

ग) संयुक्त मोर्चा ........ १०

**4. नेतृत्व, समर्थनको आधार र स्रोतहरू** ........ १३

क) नेतृत्व, कमान्ड र नियन्त्रण ........ १३

ख) सदस्यता र समर्थनको आधार ........ १५

१. वर्ग ........ १५

२. जनजाति र जाति ........ १६

३. महिलाहरू ........ १६

४. सम्भावनाहरू ........ १७

ग) स्रोतहरू ........ १८

१. आर्थिक व्यवस्थाहरू ........ १८

२. हातहतियारहरू ........ १९

**5. माओवादी रणनीति** ........ २२

क) दीर्घकालीन जनयुद्ध ........ २३

१. रणनीतिक प्रतिरक्षा ........ २४

२. नयाँ कार्यदिशा प्रचण्डपथ ........ २५

३. रणनीतिक सन्तुलन ........ २६

४. २००३ का युद्धविरामदेखि अर्को आक्रमणसम्म ........ २७

ख) रणनीतिक आक्रमणको वर्ष ........ २९

**6. के कुराबाट उनीहरूको अवतरण हुन सक्ला त?** ........ ३०

**७. निष्कर्ष** ........ ३३

**अनुसूचीहरू**

क) नेपालको नक्सा ........ ३५

ख) माओवादी क्षेत्रीय ब्युरो डिभिजनको नक्सा र प्रस्तावित क्षेत्रीय तथा जातीय स्वायत्त प्रदेशहरू ........ ३६

ग) माओवादी नेतृत्व ........ ३७

घ) माओवादी आन्दोलनको सङ्गठन संरचना ........ ४२

ङ) "जनमुक्तिको सेना" को माथिल्लो सङ्गठन संरचना ........ ४३

च) चालीस बुँदे मागहरू ........ ४४

छ) सन् २००३ को सम्झौता वार्तामा नेकपा (माओवादी) को कार्यसूची ........ ४६

ज) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ........ ५०

झ) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ........ ५१

ञ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ........ ५३

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १०४ — २७ अक्टोबर २००५

# नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति?

## सारसङ्क्षेप


माओवादी विद्रोहले दस वर्षभन्दा कम समयमा नेपालको रूपान्तरण गरेको छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले देशभरि सशस्त्र द्वन्द्व फैलाएर नेपालको राजनीतिक वातावरणलाई उल्टाउनै नसकिने गरी नयाँ साँचोमा ढालेको छ। तर उनीहरूका राजनीतिक उद्देश्यहरूमाथि भने अझै प्रश्नचिह्न खडा भएकै छ र उनीहरूका संरचना र रणनीतिबारे पर्याप्त जानकारी पाइएको छैन। माओवादीका लिखतहरू र उनीहरूका कार्यहरूको साथै अन्तर्वार्ताहरूको व्यापक शृङ्खलामा आधारित माओवादीको पृष्ठभूमिको खोजतलास गर्ने यो प्रतिवेदनले यीमध्ये धेरै कुराको जानकारी उपलब्ध गराउन खोजेको छ। यो खोजीको उद्देश्य नेपालका र अन्तर्राष्ट्रिय समुदायका नीति-निर्माताहरूलाई शान्ति प्रक्रियालाई यथार्थपरक ढङ्गले अघि बढाउनका लागि सूचना र अन्तर्दृष्टि उपलब्ध गराउनु हो।

माओवादीहरू सार रूपमा एउटा राजनीतिक दल हुन्। उनीहरूले सैनिक क्षमताको विकास गरेका छन् तर त्यो राजनीतिक नियन्त्रणको अधीनमा रहेको छ। उनीहरू आतङ्कजन्य कार्यनीति र करकापको प्रयोग गर्छन् तर पनि उनीहरू आतङ्ककारी मात्र भने होइनन्। उनीहरूले उपमहाद्वीपका अन्य कम्युनिस्ट क्रान्तिकारी समूहहरूसँग सम्बन्ध कायम राखेका छन् तर उनीहरू न त खमेर रुजका नेपाली औतार हुन् न त उनीहरूको अभियान कुनै पनि भूमण्डलीय आतङ्कवादको अङ्ग नै हो।

माओवादी रणनीति राजनीतिक र सैनिक दुवै दृष्टिले दीर्घकालीन जनयुद्ध हो। यी दुई कुरालाई अलग्याउन सकिँदैन। उनीहरूमा दीर्घकालीन स्वप्नदृष्टि र धैर्य दुवै छ। राजनीतिक दृष्टिले उनीहरू अत्यन्तै चतुर हुन सक्छन् (जसको उदाहरण सेप्टेम्बर २००५ को एकतर्फी युद्धविरामको घोषणा हो) तर आफ्ना दीर्घकालीन लक्ष्यहरूका हकमा भने उनीहरूले गलत आकलन गर्न पनि सक्छन् (जसको उदाहरण २००५ को सुरुमा नेतृत्वमा रहेका मतभिन्नताहरूको गलत परिचालन हो)।

माओवादीहरू अन्तरकलहको कारणबाट धराशयी हुने सम्भावना छैन। निःसन्देह सर्वोच्च नेतृत्वभित्र खिचातानी छ र कमान्ड तथा नियन्त्रणसम्बन्धी चुनौतीहरू छन् तर यी कुराहरू माओवादीका आत्मघाती कमजोरी भने होइनन्। वैधतारहित सरकारहरूले अख्तियार गरेका सुरक्षाप्रधान कार्यसूचीले माओवादीको स्थितिलाई झनै सुदृढ बनाउने काम गरेको छ।

माओवादी विद्रोहीहरू व्यवहारमुखी र कार्यनीतिक दृष्टिले लचिला छन्। आफूले ठाडो सैनिक विजय प्राप्त गर्न नसक्ने कुरामा उनीहरू सजग छन्, त्यसैले उनीहरूले तत्कालै समाजवादमा सङ्क्रमण गर्न असम्भव छ भन्ने कुरा महसुस गरेका छन्। उनीहरू सम्झौता गर्न एक हदसम्म तत्पर छन्, त्यसैले उनीहरू घरेलु र अन्तर्राष्ट्रिय राजनीतिक शक्तिहरूसँग संवाद गर्न ज्यादै इच्छुक छन्।

माओवादीहरूले १९९६ मा सशस्त्र अभियान थालेदेखि नै राजनीतिक उद्देश्यहरूको प्राप्तिका लागि शक्ति प्रयोग गर्दै आएका छन्। उनीहरूले आतङ्क र करकाप लगायत यातना, हत्या र हिंसाका अन्य स्व••पहरू पनि प्रयोग गर्दै आएका छन्। तर उनीहरू अन्य अनेकौं विद्रोही समूहहरूभन्दा बढी नै संयमित पनि छन्। त्यसैले उनीहरूका हातबाट सीमित मात्रामा नागरिक हताहती भएको छ र उनीहरू सामान्यतः विभेदरहित आक्रमणहरूबाट जोगिएका छन्। उनीहरूले अर्थतन्त्रलाई कमजोर बनाएका भए तापनि यसलाई कामकाजी अवस्थामा रहन दिएका छन् र उनीहरूले कहिल्यै पनि विदेशी नागरिकहरूलाई आक्रमणको निशाना बनाएका छैनन्।

माओवादीहरू घरेलु र अन्तर्राष्ट्रिय जनमतप्रति संवेदनशील छन्। तर, जनयुद्धको दर्शन अँगालेका भए तापनि उनीहरूले जनसमर्थनको भरोसा भने गरेका छैनन्। कुनै पनि शान्ति प्रक्रियामा उनीहरूको संलग्नताको गम्भीरता जोखिम र अवसरहरूसम्बन्धी उनीहरूको धारणाहरूमा निर्भर गर्नेछ। यी धारणाहरूलाई निश्चित आकार दिने कार्यमा अन्तर्राष्ट्रिय समुदायले महत्त्वपूर्ण भूमिका खेल्न सक्नेछ।

वरिष्ठ माओवादी नेताहरू सामाजिक र आर्थिक रूपान्तरणलाई साकार रूप दिने सदिच्छाबाट प्रेरित भएका हुन सक्छन्। घरेलु

रूपान्तरणलाई अघि बढाउने कार्य विश्वक्रान्तिसम्बन्धी उनीहरूको घोषित प्रतिबद्धताभन्दा प्राथमिक कार्य हो। विश्वक्रान्तिप्रति भन्दा नेपालभरिका विकास प्रयासहरूमाथि नियन्त्रण कायम गरी स्थानीय जनताको दैनिक जीवनमाथिको पकडलाई दरिलो पार्नमा उनीहरूको ठूलो चाख छ।

नेपालका मूलधारका राजनीतिज्ञहरूले माओवादीहरूलाई यथार्थपरक ढङ्गले सह्माल्नुपर्छ भन्ने कुरा बुझेको निकै समय भयो। उनीहरू विद्रोहीहरूका धेरैजसो नृशंस आक्रमणहरूको तारो बन्ने स्थानमा रहेका हुनाले माओवादीहरूले राजनीतिक मतभिन्नतालाई आदर गर्छन् भन्ने कुरामा उनीहरूमा कुनै भ्रम छैन। तर साथसाथै आफ्ना कतिपय व्यापक समर्थनप्राप्त मागहरूलाई सम्बोधन गर्ने साझा कार्यक्रमप्रति सहमति प्राप्त गर्ने हेतुले माओवादीहरूलाई राजनीतिक रूपले आफूसित सहकार्य गर्न हौस्याउनका लागि "पापा" र "छडी" दुवै प्रयोग गर्न सकिने सम्भावना पनि उहीहरूले देखेका छन्।

द्वन्द्व अधिकतम प्रक्रियामा माओवादीहरूले व्यवहारवादी तरिकाले कार्य गरेका छन्। उनीहरूले भावी पुनःस्थापना र मेलमिलापका लागि ढोका खुला राख्नुपर्ने कुराको हेक्का राखेर यस प्रयोजनका लागि मूलधारका शक्तिहरूसँग केही न केही संवाद पनि कायम राखेका छन्। उनीहरूले अन्तर्राष्ट्रिय विकास प्रयासहरूप्रति पनि संयमित नीति अपनाएर शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय सहजीकरणका लागि निकै पहिलेदेखि नै आह्वान गरेका छन्।

भर्खरै स्थापित भएको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार नियोगप्रति माओवादी•••••• गरिने व्यवहारबाट उसका प्रवृत्तिहरू र क्षमताहरूको महत्त्वपूर्ण परीक्षण हुनेछ। उक्त व्यवहार•••••• माओवादीले आफू शान्तिका लागि तयार रहेको र सम्झौताबाट प्राप्त हुने समाधानको उपायलाई कार्यान्वयन गर्न सक्षम रहेको कुरा प्रमाणित गर्न सकेको खण्डमा राजनीतिक मूलधार उनीहरूलाई सह्माल्न तयार हुनेछ। सेप्टेम्बर २००५ मा एकतर्फी तीनमहिने युद्धविरामको घोषणा गरिएपछि व्यापक जनताले राहतको सास फेरेको तथ्यका आधारमा मूल्याङ्कन गर्दा नेपालका जनता आफूलाई शान्ति प्रदान गर्ने न्यायोचित सम्झौतालाई समर्थन गर्न तयार रहेको देखिन्छ।

**काठमाडौँ/ब्रसेल्स, २७ अक्टोबर २००५**

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

**एसिया रिपोर्ट नं. १०४** **२७ अक्टोबर २००५**

# नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति

## १. पृष्ठभूमि : माओवाद र नेपाल

जब नेपालका माओवादीहरू अर्थात् नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले १९९६ को फेब्रुअरी महिनामा जनयुद्ध छेडे, त्यो बेला यो सानो चोइटे कम्युनिस्ट समूहले मुठ्ठीभर दुर्गम क्षेत्रहरूमा गडबडी मच्चाउनुबाहेक अ•• केही गर्न सक्नेछैन भनी सजिलै बेवास्ता गरियो। उनीहरूसँग हतियार शून्य बराबर थिए, उनीहरूको एउटा झिनो सङ्गठनात्मक आधार थियो र उनीहरूसँग मिति गुज्रिएको र अयथार्थपरक देखिने रणनीति थियो। तर उनीहरूको आन्दोलन त्यो बिन्दुसम्म विस्तारित भइसकेको छ जहाँ राज्यले नेपालको अधिकतर भूभागमाथिको नियन्त्रण गुमाइसकेको छ।• उनीहरू मूलधारका राजनीतिक दलहरूलाई राजनीतिक दृष्टिले निस्तेज पार्न र परिस्थितिहरू आफ्नो अनुकूल भएका बेलामा हतियार•••••• सुसज्जित शाही नेपाली सेनामाथि सफलतापूर्वक आक्रमण गर्न सक्षम साबित भएका छन्। उनीहरूलाई पराजित गर्न गरिएका एकीकृत प्रयासहरूका सामु उनीहरूको विद्रोह अदम्य साबित भएको छ।

एक शक्तिका रूपमा माओवादीहरूको उदय भए तापनि र नेपालको स्थापित राजनीतिक व्यवस्थामाथि तिनीहरूबाट पैदा हुन गएको खतराप्रति अन्तर्राष्ट्रिय चिन्ता बढिरहेको भए तापनि उनीहरूबारे ज्यादै थोरै जानकारी हुनु आश्चर्यको कुरा हो। यसो हुनाको आंशिक कारण उनीहरूको गोप्य अवस्था हो। भूमिगत आन्दोलनमा जुटेका हुनाले माओवादीहरू आफ्नो सुरक्षाबारे सतर्क छन् र साथै नकारात्मक समाचारहरूमाथि रोक लगाएर आफ्नो सार्वजनिक छवि धमिलो हुन नदिन पनि कटिबद्ध छन्। तर अधिकांश पर्यवेक्षकहरूले माओवादी आन्दोलनको राजनीतिक चुरो पक्डिन आनाकानी गर्नु पनि यसको एउटा कारण हो।•

धेरैजसो कम्युनिस्टहरूझैं नेपालका माओवादीहरू बहु-उर्बर लेखक तथा सिद्धान्तकारहरू भएकाले उनीहरूले थुप्रै लेखहरू लेखेका छन् जसले उनीहरूका लक्ष्यहरू र रणनीतिमाथि प्रकाश पार्छन्। सिपालु प्रचारबाज पनि भएकाले उनीहरूले आफ्नै प्रकाशनहरू सञ्चालन गरेका छन्, एफ.एम. रेडियो स्टेसन चलाएका छन् र आफ्नो दृष्टिकोणलाई अघि बढाउन घरेलु तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूको उपयोग पनि गरेका छन्। धेरैजसो प्रमुख मामिलाहरूका हकमा माओवादीले जे गर्छौं भनेका हुन् त्यही गरेका छन्। उनीहरूका योजनाहरूबारे बुझ्नु विद्रोहीलाई सैन्य दृष्टिबाट बुझ्नु मात्र अति महत्वपूर्ण नभएर उनीहरूलाई व्यवहारमूलक ढङ्गले सह्माल्नु र सम्झौताको माध्यमबाट समाधान निकाल्ने सम्भावित बाटाहरूको रेखाङ्कन गर्नु पनि हो। वास्तवमा माओवादीहरूको सैन्य पक्ष अहिलेसम्म राज्यको सैन्य पक्षभन्दा सक्षम साबित भएको छ।

---

• शाही नेपाली सेना नेपालको अधिकतर भूभागमाथि नियन्त्रण गुमाइसकेको कुरालाई अस्वीकार गर्छ। ऊ भन्छ – "हामीलाई साँच्ची नै के विश्वास छ भने माघ १९ देखि आजसम्ममा हामी राजधानीका निर्दोष नागरिकहरूमाथि माओवादीले थोपर्ने गरेका आतङ्ककारी क्रियाकलापहरूलाई नियन्त्रण गर्न समर्थ भएका छौं। ग्रामीण क्षेत्रको सुरक्षा स्थितिको हकमा के कुरा सत्य हो भने देशभरिका सबै गाउँमा सुरक्षा बलको उपस्थितिलाई विस्तार गर्न हामी समर्थ भएका छैनौं। यसो हुनाको मुख्य कारण जनशक्तिको अभाव हो, तर ग्रामीण क्षेत्रको सुरक्षाजन्य स्थितिमा भने ज्यादै न्यून परिवर्तन भएको छ भन्ने कुरा सत्य होइन। देशका विद्यमान आवश्यकताहरूका कारण शाही नेपाली सेनाको दलबल सुदृढ भएपछि जनतालाई सुरक्षा प्रदान गर्नका लागि प्रतिरक्षात्मक दृष्टिले सैन्यविन्यास गर्न हामी समर्थ हुने हुँदा त्यस बेला हामी सकेसम्म धेरै ग्रामीण क्षेत्रहरूमा बढी सुरक्षा एकाइहरू उपलब्ध गराउने कार्य जारी राख्नेछौं। ...माओवादीहरूको न त कुनै क्षेत्रमाथि नियन्त्रण छ न त उनीहरूका मुक्त क्षेत्रहरू नै छन्।" शाही नेपाली सेनाको मुख्यालय, जनसम्पर्क निर्देशनालयका निर्देशक ब्रिगेडियर दीपक गुरुङद्वारा २० अक्टोबर २००५ मा क्राइसिस ग्रुपका अध्यक्ष ग्यारिथ इभान्सलाई लेखिएको पत्र। उक्त पत्र १५ सेप्टेम्बर २००५ को क्राइसिस ग्रुप एसिया ब्रिफिङ नं. ४१, *Nepal: Beyond Royal Rule* को प्रत्युत्तरस्वरूप लेखिएको हो।

• अप्रिल २००३ देखि नेपालको द्वन्द्वबारे जानकारी गराउँदै आएको क्राइसिस ग्रुपले तयार पारेका सामग्रीहरू www.crisisgroup.org मा उपलब्ध छन्। माओवादी आन्दोलनको सम्बन्धमा बढ्दो मात्रामा लेखिँदै गरेका सामग्रीहरू पनि उपलब्ध छन्। फेब्रुअरी २००४ भन्दाअघि प्रकाशित महत्त्वपूर्ण सामग्रीहरू रमेश पराजुलीद्वारा सङ्कलित नेपालको माओवादी आन्दोलन सन्दर्भ ग्रन्थ (काठमाडौँ : मार्टिन चौतारी, २००४) मा समावेश गरिएका छन्। माओवादी विद्रोहको पृष्ठभूमिसम्बन्धी अङ्ग्रेजी भाषाका सामग्रीहरूमा दीपक थापाद्वारा सम्पादित *Understanding the Maoist Movement of Nepal* (काठमाडौँ : मार्टिन चौतारी, २००३), कार्की र सेडनद्वारा सम्पादित *The People's War in Nepal: Left Perspective,* (दिल्ली : एडरोइट, २००३), दीपक थापा र बन्दिता सिजापति, *A Kingdom under Siege: Nepal's Maoist Insurgency, 1996 to 2003* (काठमाडौँ : द प्रिन्टहाउस, २००३), माइकल हटद्वारा सम्पादित *Himalayan People's War* (लन्डनः हर्स्ट एन्ड कम्पनी, २००४)। लेख, नीतिपत्रहरू, प्रेस वक्तव्यहरू र अन्तर्वार्ताहरू लगायत थुप्रै माओवादी दस्ताबेजहरू इन्टरनेटमा, खास गरेर www.cpnm.org. मा उपलब्ध छन्। माओवादीहरूले पुस्तकाकारमा दुईओटा उपयोगी सङ्कलनहरू पनि प्रकाशित गरेका छन्। ती हुन् : *Some Important Documents of Communist Party of Nepal (Maoist)* (जनदिशा प्रकाशन, २००४) र *Problems and Prospects of Revolution in Nepal* (जनदिशा प्रकाशन, २००४)।

पृष्ठभूमिसम्बन्धी यो रिपोर्टमा माओवादी स्वयंका धेरै लेखहरू र वक्तव्यहरूको साथसाथै अन्य थुप्रै सामग्रीहरू प्रयोग गरी तीनओटा आधारभूत प्रश्नहरूको जाँच गरिएको छ :

- नेपालका माओवादीहरू को हुन् र उनीहरू के हासिल गर्न चाहन्छन्? के उनीहरू साँच्ची नै माओवादी हुन्? विद्रोहको केन्द्रमा राजनीति रहेको हुन्छ, त्यसकारण सशस्त्र सङ्घर्षको औचित्य बुझ्नका लागि माओवादी लक्ष्यहरू तथा राजनीतिक संस्कृतिबारे बुझ्नु अत्यावश्यक छ। यसो गर्नाले माओवादीहरूका कार्यक्रमका तर्कसङ्गत तत्त्वहरूलाई सम्बोधन गरी उनीहरूलाई संसदीय राजनीतिको ढाँचाभित्र ल्याउने प्रयासहरूमा सघाउसमेत पुग्छ।

- आन्दोलनलाई कसरी सङ्गठित गरिएको छ र यसको नेतृत्व कसरी गरिएको छ? कागजमा त संरचना सरल छ, जस्तो कि पार्टी, सेना र संयुक्त मोर्चा। तर माओवादीहरू ऐतिहासिक नजिरहरूबाट विचलित भएका हुनाले उनीहरूको सिद्धान्त र व्यवहारको बीचमा बेमेल प्रकट भएको पाइन्छ। स्रोतहरू, समर्थनको आधार र नियन्त्रणसम्बन्धी प्रश्नहरूले पनि माओवादीहरूका सबलताहरू र दुर्बलताहरू सम्बन्धमा सुराक दिन्छन्।

- माओवादीहरूका रणनीति र कार्यनीतिहरू के हुन्? के तिनमा सम्झौता•••••• शान्तिको बाटोमा अवतरण गर्ने सङ्केतहरू छन्? नाममा त दीर्घकालीन जनयुद्धको समग्र रणनीति सुपरिचित नै छ तर यसलाई सन्दर्भ राखेर बुझ्नु जरुरी छ। हामी रणनीतिक आक्रमणको अन्तिम चरणमा प्रवेश गरेका छौं भनी माओवादीहरूले गरेको सार्वजनिक उद्घोषणमा सैनिक विजय प्राप्त गर्ने आत्मविश्वास अन्तर्निहित छ। तर वास्तवमा माओवादीको आन्तरिक राजनीतिले भने पार्टीलाई सम्झौता गर्ने राम्रो स्थितिमा राखिदिएको तथ्यलाई इङ्गित गर्ने अनेकौं लक्षणहरू देखा पर्छन्।

माओवादीहरू स्वयंले परस्परविरोधी देखिन आउने वक्तव्यहरूको चाङ लगाएर आफ्ना सच्चा उद्देश्यहरूलाई अन्यौलको कुहिरोमा पारेका छन्। उनीहरू आफूलाई अझै पनि चीनको सन् साठीको दशकको उपद्रवकारी सांस्कृतिक क्रान्तिको उत्तरदानको दाबी गर्नमा गौरव गर्छन् तर साथसाथै उनीहरू भावी राज्यको हकमा आफ्नो दृष्टिकोण सर्वसत्तावादी नहुने कुरामा पनि दोहोऱ्याई-दोहोऱ्याईकन जोड दिन्छन्। नेपालमा पहिले "पुँजीवादी जनवादी क्रान्ति" पूरा गर्ने अनि त्यसपछि सच्चा बहुदलीय जनवाद स्थापना गर्ने धारणाले शीघ्र "सर्वहारा वर्गको अधिनायकत्व" स्थापना गर्ने उनीहरूको आह्वानको स्थान लिएको छ।•

माओवादीहरूले राष्ट्रसङ्घीय मानवअधिकार अनुगमन नियोगको स्थापनाको स्वागत गर्दै आफूले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने बाचा गरेका छन्।• बाहिरी विश्वसमक्ष प्रस्तुत गरिएका यी अनेकौं अनुहारहरूमध्ये माओवादीको सच्चा अनुहार कुन हो? माओवादीका दृष्टिकोणहरू जुन गतिमा परिवर्तन भइरहेका छन् त्यसले उनीहरूका अन्तिम अभिप्रायहरूबारे बताउने कुरा के हो? यी प्रश्नका निश्चित उत्तरहरू छैनन्। वास्तवमा नेकपा (माओवादी) भित्र चलिरहेका बहसहरूले के कुराको सङ्केत दिन्छन् भने माओवादीहरू स्वयंले अन्तिम उत्तरहरूको नि••पण गर्न बाँकी नै छ। तर यो रिपोर्टमा ती सबुतहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ जसबाट कम्तीमा पनि माओवादीका अभिप्रायहरू र क्षमताबारे अलि राम्ररी सुसूचित भएर आकलन गर्न सकियोस्।

यो रिपोर्टको क्षेत्र सीमित छ। माओवादीहरूलाई आफ्नो अडान के हो भन्ने कुरा उनीहरूकै शब्दमा व्याख्या गर्ने ठाउँ दिँदै क्राइसिस ग्रुपले लिएका अन्तर्वार्ताहरू लगायत दर्जनौं प्रकाशित तथा निजी स्रोतहरूको आधारमा तयार पारिएको यो रिपोर्ट निर्णय दिने प्रकृतिको नभएर विश्लेषणात्मक प्रकृतिको छ।• यसो गर्दा यो रिपोर्टमा कुनै पनि दृष्टिकोणलाई अनुमोदन गर्नुको सट्टा उपलब्ध प्रमाणहरूको ऐनामा माओवादीहरूका कथनहरूको परीक्षण गर्न मात्र खोजिएको छ, यद्यपि यी धेरैजसो स्रोतहरूको हकमा यिनीहरू अवश्यम्भावी रूपले अपर्याप्त र आत्महितमुखी छन्।

तथापि, माओवादीका प्रकाशित सामग्रीहरू ध्यानपूर्वक पढ्ने हो भने यिनबाट आन्दोलनको राजनीतिक संस्कृति तथा रणनीतिक उद्देश्यहरूबारे तर्कसङ्गत मार्गदर्शन उपलब्ध हुन आउँछ, यद्यपि सैनिक झडप र राजनीतिक उपलब्धिहरू जस्ता विषयहरूसित सम्बन्धित वक्तव्यहरू भने प्रचारबाजीका लागि प्रायोजित गरिएका हुनाले तिनलाई केही सन्देहका साथ हेर्नु जरुरी छ। माओवादीहरूले आफ्नो उज्यालो छविको चित्रण गर्नमा ज्यादै नै रुचि राख्ने गरेको कुरा त यसै बुझिन्छ, त्यसकारण उनीहरूका आफ्नै पङ्क्तिहरू माझको अनुशासन वा अन्तर्राष्ट्रिय कानुनहरूको उल्लङ्घनसम्बन्धी विषयहरू विरलै मात्र बाहिर ल्याइन्छन्। नब्बेको दशकको सुरुदेखि माओवादीको रणनीति निकै नै सङ्गतियुक्त रहिआएको हो, तर उनीहरूले आफ्ना कार्यनीतिहरूलाई बदलिँदो परिस्थितिअनु••प ढाल्ने गरेका हुनाले पर्यवेक्षकहरू अक्सर अन्यौलमा पर्दछन्। भविष्यमा विशिष्ट मुद्दाहरू सम्बन्धमा बढी विस्तारपूर्ण रिपोर्ट तयार पार्ने आधार बन्न सकोस् भन्ने अभिप्रायले यो रिपोर्ट अन्तर्निहित राजनीति र संरचनागत कारकहरूबारे पृष्ठभूमिजन्य मार्गदर्शन उपलब्ध गराउनमा नै केन्द्रित रहेको छ।

• प्रचण्ड, प्रेस वक्तव्य, १० मे २००५।

• प्रचण्ड, प्रेस वक्तव्य, १३ अप्रिल २००५।

• "जनयुद्ध", "जनसरकार", "जनमुक्ति सेना" आदि जस्ता माओवादी पदावलीहरू अक्सर उद्धरण चिह्नबिना नै प्रयोग गरिएका छन्।

# २. माओवादी राजनीति

## क) राजनीतिक कार्यक्रम

### १. नौलो जनवाद

नेकपा (माओवादी) को सशस्त्र सङ्घर्षको आधारभूत उद्देश्य राज्यसत्ता कब्जा गरेर "नौलो जनवाद" को स्थापना गर्नु हो।• "नौलो जनवाद" सम्बन्धी धारणा माओ जेदोङ विचारधाराबाट उत्तराधिकारमा लिइएको हो। यो धारणा लेनिन, ट्राट्स्की र स्टालिनका विचारहरूको जगमा निर्माण भएको हो। "नौलो जनवादी क्रान्ति" ले बुर्जुवा प्रभुत्वका शास्त्रीय मार्क्सवादी चरणहरू ("पुरानो जनवाद") बाट सर्वहारावादी प्रभुत्व (नौलो जनवाद) मा सङ्क्रमण गर्ने प्रक्रियालाई जनाउँछ।• १९३० को दशकको चीनमा र नेपालको हालको माओवादी विश्लेषणमा झैं जुन समाजमा पुँजीवादी जनवादी क्रान्तिले पूर्णता प्राप्त गरेको छैन त्यो समाजका लागि नौलो जनवादी क्रान्तिमा पुँजीवादी (बुर्जुवा) प्रभुत्व र सर्वहारा प्रभुत्वका चरणहरू समाहित भएका हुन्छन्। यसमा "निरन्तर क्रान्ति" को लेनिनवादी सिद्धान्त थपिँदा यसबाट आफ्नो सङ्घर्षसम्बन्धी नेपाली माओवादीको भविष्यदृष्टिको निर्माण हुन पुग्छ :

> यो योजना सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त पारेर नौलो जनवादी क्रान्तिलाई पूरा गर्ने उद्देश्यमा आधारित हुनेछ। त्यसपछि लगतै यो प्रक्रिया समाजवादतर्फ लम्कने छ र सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तमा आधारित सांस्कृतिक क्रान्तिको माध्यमबाट समस्त मानवजातिको सुनौलो भविष्य अर्थात् साम्यवादतर्फ अघि बढ्ने छ।•

जनयुद्धको थालनी गर्दा माओवादीले नागरिकहरूका नाममा जारी गरेको अपिलमा "मानवजातिलाई वर्गीय शोषणको जुवाबाट सधैँका लागि मुक्त गर्ने मार्क्सवाद-लेनिनवाद-माओवादको सर्वशक्तिमान विचारधारा" अनुसार "यो प्रतिक्रियावादी राज्यसत्तालाई बलपूर्वक ध्वस्त पारेर नौलो जनवादी राज्यसत्ताको स्थापना गर्ने" आफ्नो दृढनिश्चय भएको कुराको घोषणा गरेका थिए।•

यो प्रक्रियाको निगरानी गर्नका निमित्त कस्तो "अधिनायकत्व" को आवश्यकता पर्ला भन्ने प्रश्नको उत्तरमा परम्परागत मार्क्सवादी "सर्वहारा वर्गको अधिनायकत्व" को स्थान "जनताको जनवादी अधिनायकत्व" नामक वर्गीय सम्मिश्रणयुक्त माओवादी धारणाले लिने कुरा अघि सारिएको छ। "नौलो जनवादी वा जनताको जनवादी गणतन्त्रको आधारभूत चरित्र कस्तो हुनेछ भने यो सर्वहारा वर्गको नेतृत्वअन्तर्गत मजदुर-किसानको सहकार्यमा आधारित राष्ट्रिय पुँजीपति तथा उत्पीडित जाति-जनजातिहरू समेत सबै प्रगतिशील वर्गहरूको सहभागिता भएको जनताको जनवादी अधिनायकत्व हुनेछ।"••

नौलो जनवादसम्बन्धी धारणा माओवादीहरूका लागि अपरिहार्य कुरा हो। १९९० को दशकको सुरुमा नेपालका सबैजसो कम्युनिस्ट समूहहरूका लागि यो साझा लक्ष्य थियो। बहुदलीय प्रजातन्त्र यो लक्ष्यमा पुग्ने एउटा चरण हुनसक्ला भन्ने उनीहरूमध्ये धेरैको विश्वास थियो – "यो बाटोमा कसरी यात्रा गर्ने हो र नौलो जनवादका राजनीतिक संस्थाहरू कति बहुलवादी हुनुपर्ने हो भन्ने कुरामा भने मतभेद थियो।"•• जब नेपालको नरम कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) अर्थात् एमालेले बहुदलीय जनवाद अवलम्बन गऱ्यो, माओवादीले भने बहुदलीय प्रणालीप्रतिको आफ्नो विरोधलाई झनै कठोर तुल्यायो, जुन दिशातर्फ नेपाल अघि बढिरहेको थियो।•• माओवादका प्रमुख विचारशिल्पी बनेका बाबुराम भट्टराईसँग सेप्टेम्बर १९९० मा अन्तर्वार्ता लिँदा उनले संसदीय प्रजातन्त्र र सुधारिएको प्रणालीसम्बन्धी योजनाहरूको आलोचना गर्नुको कारण यस प्रकार बताएका थिए :

> संसदीय प्रजातन्त्रमा सम्पत्तिको पुनर्वितरण गरिँदैन, केवल स्वतन्त्र प्रतिस्पर्धाको वकालती मात्र गरिन्छ। असमान

---

• यो रिपोर्टमा जनवादलाई "जनताको जनवाद" को रूपमा अनुवाद गरी Martin Hoftun, William Raeper र John Whelpton द्वारा लिखित *People, Politics and Ideology* (काठमाडौँ, १९९९), पृ. २००, २३८ लाई अनुसरण गरिएको छ। यसो गर्दा नेपाली भाषामा प्रयोग गरिने जनवाद र प्रजातन्त्रबीचको भिन्नता यसमा उजागर हुन्छ। यी दुवै शब्दलाई अङ्ग्रेजीमा "डेमोक्रेसी" भनेर मात्र अनुवाद गर्न सकिन्छ, तर नेपालीमा भने यी दुई शब्दको निहितार्थ एकदमै फरक छ। यो तस्बिरलाई थप जटिल बनाउँदै मूलधारका राजनीतिज्ञहरूमा प्रजातन्त्रको सट्टा लोकतन्त्रको प्रयोग गर्न रुचाउने क्रम बढिरहेको छ। प्रजा ("सन्तान" वा "रैती") शब्दमा पितृसत्तात्मक जनिने अर्थ निहित छ भने लोकको अर्थचाहिँ "जनता" हो। त्यसैले लोक शब्दमा होच्याउने खालको अर्थको भार कम छ।

• Stuart Schram को *The Thought of Mao Tse-tung* (क्याम्ब्रिज, १९८९), पृ. ७६, ७९ मा नौलो जनवादसम्बन्धी माओको धारणाको सङ्क्षिप्त तर आधिकारिक व्याख्या फेला पार्न सकिन्छ। माओ स्वयंको यस विषयको प्रजनक निबन्धचाहिँ नौलो जनवादबारे (१९४०) हो। उक्त निबन्ध Jacobs र Baerwald द्वारा सम्पादित *Chinese Communism: Selected Documents* (न्युयोर्क, १९६३), पृ. ६६-७७ मा पुनः प्रकाशित गरिएको छ।

• Some Important Documents of Communist Party of Nepal (Maoist) मा समावेश गरिएको "जनयुद्धको ऐतिहासिक पहलसम्बन्धी सैद्धान्तिक प्रस्तावनाहरू" (जनदिशा प्रकाशन, २००४)। पार्टीको केन्द्रीय समितिद्वारा सेप्टेम्बर १९९५ मा पारित "जनयुद्धको ऐतिहासिक पहल" नामक दस्तावेजबाट लिइएका उद्धरणहरू।

• "जनताका नाममा नेकपा (माओवादी) को अपिल : प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारेर नौलो जनवादी राज्यसत्ताको स्थापना गर्ने जनयुद्धको बाटोमा अघि बढौँ", ऐ.ऐ.। यो फेब्रुअरी १९९६ मा विद्रोहको थालनी गर्ने क्रममा नेकपा (माओवादी) द्वारा नेपालभरि वितरण गरिएको पर्चा हो।

•• संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालको साझा न्यूनतम नीति तथा कार्यक्रम, धारा १।

•• Martin Hoftun र अरूहरू, माथि उल्लेखित, पृ. २३८।

•• पहिले भूमिगत रहेका राजनीतिक दलहरूको गठबन्धनको नेतृत्वमा सञ्चालन भएको जनआन्दोलनले तीन दशकदेखिको निरङ्कुश राजतन्त्रीय शासनलाई अन्त गरिदियो। अप्रिल १९९० मा राजा वीरेन्द्रले प्रदर्शनकारीहरूको पञ्चायतको अन्त गर्ने मागसामु घुँडा टेके, अनि नोभेम्बर १९९० मा नयाँ बहुदलीय संविधान जारी गरियो। हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं.९९, *Towards a Lasting Peace in Nepal: The Constitutional Issues*, १५ जून २००५।

> मानिसहरूका बीचमा हुने स्वतन्त्र प्रतिस्पर्धा स्वम्भवतः बढी शक्तिशाली मानिसहरूका पक्षमा हुन्छ। यो नौलो जनवादी क्रान्ति सम्पन्न भएपछि हामी लगत्तै सम्पत्तिको पुनर्वितरण गर्नेछौँ। हामी सबै भूसम्पत्ति जफत गरी उक्त सम्पत्ति गरिबहरूमाझ पुनर्वितरण गर्नेछौँ। राजनीतिक संस्थाहरू भने उनै रहन सक्छन्। राजनीतिक स्वतन्त्रतामा हाम्रो विश्वास छ। हामी निर्वाचन गराउनेछौँ, तर अहिलेसम्मका निर्वाचनहरूमा भने पैसाको प्रभुत्व रहिआएको छ।••

माओवादीको सोचाइ यो आधारभूत कार्यदिशाको बढी क्रान्तिकारी र मलुवा क्रान्तिकारी संस्करणको बीचमा यता र उता हल्लिने गरेको छ।•• तर उनीहरूले परिस्थितिले माग गरेको खण्डमा कडा मागहरूलाई त्यागेर लचिलोपना प्रदर्शन गर्ने गरेका छन्। उदाहरणका लागि, २००३ मा सरकारसँग भएको दोस्रो शान्ति वार्तामा उनीहरू विदेशी पुँजीलाई समाहित गर्ने जस्ता आधारभूत आर्थिक नीतिगत उपायहरूमा सम्झौता गर्न तत्पर भए, जुन पुँजीलाई उनीहरू अन्यथा साम्राज्यवादी र "दलाल" पुँजी भन्ने संज्ञा दिने गर्थे।••

माओवादीहरूमा राष्ट्रवादले हिंसात्मक सङ्घर्षका लागि एकताबद्ध तुल्याउने भावनात्मक तत्वको काम गर्छ भन्ने विश्वास छ - "नेपाली जनता राष्ट्रवादको प्रश्नप्रति ज्यादै सचेत र संवेदनशील छन् र ...उनीहरू विदेशीहरूका दबाबहरूसामु झुक्नुभन्दा बरु लडेर ज्यानको आहुति दिन गौरव ठान्छन्।"•• माओवादीहरूले जनसमर्थन प्राप्त गर्नका निम्ति जात र जनजातिहरूका पीरमर्काहरूलाई पनि व्यापक रूपले प्रयोग गर्ने गरेका छन्। उनीहरूले मध्यमवर्गको समर्थन प्राप्त गर्नका निमित्त निजी विद्यालयहरूको चर्को शुल्कलाई राजनीतिक क्रियाकलापहरूको निसानाका रूपमा रोज्ने गरेका छन्। विदेशी सहयोगको लगानी भएका विकास आयोजनाहरूप्रतिको अपेक्षाकृत खुलापना र महत्वपूर्ण आर्थिक सवालहरूप्रतिको मिश्रित भावनाहरूले पनि उनीहरूको बढी व्यवहारमुखी दृष्टिकोणलाई इङ्गित गर्छन्।

## २. तत्कालीन मागहरू

माओवादीहरूले जनयुद्ध प्रारम्भ गर्नुभन्दा ठीकअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष चालीस सूत्रीय माग पेस गरेका थिए। मागका प्रमुख बुँदाहरू प्रत्यक्ष रूपले राष्ट्रवादसित सम्बन्धित थिए।•• चारओटा माग १९५० को शान्ति र मैत्री सन्धिमा निहित "असमान सन्धि-सम्झौताहरू" हटाइनुपर्ने (यद्यपि सन्धि स्वयंको खारेजीको भने माग गरिएको थिएन)••, १९९६ को जलस्रोतसम्बन्धी महाकाली सन्धिको खारेजी,•• नेपाल-भारत सिमानाको नियन्त्रण र भारतमा दर्ता भएका कारहरू नेपालमा चलाउन प्रतिबन्ध लगाइनुपर्ने जस्ता मागहरू किटानीसाथ भारतमाथि लक्षित मागहरू थिए। अनि अन्तिम मागचाहिँ "साम्राज्यवादी तथा विस्तारवादीहरूको सांस्कृतिक प्रदूषण" रोकियोस् भन्ने नैतिकतावादी माग थियो जसको प्रमुख अर्थ "भारतीय अश्लील फिल्महरू, भिडियो क्यासेटहरू र पत्रपत्रिकाहरूको आयात र वितरणमाथि रोक लगाइयोस्" भन्ने थियो।

यीमध्ये कुनै पनि मागलाई खास रूपले माओवादी माग भनी बयान गर्न सकिँदैन किनभने यीमध्ये धेरैजसो मागहरू विभिन्न राजनीतिक कोणबाट घरिघरि अघि सारिएका मागहरूमा पर्दछन्। अन्य राष्ट्रवादी मागहरूमा मूलतः आर्थिक मागहरू थिए, जस्तो कि विदेशी (बेलायती र भारतीय) सेनामा गोरखालीहरूलाई भर्ती गर्ने कार्य रोकियोस् र भर्ती हुनेहरूलाई "मर्यादापूर्ण रोजगारी" को व्यवस्था गरियोस्, विदेशी प्राविधिकहरूलाई नेपालीहरूलाई भन्दा बढी प्राथमिकता नदिइयोस्, "विदेशी पुँजीको एकाधिकार" रोकियोस्, भन्सार महसुलहरूबाट "देशको आर्थिक विकासलाई पर्याप्त आम्दानी" उपलब्ध होओस्, तथा "गैसस र अगैससका नाममा साम्राज्यवादी तथा विस्तारवादीहरू•••••• चलाइने घुसखोरी प्रथा रोकियोस्।"

पहिलो पटकको असफल भएको सम्झौता वार्तामा प्रस्तुत गरिएका गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको निर्वाचनजस्ता माओवादीका प्रमुख मागहरू मूलतः अटल रहेका छन्। तर फेब्रुअरी २००५ मा शाही विप्लवपछि वार्तामा राजालाई समावेश गर्ने उनीहरूको तत्परता घटेको छ र उनीहरू मूलधारका राजनीतिक दलहरूलाई अन्तरिम सरकारमा सङ्क्रमण गर्ने विचारलाई स्वीकार गर्न दबाब दिँदै आएका छन् (जुन सरकारमा आफूले प्रमुख भूमिका खेल्ने उनीहरूको आशा छ)। उनीहरूले मूलधारबाट संविधानसभाको धारणाप्रति निकै नै ठूलो समर्थन पाइसकेका छन् यद्यपि संविधानसभासम्बन्धी उनीहरूको ढाँचा के-

•• Martin Hoftun र अरूहरू, माथि उल्लेखित, पृ. २३९।

•• बहुलवादी राजनीतिक संस्थाहरूसम्बन्धी "कडा" र "नरम" कार्यदिशाहरू तथा शान्तिको खोजीमा तिनको महत्वबारे तल छलफल गरिएको छ।

•• माओको विश्लेषणमा प्रयोग गरिएको र नेपाली माओवादीहरूका दस्तावेजहरूमा अनुसरण गरिएको "दलाल" शब्दले विदेशी पुँजी वा सरकारहरूका पिछ्लग्गुका रूपमा रहेका घरेलु मध्यस्थहरू वा अंशियारहरूलाई जनाउँछ जसले राष्ट्रिय अर्थतन्त्रलाई साम्राज्यवादी तथा विदेशी पुँजीको अधिनस्थ तुल्याउने काम गर्छन्।

•• मार्च १९९५ मा नेकपा (माओवादी) को तेस्रो पूर्ण बैठकद्वारा पारित दस्तावेज "नेपालमा सशस्त्र सङ्घर्षको रणनीति र कार्यनीतिहरू"। यो भावनाको अधिकतम अंश भारतले नेपालमा प्राय:जसो खेलेको भूमिकाबाट उत्पन्न रोषप्रति लक्षित छ।

•• चालीस सूत्रीय मागहरूको राष्ट्रियताको साथै राजनीतिक, आर्थिक र सामाजिक किताहरूको पृथक् जानकारीका लागि *An Overview of Recent Armed Conflict in Nepal* काठमाडौं नेपाल, पृ. ९७ मा हर्क गुरुङ, आनन्द आदित्य, सुरेन्द्र केसी, चुडाबहादुर श्रेष्ठ र सुधीर शर्माका लेखहरू पढ्नुहोस्। माओवादीहरूका आफ्नै किताबमा भने "राष्ट्रवादसित सम्बन्धित मागहरू", "जनकल्याणसित सम्बन्धित मागहरू" र "जनजीविकासित सम्बन्धित मागहरू थिए"।

•• उक्त सन्धिको पाठ http://www.nepaldemocracy.org/documents/ treaties_ agreements/indo-nepal_treaty_peace.htm. मा उपलब्ध छ।

•• उक्त सन्धिको मूल पाठ http://www.nepaldemocracy.org/ documents/ treaties_agreements/indo-nepal_treaty_mahakali.htm. मा उपलब्ध छ।

कस्तो हो भन्ने कुराको व्याख्या भने गरिएको छैन, त्यसकारण यसमा थुप्रै छिद्रहरू हुन सक्ने सम्भावना छ।••

### ३. राजतन्त्रप्रतिको दृष्टिकोण

गणतन्त्र माओवादीको एक अन्तिम लक्ष्य हो। तर चालीस सूत्रीय मागपत्रमा यो प्रश्नलाई सोझै नउठाएर "जननिर्वाचित प्रतिनिधिहरू•••••• मस्यौदा गरिने" नयाँ संविधान र सेना, प्रहरी र प्रशासनलाई "जनताको नियन्त्रणमा राख्ने" व्यवस्थाको माग गरिएको छ। राजतन्त्रसम्बन्धी एउटै मात्र प्रत्यक्ष भनाइका रूपमा "राजा र उनका परिवारका सबै विशेषाधिकार र विशेष सुविधाहरूको अन्त्य गरियोस्" भन्ने कुरा परेको छ।

नेकपा (माओवादी) को आफूभन्दा ठीक अगाडिको पूर्वज नेकपा (एकता केन्द्र) ले "राजावादी संसदीय बहुदलीय प्रणाली" को विरोध गर्दै १९९० को जनआन्दोलनको वास्तविक उद्देश्य "राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गर्नु" हो भनी आफ्नो विचार प्रकट गरेको थियो।•• दुई वर्ष सशस्त्र विद्रोह चलाएपछि नेकपा (माओवादी) ले दोहोऱ्याएर भन्यो, "नेपाली समाजमा राजा र राजतन्त्रले गहिरो जरा गाडेका छन् भन्ने प्रतिक्रियावादीहरूको विश्लेषण साँचो होइन। ...वर्ग विभाजनको विकासको खास चरणमा केन्द्रीकृत सामन्ती राज्यको उदय भएपछि मात्र पुरस्कार र दण्ड प्रथाको अभ्यास तथा दैवी सिद्धान्तका आधारमा अस्वाभाविक रूपले राजा र राजतन्त्र थोपर्ने प्रयास गरिएको हो।"••

तथापि २००३ मा शान्ति वार्ताको क्रममा भने माओवादीहरूले हामी स्वतन्त्र रूपले निर्वाचन गरिने संविधानसभाको समर्थन गर्छौं र हामी बलको सहाराले आफ्नो नीति थोपर्ने छैनौं भने। "विभिन्न राजनीतिक शक्तिहरू राजतन्त्र र अन्य प्रगतिशील मुद्दाहरूबारे आ-आफ्ना विचार लिएर जनतामा जान सक्छन् र जनताको अन्तिम फैसला सम्बन्धित सबैका लागि स्वीकार्य हुनेछ।"•• सन् २००१ र २००३ का दुवै शान्ति वार्तामा माओवादीहरू•••••• राजतन्त्र विशुद्ध रूपले सेरेमोनियल भएको खण्डमा त्यसको भूमिकाको निरन्तरतालाई आफूले स्वीकार गर्ने सम्भावनाको सङ्केत दिइएको थियो। तर फेब्रुअरी २००५ को शाही कदम र दरबार तथा मूलधारका दलहरूबीचमा बढिरहेको फाटोका कारण क्रमशः झन्झन् कठोर भाषाको प्रयोग हुन थाल्यो।•• तर विद्यार्थी राजनीतिमा र नेपाली काङ्ग्रेस तथा नेकपा (एमाले) नेतृत्वका केही अङ्गहरूमा हुन गएको दरिलो गणतन्त्रवादी भावनाको उदयले माओवादीहरूलाई आफूले रुचाएका कार्यनीतिहरूलाई अघि बढाउन सघाउ पुऱ्यायो।

गणतन्त्र नेकपा (माओवादी) को चाहना भए तापनि उसले यो माग एकतर्फी रूपले आफूले अगाडि धकेल्नुभन्दा मूलप्रवाहका राजनीतिज्ञहरू•••••• यसलाई अघि बढाउन प्रोत्साहित गर्नु धेरै नै प्रभावकारी हुने कुरा महसुस गरेको छ।••

पार्टी अध्यक्ष तथा सर्वोच्च नेता प्रचण्ड आत्मविश्वासका साथ दाबी गर्छन्, "पार्टी संविधानसभा•••••• गणतन्त्रात्मक स्व••पलाई संस्थागत गर्न चाहन्छ र स्वतन्त्र तथा निष्पक्ष निर्वाचनबाट नेपाली जनताको जनादेश गणतन्त्रको पक्षमा आउने कुरामा विश्वस्त छ।"•• साथसाथै मूलधारका वरिष्ठ राजनीतिज्ञहरूलाई माओवादीले विशेषतः सेनामाथि कुनै पनि पकड नभएको सेरेमोनियल राजतन्त्रलाई स्वीकार गर्ला भन्ने कुरामा अझै पनि विश्वास छ।••

### ख) आर्थिक कार्यक्रम

माओवादीको दृष्टिमा राजनीतिक संस्थाहरू सामाजिक तथा आर्थिक संरचनामा दूरगामी रूपान्तरण ल्याउने साधनहरू मात्र हुन्। गणतन्त्र र नयाँ संविधान जस्ता शीर्षस्थ मागहरूमाथि बढि केन्द्रित भएकाले अक्सर माओवादीहरूको ध्यान उनीहरूको आर्थिक र सामाजिक लक्ष्यहरूबाट पन्छिन पुगेको छ। तीमध्ये धेरैजसो लक्ष्यहरूबारे यहाँ केही विस्तारका साथ बयान गरिएको छ। यी विषयप्रतिको माओवादी दृष्टिकोणले उनीहरूको आन्दोलनको प्रकृतिलाई झल्काउँछ र कदाचित् सत्ता प्राप्त गरेको खण्डमा उनीहरूका आर्थिक र सामाजिक कार्यक्रम के-कस्ता होलान् भन्ने कुराको सुराक दिन्छ।

उनीहरूका आर्थिक योजनाहरू दरिलो राष्ट्रिय खाकाभित्र पुँजीवादी तत्त्वहरूलाई समाहित गर्ने विकासे ढाँचाको हुनेछ। यसमा स्तालिनवादी नियन्त्रित अर्थतन्त्रभन्दा पनि भारत, श्रीलङ्का र मिश्र जस्ता देशहरूमा लागू गरिएको उत्तर-औपनिवेशिक "मिश्रित अर्थतन्त्र" को झलक पाइन्छ। यस सन्दर्भमा आधारभूत विचार के हो भने अर्थतन्त्रका "नियन्त्रणकारी तत्त्वहरू" राज्य••••••

•• क्राइसिस ग्रुपको नेपाल स्थायी शान्तिको दिशातर्फ भन्ने रिपोर्ट हेर्नुहोस्, माथि उल्लेखित।

•• नेकपा (एकता केन्द्र) को राजनीतिक कार्यदिशा।

•• नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का केही महत्वपूर्ण दस्ताबेजहरूमा "जनयुद्धका अनुभवहरू र केही महत्वपूर्ण प्रश्नहरू", माथि उल्लेखित। (अगस्त १९९८ मा पार्टीको केन्द्रीय समितिको चौथो विस्तारित बैठकद्वारा पारित निर्णयबाट लिइएको उदाहरण।)

•• हेर्नुहोस् शान्ति वार्ताका लागि नेकपा (माओवादी) द्वारा अघि सारिएको प्रस्तावको कार्यकारी सारांश।

•• "राजा र दल : भेट नहुने बाटोतिर", *हिमाल खबरपत्रिका*, ३० मे २००५।

•• "निरङ्कुश राजतन्त्र विरुद्ध आधा शताब्दीभन्दा धेरै समयदेखि चलिरहेको नेपाली जनताको प्रजातान्त्रिक आन्दोलन यतिखेर उत्कर्षतर्फ अघि बढिरहेको छ। जनगणतन्त्रका निमित्त नेकपा (माओवादी) को आठ वर्ष लामो जनयुद्धले विशाल ग्रामीण क्षेत्रहरूबाट राजतन्त्रका सामन्ती सामाजिक, आर्थिक तथा सांस्कृतिक जराहरूलाई साँच्ची नै निमिट्यान्न पारिदिएको छ भने यतिन्जेलसम्म संवैधानिक राजतन्त्रप्रति प्रतिबद्ध रहिआएका प्रमुख संसदीय दलहरूमा आबद्ध विद्यार्थीहरू अब गणतन्त्रको नारातर्फ अग्रसर भई सहरी क्षेत्रहरूमा आन्दोलनलाई जोडतोडका साथ अघि बढाइरहेका छन्। राजतन्त्रको उन्मूलन र गणतन्त्रको संस्थागतकरणका लागि प्रजातान्त्रिक आन्दोलनका दुई धार अर्थात् क्रान्तिकारी र संसदीय धारको ऐतिहासिक सङ्गमबाट देशको राजतन्त्र विरोधी प्रजातान्त्रिक आन्दोलनलाई पूर्णता दिने शानदार सम्भावनाको द्वार खुलेको छ।" "Relevance of Monarchy in Nepal", नेपाली जनअधिकार सुरक्षा समिति, भारत, नयाँ दिल्लीद्वारा १२ फेब्रुअरी २००४ मा प्रस्तुत धारणापत्र। यो पत्र http://cpnm.org/new/English/ articles_news/relevance _monarch.htm. मा उपलब्ध छ।

•• प्रचण्ड, "नेकपा (माओवादी) का नीतिहरूको छोटो चिनारी", *The Worker*, अङ्क ९, फेब्रुअरी २००४।

•• क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौं, जुलाई-अगस्त २००५।

नियन्त्रित हुनुपर्छ र बाँकी कुरा निजी पुँजीका हातमा छाडिदिनुपर्छ।

जातजन्य, जनजातीय, लैङ्गिक र धार्मिक असमानता तथा भेदभावहरू उन्मूलन गर्ने जस्ता महत्त्वाकाङ्क्षी सामाजिक र सांस्कृतिक सुधारका योजनाहरू माओवादी नीतिका केन्द्रीय तत्त्वहरू र थुप्रै किनारीकृत समुदायहरूमाझ प्रमुख बिकाउ चीजहरू दुवै हुन्। माओवादीहरूले आफ्नो नियन्त्रणमा रहेका क्षेत्रहरूमा कतिपय नीतिहरूलाई व्यवहारमा उतार्ने प्रयास गरेका छन् र सीमित परिवर्तन ल्याएका पनि छन्। तर उनीहरू आफ्नो घोषित नीतिमा कति सच्चाइसाथ विश्वास गर्छन् र उनीहरू राष्ट्रिय सत्तामा अंशभाग पाएको खण्डमा उक्त नीतिमा कत्तिको कटिबद्ध रहन्छन् भन्ने प्रश्नहरू भने अनुत्तरित छन्।••

नेपाल "अर्ध-सामन्ती" र "अर्ध-औपनिवेशिक" देश हो र यो साम्राज्यवाद र भारतीय विस्तारवादका कृपामा बाँचेको छ भन्ने कुराको विश्वास माओवादी विश्लेषणको प्रस्थान बिन्दु हो।•• नेपाली जनता अनेकौं दृष्टिले आर्थिक शोषण र भेदभावको सिकार भएका छन्। बाबुराम भट्टराईका शब्दमा जनयुद्ध साम्राज्यवाद, अर्ध-सामन्तवाद र अन्तर्राष्ट्रिय पुँजीवाद•••••• पैदा गरिएको अव-विकासका आर्थिक समस्याहरू हल गर्ने माध्यम हो।•• यस दृष्टिकोणअनुसार दक्षिण एसियामा बेलायती औपनिवेशिक प्रभुत्व कायम हुनाको साथसाथै नेपालले आफ्नो आर्थिक आत्मनिर्भरता र स्वाधीनता गुमाएको हो। नेपालको सस्तो श्रमशक्तिमाथि सहज पहुँचका साथै उत्तर-स्वाधीन भारतसँगका व्यापारिक असन्तुलनहरू, अर्थतन्त्रको ठूलो भागमा भारतीय लगानीकर्ताहरूको नियन्त्रण तथा नेपालका स्रोत-साधनहरूको शोषण जस्ता कारकहरूबाट आर्थिक स्वायत्ततामा हुन गएको यो ह्रास झनै विकराल बन्न पुगेको छ।

कृषिमा नेपालको परनिर्भरता मूलतः भारतीय अर्थतन्त्र र व्यापारका विकृतिकारी असरहरूको नतिजा हो भन्ने माओवादीहरूको दाबी छ। अझ त्यसमाथि, नेपालको "अर्ध-सामन्ती समाज" ले नेपालको टाक्सिएको आर्थिक विकास र चरम क्षेत्रीय असन्तुलनमा बल पुऱ्याएको छ। नेपालको पुँजीवाद मुठ्ठीभर सेठहरूका हातमा केन्द्रित भएको आयातमाथि आश्रित बनियाँ पुँजी, सुदखोरीजन्य वित्तीय पुँजी र सहायताको रूपमा प्राप्त हुने नोकरशाही पुँजीमा आधारित छ। यसले उत्पादनमुखी राष्ट्रिय पुँजीको विकासलाई कुण्ठित तुल्याएको छः "यसर्थ, (विदेशी उद्भव भएको) नोकरशाही पुँजीलाई ध्वस्त पारेर परनिर्भरताका साङ्ला चुडाउँदै आत्मनिर्भर विकासको बाटो उघारेर राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्नका निमित्त समाजको क्रान्तिकारी रूपान्तरण र जनयुद्धको प्रक्रिया अपरिहार्य बनेका छन्।"••

यस अर्थमा जनयुद्ध राजनीतिक कार्यक्रम मात्र नभएर आर्थिक कार्यक्रम पनि हो। भट्टराईले आर्थिक विकाससम्बन्धी नीतिका लागि निम्नलिखित व्यापक उपायहरू प्रस्तावित गरेका छन् :

- उत्पादन सम्बन्धहरूमा परिवर्तनः सामन्तहरूबाट जमिन र दलाल•• नोकरशाह वर्गहरूबाट पुँजी जफत गरेर,
- मिश्रित स्वामित्वः जमिनमा किसानहरूको निजी स्वामित्व रहने, प्रमुख औद्योगिक र वित्तीय कम्पनीहरू राज्यको स्वामित्वमा रहने, संयुक्त उद्यमहरू राज्य र उत्पादनशील निजी पुँजीबीचको स्वामित्वमा रहने, साना र मझौला व्यापार र वाणिज्य निजी व्यक्तित्वहरूको स्वामित्वमा रहने,
- संरक्षित र नियमनकृत अर्थतन्त्रः स्वतन्त्र र आत्मनिर्भर विकासलाई सुनिश्चित गर्नका लागि,
- योजनाबद्ध विकासः सोभियत ढाँचाको नियन्त्रित अर्थतन्त्र नभई "केन्द्रीकृत नेतृत्व र मार्गदर्शन तथा विकेन्द्रीकृत अग्रसरता र व्यवस्थापनअन्तर्गत सञ्चालित हुने सच्चा जनमुखी र सक्षम अर्थतन्त्र, जुन अर्थतन्त्र माओकालीन चीनमा धेरै मात्रामा अभ्यास गरिएको थियो", र
- सन्तुलित विकासः गाउँ र सहर, पहाड र मधेस, कृषि र उद्योग आदिको बीचमा आर्थिक तथा भौगोलिक सन्तुलन, तर यसमा उद्योग नेतृत्वदायी क्षेत्र हुनेछ र कृषि त्यसको जग बन्नेछ, जसको समग्र उद्देश्य "सहरहरूको ग्रामीणीकरण नभई ग्रामीण क्षेत्रको सहरीकरण" हुनेछ।

•• जातीय स्वायत्तता र स्थानीय सरकारसम्बन्धी माओवादी नीति क्राइसिस ग्रुपले भाविष्यमा विस्तारपूर्वक रिपोर्टिङ गर्ने विषय हुनेछन्।

•• नेकपा (एकता केन्द्र) को राजनीतिक कार्यदिशा जस्ता माओवादीका नीतिगत दस्ताबेजहरूमा यो विश्लेषण निरन्तर दोहोरिइरहन्छ र माओवादीको कार्यक्रमले यसै विश्लेषणबाट स्वरूप ग्रहण गरेको छ।

•• बाबुराम भट्टराई, *Politico-Economic Rationale of the People's War in Nepal* (काठमाडौं, १९९८), http://insof.org/collected/bb_pe-rational.htm. मा उपलब्ध छ।

•• ३१ ऐ.ऐ.।

•• हेर्नुहोस् पादटिप्पणी १५।

## ३. सङ्गठनात्मक संरचना

नेपालका माओवादीहरूले "तीन जादुगरी हतियार" अर्थात् पार्टी, सेना र संयुक्त मोर्चा भएको शास्त्रीय चिनियाँ कम्युनिस्ट संरचनाको अनुकरण गर्ने प्रयास गरेका छन्। नेकपा (माओवादी) को ऊभन्दा ठीक अघिको पूर्वज नेकपा (एकता केन्द्र) ले खुलस्त रूपले यो तीन तहको क्रान्तिकारी सङ्गठनको ढाँचा अँगालेको थियो। उल्लेख्य कुरा के हो भने त्यसले प्रमुख प्रयास पार्टी र सेनामा लगाइने र संयुक्त मोर्चालाई गौण मात्रामा ध्यान दिइने कुरा स्पष्ट पारेको थियो। प्राथमिकतासम्बन्धी यो प्रारम्भिक सङ्केतबाट माओवादी आन्दोलनले पछि ग्रहण गरेको स्व••पको ब्याख्या गर्न केही न केही सघाउ पुग्छः

> कमरेड माओको शिक्षाअनुसार "क्रान्तिकारी कम्युनिस्ट पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र जनसेना" जस्ता तीन अस्त्रहरूको विकास गर्नु नौलो जनवादी क्रान्तिको सफलताका लागि अनिवार्य कुरा हो। स्वतः स्पष्ट कुरा के हो भने यस प्रकारको क्रान्तिमा कम्युनिस्ट पार्टी र जनयुद्धको भूमिका प्रधान हुनेछ र जनसमूह, वर्गीय सङ्गठनहरू तथा जनआन्दोलनको भूमिका गौण हुनेछ। यी अस्त्रहरूको विकास गर्नका लागि ठोस कार्यक्रमका साथ अघि बढ्नु प्राथमिक महत्वको कुरा हो।••

माओवादीहरू आफ्नो कमान्डको संरचनालाई प्रचारमा ल्याउँदैनन् र उनीहरू नेतृत्वदायी पदमा रहेका धेरै मानिसहरूका परिचयहरू गुप्त राख्छन्। उनीहरू जुन उपायहरूबाट कमान्ड र नियन्त्रणको प्रणालीलाई कायम राख्छन् त्यो कुरा जानाजान छिपाइएको हुन्छ, अनि उनीहरूका अधिकांश नेताहरू भूमिगत रहन्छन्। तर उनीहरूले निश्चय नै चीनको तीनचक्रे प्रणाली अँगालेका छन् जसभित्र सामान्यतः सेनाभन्दा पार्टीको विकासमाथि र संयुक्त मोर्चाभन्दा पार्टी र सेनाको विकासमाथि बढी जोड दिन्छन्।

"जनयुद्ध" र नीति-निर्माणसित सम्बन्धित सबै क्रियाकलापहरूको समग्र जिम्मेवारी पार्टीको काँधमा रहेको हुन्छ। पार्टीको पूर्ण नियन्त्रणमा रहने सेना (जनमुक्ति सेना) को काँधमा "शत्रुपक्ष" का विरुद्ध आक्रामक कारबाहीहरू र प्रतिरक्षात्मक प्रबन्धहरू, दुवै जिम्मेवारी रहेका हुन्छन्। पार्टीको अध्यक्ष र जनमुक्ति सेनाको सर्वोच्च कमान्डरको हैसियतले प्रचण्डले यी दुवै सङ्गठनको सर्वोच्च पद ग्रहण गरेका छन्। संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल, "संयुक्त मोर्चा" को केन्द्रीय निकाय हो जसलाई माओवादीहरूले आंशिक रूपले क्रान्तिकारी औजारको स्व••पमा र आंशिक रूपले भावी केन्द्रीय जनसरकारको स्व••पमा ढालेका छन्।

### क) पार्टी

नेकपा (माओवादी) अनेकौं दृष्टिले नेपाल र नेपालबाहिरका मूलधारका राजनीतिक दलहरू जस्तै छ। यसले कम्युनिस्ट सिद्धान्त अनुसरण गरेको छ तर व्यवहारमा देखिएको सङ्गठनको ढाँचा भने नेपाली काङ्ग्रेस वा अन्य नरम कम्युनिस्ट समूहहरूको भन्दा फरक छैन। पार्टी र सेनामाथिको समग्र नियन्त्रण "पार्टी मुख्यालय" को दह्रो पकडमा रहेको छ, जसको अर्थ व्यवहारतः प्रचण्डको पकडमा रहनु हो। उनलाई सबै तत्कालीन निर्णयहरू गर्ने अख्तियार छ, यद्यपि पछि गएर त्यस्ता निर्णयहरूबारे पार्टी समितिहरूमा छलफल गर्न सकिन्छ, जुन समितिहरूलाई ती निर्णयहरू अनुमोदन गर्ने, संशोधन गर्ने वा यदाकदा बदर गर्ने अधिकार छ।

**राजनीतिक नेतृत्व।** अध्यक्षको मातहतमा सङ्गठनात्मक तहहरूमा क्रमशः स्थायी समिति, पोलिटब्युरो, केन्द्रीय समिति, डिभिजन कमान्ड, क्षेत्रीय ब्युरो, उप-क्षेत्रीय ब्युरो, जिल्ला, क्षेत्र र सेल कमिटीहरू रहेका छन्।•• पोलिटब्युरोमा कम्तीमा २७ जना सदस्य रहन्छन् जसमध्ये १० जना वैकल्पिक सदस्य हुन्।•• प्रचण्ड पोलिटब्युरोको सात सदस्यीय स्थायी समितिका अध्यक्ष हुन्। स्थायी समितिका अन्य सदस्यहरू मोहन वैद्य (किरण), बाबुराम भट्टराई, रामबहादुर थापा (बादल), पोस्टबहादुर बोगटी (दिवाकर), कृष्णबहादुर महरा र देव गुरुङ हुन्। केन्द्रीय समितिमा झन्डै १०० जना सदस्य छन् र आन्दोलनको विस्तारसँगसँगै सदस्य सङ्ख्या बढेको छ। फेब्रुअरी २००१ मा आयोजित दोस्रो राष्ट्रिय सम्मेलनमा ५५ जना मात्र केन्द्रीय सदस्यहरू थिए। तर सदस्यहरूको सङ्ख्यामा भएको वृद्धिसँगै तिनको अधिकार भने बढेको छैन। बहुसङ्ख्यक राजनीतिक र सैनिक फाँटका रणनीतिक योजनाहरूको तर्जुमा अझै पनि पोलिटब्युरो र स्थायी समिति•••••• गरिन्छ। वरिष्ठ, अनुभवी राजनीतिक नेताहरू र जोधाहाहरू रहेको एउटा केन्द्रीय सल्लाहकार समिति पनि छ। जुलाई-अगस्त २००५ मा क्षेत्रीय र जिल्ला कमान्डहरूमा ठूलो हेरफेर भयो।

**डिभिजनल कमान्डहरू।** केन्द्रीय राजनीतिक निकायहरूभन्दा बाहिर तीनओटा डिभिजनल कमान्डहरूलाई व्यापक अधिकार दिइएको छ। जून २००२ मा आयोजित केन्द्रीय विस्तारित बैठक•••••• सङ्गठनको संरचना सम्बन्धमा गरिएको व्यापक पुनरावलोकनको क्रममा पश्चिमी, विशेष केन्द्रीय र पूर्वी गरी तीनओटा डिभिजनको नामकरण गरियो। अगस्त २००४ मा बसेको विस्तारित बैठकले विशेष केन्द्रीय कमान्ड (काठमाडौं उपत्यका, सेरोफेरोका पहाडी

•• *केही महत्वपूर्ण दस्तावेजहरू*, माथि उल्लेखितमा समाविष्ट नेकपा (एकता केन्द्र) को राजनीतिक कार्यदिशा। यो तत्कालीन नेकपा (एकता केन्द्र) द्वारा डिसेम्बर १९९१ मा आयोजित एकता महाधिवेशनमा पारित राजनीतिक प्रतिवेदनबाट लिइएको उदाहरण हो। केन्द्रीय समितिको फेब्रुअरी १९९५ मा आयोजित तेस्रो विस्तारित बैठकपछि पार्टीको नाम नेकपा (माओवादी) मा परिवर्तन गरिएको थियो।

•• केन्द्रीय समितिहरूबारे सविस्तार जान्न तल अनुसूची ग हेर्नुहोस्।

•• एक जना माओवादी नेतासँग क्राइसिस ग्रुपले अप्रिल २००५ मा इमेलमार्फत पत्राचार गरी जानकारी लियो। पोलिटब्युरो सदस्यहरूमा पूर्ण सदस्य र वैकल्पिक सदस्य गरी दुई थरी छन्। पूर्ण सदस्यहरूलाई मात्र मताधिकार प्राप्त छ।

क्षेत्रहरू र तराई क्षेत्रका बारा, पर्सा, रौतहट र अन्यलाई समेट्ने कमान्ड) लाई विघटन गरी नयाँ मध्य-केन्द्रीय कमान्ड गठन गरियो। विशेष कमान्डअन्तर्गत पर्ने कतिपय क्षेत्रहरूलाई पूर्वी कमान्डमा स्थानान्तरण गरियो तर अधिकांश क्षेत्रहरू भने मध्य-केन्द्रीय डिभिजनसँगै रहे।•• प्रत्येक कमान्डको नेता जसलाई माओवादीहरू अङ्ग्रेजी शब्द प्रयोग गरेर "इन्चार्ज" भन्ने गर्छन् ऊ स्थायी समितिको पदेन सदस्य हुन्छ। अगस्त २००४ मा बसेको विस्तारित बैठकको खास विशेषता के हो भने त्यसले कमान्डसम्बन्धी सिमानाहरूको आधारभूत पुनःरेखाङ्कन गर्नुको साथै काठमाडौं उपत्यकालाई पूर्वी कमान्डमा सार्‍यो, त्यसले माओवादीको उद्‌गमस्थल रोल्पा र रुकुमलाई घेर्ने राप्ती क्षेत्रलाई पनि केन्द्रीय कमान्डमा नै सार्‍यो।•• अब तीनओटा कमान्डहरूको भौगोलिक क्षेत्रभित्र पश्चिम केन्द्रीय कमान्ड अर्थात् महाकाली, सेती, कर्णाली र भेरी अञ्चल, मध्य केन्द्रीय कमान्ड अर्थात् गण्डकी, लुम्बिनी, राप्ती र धौलागिरि अञ्चल तथा पूर्वी केन्द्रीय कमान्ड अर्थात् जनकपुर, सगरमाथा, बागमती, नारायणी र मेची अञ्चल परेका छन्।••

**अन्तर्राष्ट्रिय विभाग।** नेकपा (माओवादी) का नेपालबाहिरका सबै एकाइहरू अन्तर्राष्ट्रिय विभागमा पर्छन् जसको नेतृत्व पहिले सीपी गजुरेल (गौरव) ले गरेका थिए र अहिले बाबुराम भट्टराईले गरेका छन्।•• बाबुरामले अन्य वरिष्ठ नेताहरूका साथ मे २००५ मा नयाँ दिल्लीमा नेपाली र भारतीय राजनीतिक प्रतिनिधिहरूसँग भेटघाटहरू गरे।•• उनी अन्य अन्तर्राष्ट्रिय कामकाजहरूका लागि प्रमुख सम्पर्क बिन्दु पनि रहेका छन्। पार्टी सङ्गठनको विस्तार गर्नु अर्थात् प्रवासी नेपालीहरूलाई पार्टीमा भर्ना गर्नु, अन्तर्राष्ट्रिय सम्पर्कहरू र सम्बन्धहरूको स्थापना गर्नु, रकम उठाउनु, गोलाबारुद र विस्फोटक पदार्थहरू खरिद गर्नु र तालिमको प्रबन्ध मिलाउनु आदि अन्तर्राष्ट्रिय विभागका जिम्मेवारीहरू हुन्। यो विभाग सुरुमा भारतमा स्थायी बसोबास गर्ने र अस्थायी नेपाली आप्रवासीहरू दुवैको बीचमा पार्टीको आधार निर्माण गर्ने प्रयासमा केन्द्रित रह्यो। यस प्रकारको काम अहिले युरोप र उत्तर अमेरिकामा विस्तारित भएको छ।

**अन्य विभागहरू।** लिखतहरूमा नीति र निर्देशन, प्रसारण, प्रकाशन, विद्यालय, मानवअधिकार, स्वास्थ्य, जनजाति, कानुन र संस्कृति लगायतका अन्य अनेकौं केन्द्रीय विभागहरू छन्। यी संरचनाहरू आंशिक रूपले राज्यको विद्यमान अस्तित्वलाई छायाँमा पारी माओवादीहरू पूर्णस्तरको वैकल्पिक संरचनाको निर्माण गर्दैछन् भन्ने छाप पार्नु हो। तर अनियमित रूपमै भए पनि प्रकाशन कार्य गरिरहने प्रकाशन विभागबाहेक यी नाम मात्रका संरचनाहरू जुन-जुन प्रयोजनका निमित्त निर्माण गरिएका हुन् तिनले त्यो काम पूर्ण रूपबाट गरेको झिनो प्रमाणसम्म पनि छैन। वास्तवमा केन्द्रीय नेताहरूको गिरफ्तारी (जसमध्ये पन्ध्र जना जति नेपाल र भारतका कारागारमा राखिएका छन्) र अन्य नेताहरूको हत्या गरिनाले माओवादीहरूको केन्द्रीय कमान्डमा काम गर्ने व्यक्तिहरूको कमी हुन गई विभिन्न पदहरू खाली रहेका छन्।••

## ख) जनमुक्ति सेना

जनमुक्ति सेना, नेपाल नै माओवादीहरूको सैन्य बलको प्रमुख आधार हो। तर यसको सङ्ख्याको आकलन गर्न गाह्रो छ। कतिपय विश्लेषकहरू•••••• गरिएको सङ्कुचित आकलनअनुसार माओवादीहरूसँग खप्पिस लडाकाहरू केही हजार मात्र छन्। एक जना सैन्यविद् र शाही नेपाली सेनाका अवकासप्राप्त लेफ्टिनेन्ट जनरलको भनाइअनुसार माओवादीहरूसँग सशस्त्र छापामार चार हजार; छापामार तालिम पाएका मिलिसिया पाँच हजार र सशस्त्र मिलिसिया २० हजार छन्।•• माओवादीहरू स्वयंले भने आफ्ना नौ ब्रिगेडमा•• १० हजारभन्दा बढी सशस्त्र छापामारहरू भएको दाबी गरेका छन्। यो एउटा त्यस्तो आँकडा हो जसलाई नजिकैबाट माओवादीहरूको अवलोकन गर्ने धेरैले स्वीकार गरेका छन्। वास्तवमा शाही नेपाली सेनाले पनि यसै प्रकारको आकलन प्रस्तुत गरेको छ। उसको आकलनअनुसार माओवादीहरूसँग करिब नौ हजार पाँच सय छापामारहरू र २५ हजार मिलिसिया छन्।•• अन्य

•• डिभिजनल कमान्डहरूको निर्माण गर्नुभन्दा पहिले पूर्वी, केन्द्रीय, पश्चिमी र प्रवास गरी केन्द्रीय समितिको प्रत्यक्ष मातहतमा पाँचओटा क्षेत्रीय ब्युरोहरू थिए। हाल क्षेत्रीय ब्युरोहरूले डिभिजन कमान्डहरूसमक्ष प्रतिवेदन पेस गर्छन्। यी क्षेत्रीय ब्युरोहरूको सङ्ख्या बढेको छ र यिनका सिमानाहरूको पुनः रेखाङ्कन गरिएको छ। हाल प्रत्येक क्षेत्रीय ब्युरोअन्तर्गत दुईओटा अञ्चल समेटिएका छन् : मेची-कोसी (इन्चार्ज – गोपाल खम्बु), नारायणी-बाग्मती (इन्चार्ज – अग्नि सापकोटा), जनकपुर-सगरमाथा (इन्चार्ज – मणि थापा), गण्डक अर्थात् गण्डकी-लुम्बिनी (इन्चार्ज – शक्तिबहादुर बस्नेत), राप्ती-धौलागिरि विशेष ब्युरो (इन्चार्ज – नेत्रविक्रम चन्द), (राप्ती-धौलागिरि प्रमुख माओवादी आधार इलाकालाई फेरो मार्ने हुनाले यसलाई "विशेष" क्षेत्र भनी बयान गरिन्छ), भेरी-कर्णाली (इन्चार्ज – खड्कबहादुर विश्वकर्मा) र सेती-महाकाली (इन्चार्ज -लेखराज भट्ट)।

•• काठमाडौं राजधानी हुनाको साथसाथै वास्तवमा देशको पूर्वतिर पर्ने भएकाले यस प्रकारको सीमाङ्कन तर्कसङ्गत मात्र नभई यसले प्रतीकात्मक सन्देश पनि बोकेको छ। राज्यको काठमाडौं केन्द्रित हुने जिद्दीबाट पश्चिम, मध्य पश्चिम र सुदूर पश्चिम विकास क्षेत्रहरूको सिर्जना हुन पुगेको थियो जसको अन्तर्निहित स्पष्ट अर्थका रूपमा यो क्षेत्र राजधानीबाट पर हटेको सुदूर सीमान्त क्षेत्र भन्ने बुझिन्थ्यो। माओवादीद्वारा गरिएको यो प्रबन्धले चाहिँ पहिले किनारीकृत गरिएका क्षेत्रहरू अब "केन्द्र" का अङ्ग बन्न सक्छन् भन्ने कुराको प्रदर्शन गर्‍यो।

•• पुण्य गौतम "विश्वास", "विद्रोहीहरूको भित्री सञ्जाल", नेपाल, २३ जनवरी २००५। सरकारी नामहरूसँग कुनै तालमेल हुन नपाओस् भनेर पनि माओवादीहरूले कतिपय जिल्लाहरूका सिमानाको पुनः रेखाङ्कन गरेका कुराको हेक्का राखिनुपर्छ। सिमानालाई लिएर सँगै जोडिएका माओवादी स्वायत्त सरकारहरूका बीचमा विवादहरू पनि रहेका छन्।

•• गौरव दोस्रो शान्ति वार्ता भङ्ग हुन लागेको बेलामा भारतीय सुरक्षाकर्मीहरूद्वारा १९ अगस्त २००३ मा चेन्नाईमा पक्राउ परेका थिए। जान्नमा आएअनुसार उनी माओवादीको प्रतिनिधित्व गर्दै युरोपमा गएर त्यहाँका सरकारहरू समक्ष आफ्ना मुद्दाहरू प्रस्तुत गर्ने प्रयासमा थिए।

•• क्राइसिस ग्रुपसँगका अन्तर्वार्ताहरू, नयाँ दिल्ली, मे २००५।

•• माओवादी नेतासँग क्राइसिस ग्रुपले लिएको टेलिफोन अन्तर्वार्ता, मार्च २००५।

•• सदिपबहादुर शाह, भविष्यहीन विद्रोह, *समय,* ३० डिसेम्बर २००४।

•• माओवादी सम्पर्क व्यक्तिसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौं, मार्च २००५।

•• ल भिक्टर जेबी कर्नेराणा, शाही नेपाली सेनाको प्रेस सम्मेलन, *The Kathmandu Post*, २१ मे २००५।

विज्ञहरूले भने बढी सतर्कतासाथ माओवादीका खप्पिस लडाकाहरू त्यस्तै पाँच हजारदेखि आठ हजारसम्म हुन सक्ने बताएका छन्।

माओवादी र शाही नेपाली सेना दुवैले उच्च आकलन गर्नुका निश्चय नै कारणहरू छन्। माओवादीहरूले आफूसँग जनाधार र उल्लेख्य सङ्ख्यामा लडाकू सेना छ भन्ने छाप पार्न चाहेको कुरा स्वतः स्पष्ट छ। उता शाही नेपाली सेनाका अगाडि समस्या के छ भने पहिले राज्यले माओवादी छापामार कार्यकर्ताहरू थोरै छन् भनी गरेका आकलनहरू उनीहरू●●●●●● गरिने वर्तमान स्थितिको चित्रणसँग मेल खाँदैनन्। शाही नेपाली सेना द्वन्द्वमा हालसम्म आठ हजारभन्दा बढी माओवादीहरू मारिएको जसमध्ये आधाभन्दा बढी सन् २००३ मा शान्ति वार्ता भ●●● भएदेखि यता मात्र मारिएको जनाउँछ।•• यी दुवै दाबीहरू र पहिलेका आँकडाहरू सही हुँदा हुन् त अहिलेसम्ममा सारा माओवादी सेना मारिइसकिएका हुन्थे। एक जना विश्लेषकले डिसेम्बर २००३ मा शाही नेपाली सेना●●●●●● प्रस्तुत यस्तै आँकडाबारे यस प्रकार टिप्पणी गरेका छन् :

> सङ्ख्या जति भए पनि माओवादीहरूको हताहतीसम्बन्धी विवरणले अहिले माओवादीहरू भाग्ने क्रममा छन् र संस्थापन पक्षका सैनिकहरू केही कालसम्म विद्रोहीहरूको नियन्त्रणमा परेको मुलुकको सीमान्त क्षेत्रमाथि आफ्नो नियन्त्रणलाई सुदृढ बनाउँदैछन् भन्ने कुरा औंल्याउनुपर्ने हो। तर घटनाहरूको अलि गहन विश्लेषण गर्दा भने राज्य र यसका निकायहरू ठाडो पलायनतर्फ प्रवृत्त भई मुलुक भद्रगोलको दिशातर्फ लम्किरहेको दृश्य उजागर हुन आउँछ।••

जनमुक्ति सेनाको जनरल हेडक्वार्टर सर्वोच्च कमान्डर प्रचण्डको मातहतमा छ। यसको "जनरल स्टाफ" मा पार्टीको स्थायी समितिका सदस्यहरू रहेका छन्। जनरल हेडक्वार्टरअन्तर्गत सङ्गठनको तहगत प्रणाली यस प्रकार छः डिभिजन, ब्रिगेड, बटालियन, कम्पनी, प्लाटुन, स्क्वाड र त्यसपछि मिलिसियाहरू अर्थात् कमजोर हतियारधारी लडाकूहरू जसले छापामार तालिम पूरा पाएका हुँदैनन्। काठमाडौं जस्ता खासखास क्षेत्रहरूमा "स्पेसल टास्कफोर्स" को स्थापना गरिएको छ। यस्तो टास्कफोर्स स्थापित नियमित एकाइहरू नभएका क्षेत्रहरूमा अथवा बेलाबखत बढी विशेषज्ञतायुक्त कारबाहीहरू गर्नुपर्ने ठाउँमा काम गर्नका लागि छानिएका छापामारहरूमध्येबाट बनाइन्छन्।••

यो विस्तृत संरचना आपेक्षाकृत रूपले हालैको विकास हो। आफ्नो सैनिक अभियानको प्रारम्भमा माओवादीहरू सङ्ख्यामा ज्यादै सीमित थिए र उनीहरूलाई हातहतियारहरू र बर्दीहरूको अभाव थियो। न्यूनतम उपकरणहरूले सुसज्जित भएका प्रथम एकाइहरूलाई लडाकू दल, सुरक्षा दल र स्वयंसेवक दलका रूपमा गठन गरिएको थियो। माओवादीहरूको केन्द्रीय क्षेत्रका सैन्य कमान्डर सन्दिपको भनाइअनुसार सरकार●●●●●● मे १९९८-अप्रिल १९९९ मा किलो सेरा टु अपरेसन सुरु गरपछि मात्र वास्तविक रूपमा "जनसेना" को विकास भएको हो।••

अगस्त १९९८ मा बसेको माओवादीहरूको केन्द्रीय समितिको विस्तारित बैठकले सरकारी दमनलाई चुनौती दिनका लागि "आधार इलाकाहरू" र सैन्य सामर्थ्य विकास गर्ने नारालाई पारित गऱ्यो। माओवादी छापामारहरू बढ्दो गतिमा सुसङ्गठित र सुप्रशिक्षित हुँदै गए र २००१ को प्रारम्भसम्ममा उनीहरूले प्रहरी बललाई प्रभावकारी ढङ्गले पराजित गरे। तर उनीहरूलाई शाही नेपाली सेनासँग लड्न आफू सक्षम नभएको कुरा थाहा थियो, त्यसकारण जुलाई २००१ मा उनीहरूले सरकार●●●●●● गरिएको युद्धविरामको प्रस्तावको प्रत्युत्तरमा युद्धविरामको घोषणा गरी त्यसलाई आफ्नो सैन्य क्षमता बढाउन र अनेकौं स्थलहरूमा उन्नत स्तरका प्रशिक्षण शिविरहरू सञ्चालन गर्नमा उपयोग गरे।•• सेप्टेम्बर २००१ मा रोल्पा जिल्लाको कुरेली गाउँमा "जनमुक्ति सेना, नेपाल" गठन भएको घोषणा गरियो। अब आफ्ना छापामारहरू बढी राम्रोसँग सङ्गठित र प्रशिक्षित भएका हुनाले उनीहरूले नोभेम्बरमा दाङ जिल्लाको घोराहीस्थित सैनिक ब्यारेकमाथि आक्रमण गरेर शाही नेपाली सेनालाई युद्धमा भित्र्याए।

छापामार सेनाको आकारमा वृद्धि भएपछि जून २००२ मा बसेको केन्द्रीय समितिको विस्तारित बैठकले ब्रिगेड तहका सैनिक समूहहरू गठन गर्ने निर्णय गऱ्यो। अगस्त २००४ मा यी समूहहरूलाई तीन-तीनओटा ब्रिगेड भएका तीनओटा डिभिजनमा समाहित गरियो जसमध्ये पूर्वी डिभिजन वर्षमान पुन (अनन्त) को मातहतमा, मध्य डिभिजन नन्दकिशोर पुन (पासाङ) को मातहतमा र पश्चिमी डिभिजन जनार्दन शर्मा (प्रभाकर) को मातहतमा रहे। कम्पनीदेखि डिभिजनसम्म प्रत्येक लडाकू एकाइको नेतृत्वमा एक जना सैनिक कमान्डर र एक जना राजनीतिक कमिसारको साझेदारी हुन्छ, जसले गर्दा माओवादीहरूको दाबीअनुसार सेनामाथि राजनीतिक नियन्त्रण सुनिश्चित हुन्छ।••

•• ब्रिगेडियर जनरल दीपक गुरुङ, शाही नेपाली सेनाको पत्रकार सम्मेलन, काठमाडौं, ६ मे २००५ ("अगस्त २००३ यता चार हजारभन्दा बढी विद्रोहीहरू मारिए", nepalnews.com, र मेजर जनरल किरणशमशेर थापा, शाही नेपाली सेनाको प्रेस जानकारी, काठमाडौं, २० मे २००५ ("नौ वर्षमा २,१०० सुरक्षाकर्मीहरू मारिए", कान्तिपुर अनलाइन, २० मे २००५)।

•• Ajai Sahni, "How Not to Fight an Insurgency", South Asia Intelligence Review 2(21), ८ डिसेम्बर २००३।

•• जनमुक्ति सेनाका कम्पनी तहका कमान्डरसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, नेपालगन्ज, फेब्रुअरी २००४।

•• कम्पनी तहका जनमुक्ति सेनाका तत्कालीन कमान्डर सन्दिपसँग लिइएको अन्तर्वार्ता, *नेपाल समाचारपत्र*, १७ डिसेम्बर २०००।

••पासाङको कमानमा धादिङको उत्तरी भागमा सञ्चालन गरिएको यस प्रकारको एउटा प्रशिक्षण शिविरको भिडियो शाही नेपाली सेनाले फेला पारेर पछि नेपाल टेलिभिजनबाट प्रसारण गऱ्यो। माओवादीहरू स्वयंले पनि प्रशिक्षण सत्रहरूका भिडियो व्यापक रूपले खिचेर जनमुक्ति सेनाका क्रियाकलापहरू समेटिएका एकएक घण्टा लामा कम्तीमा पनि दुईओटा फिल्म तयार पारे। उक्त फिल्मका धेरै अंशहरूमा युद्धविरामको अवधिको मिति अङ्कित छ। यी फिल्महरूको वितरण व्यापक रूपले गरिएको छैन, यद्यपि तिनका अंशहरू भने http://cpnm.org/video/Web Librery/Final.htm. मा हेर्न सकिन्छ।

•• दिनेश, "जनमुक्ति सेनाको विकास र राजनीतिक कार्य", *जनादेश*, १० अगस्त २००४।

कमिसारको दर्जा कमाण्डरको भन्दा उच्च हुन्छ र ऊ प्रत्येक सैनिक एकाइभित्र गठन गरिने पार्टी कमिटीको इन्चार्ज हुन्छ। स्पेसल टास्कफोर्स लगायत सेक्सन तहभन्दा माथिका सबै एकाइहरू पार्टीको नीतिद्वारा परिभाषित केन्द्रीय योजनाभित्र कार्य गर्न निर्देशित हुन्छन्।•• तर २००५ को गृष्म यामको उत्तरार्धदेखि भने पक्राउ परेका माओवादीहरूले आफ्ना थुप्रै कमरेडहरूका पहिचानको पोल खोलिदिने जोखिम ज्वलन्त भएकाले त्यसबाट जोगिनका लागि तल्लो तहका सैनिक र राजनीतिक कार्यकर्ताहरूलाई जानाजान अलग्याउने कार्य भयो भन्ने विषयमा विश्वसनीय सूचना प्राप्त भएको छ।••

यसको अतिरिक्त, अगस्त २००४ मा प्रचण्डले जिल्ला तथा क्षेत्रीय मुख्यालयहरूको कमाण्डअन्तर्गत कम्पनी तहसम्मका एक लाख जनमिलिसिया गठन गर्ने उद्देश्यको घोषणा गरे।•• व्यवहारमा भने जनमिलिसियाहरूले पार्टीका स्थानीय समितिहरूदेखि लिएर स्थानीय जनसरकार जस्ता भिन्नभिन्न निकायहरूबाट आदेश लिन्छन्।•• मूलधारका लडाकूहरूले छापामारसम्बन्धी जे जस्ता काम-कर्तव्यहरू पूरा गर्नुपर्ने अपेक्षा राखिन्छ जनसेनाका सदस्यहरूबाट त्यस प्रकारको अपेक्षा राखिँदैन तर तिनलाई भरअभरको टेवाभरोसाका रूपमा प्रयोग गर्न सकिन्छ। तिनीहरू हातहतियार•••••• निम्छरो रूपले सुसज्जित हुन्छन् र तिनीहरूले बर्दी लगाउँदैनन्।

माओवादीमा उनीहरू मानिसहरूलाई जबर्जस्ती भर्ती गर्छन् र बालसिपाहीहरूको प्रयोग गर्छन् भन्ने विश्वसनीय आरोपहरू लागेका छन्।•• माओवादीहरूले साँच्ची नै जबर्जस्ती भर्ती गर्छन् भन्ने कुरामा कुनै सन्देह छैन। उनीहरूका खास गरेर "एक घर, एक छापामार" र "जुत्ताहरू"•• भन्ने दुईओटा अभियानहरू व्यापक रूपले प्रचार गरिएका छन्। आफूले बालबालिकाहरूलाई सैन्य तालिम दिने र आफ्नो नियन्त्रणमा रहेका क्षेत्रहरूमा विद्यालयको पाठ्यक्रमलाई सैनिकीकरण गर्ने तथ्यलाई पनि माओवादीहरूले गोप्य राखेका छैनन्। माओवादीका सैनिक प्रशिक्षार्थी विद्यार्थीहरूसम्बन्धी घटनाहरू व्यापक रूपले लिपिबद्ध भएका छन् तर बालसिपाहीहरूलाई लडाइँमा प्रयोग गरिएका प्रमाणहरू भने अझसम्म ज्यादै न्यून छन्। त्यसैगरी सुरक्षा अखडाहरूमा गरिने बृहत् स्तरका अधिकांश आक्रमणहरूपछि नागरिकहरूलाई मानवढालका ••पमा प्रयोग गरिन्छ भन्ने सत्यभाषी आरोपहरू सतहमा उत्रिएका छन्। तर दाबी र प्रतिदाबीको बीचमा सत्य कुराको यकिन गर्न भने कठिन छ।

## ग) संयुक्त मोर्चा

माओको चिन्तनमा चीनमा कम्युनिस्ट विजयका लागि संयुक्त मोर्चाको धारणा एउटा केन्द्रीय तत्व थियो। यो विचार सारमा सरल छ तर कार्यान्वयनमा भने व्यापक र सम्भाव्यताका दृष्टिले कठिन छ। यसको अर्थ "शत्रुका विरुद्ध साझा सङ्घर्ष चलाउन र क्रान्ति र निर्माणमा विजय प्राप्त गर्नका लागि एकताबद्ध हुन सकिने जति सबै शक्तिहरूसँग एकताबद्ध हुनु" हो।•• गाँठी कुरा के हो भने एकताबद्ध हुन सकिने र एकताबद्ध हुनुपर्ने शक्तिहरूको प्रकार परिस्थितिअनुसार एकदमै पृथक् प्रकृतिको हुन सक्छ। माओले जापान विरोधी सङ्घर्षको अवधिउप्रान्त "एकता-सङ्घर्ष-स्वायत्तता" को नीतिको तर्जुमा गरी त्यसमाथि निरन्तर रूपबाट जोड दिए। "प्रगतिशील शक्तिको विकास गर, बीचका शक्तिहरूलाई आफूतिर तान र हठी शक्तिसँग जुध।"•• यस प्रकारका शक्तिहरूको कित्ता विभाजन गर्ने कुरा उद्देश्यहरू र हितहरूमाथि निर्भर गर्थ्यो। चिनियाँ कम्युनिस्ट पार्टी कम्तीमा पनि पाँचओटा एकदमै भिन्न प्रकारका संयुक्त मोर्चाहरूको परीक्षणबाट गुज्रियो।••

सन् १९९० को सुरुदेखि नेपाली माओवादीहरूले खास किसिमको संयुक्त मोर्चाको निर्माण गर्ने योजना गरे। त्यो मोर्चा तीन क्रान्तिकारी "हतियारहरू" मध्ये सबैभन्दा कम महत्वको हुनेवाला थियो र त्यो अनेकन् चिनियाँ ढाँचाहरूको सम्मिश्रित रूप हुनेवाला थियो। "क्रान्तिकारी संयुक्त मोर्चा", "सङ्घर्षको एउटा उपकरण र नयाँ सत्ताको भ्रूण" हुनेछ।•• अर्को शब्दमा भन्ने हो भने यो मोर्चा क्रान्तिकारी सङ्घर्षमा सहयोग पुऱ्याउने सङ्गठनहरूको व्यापक गठबन्धन मात्र नभई यसले सरकारको भ्रूणको रूपमा पनि कार्य गर्नेछ। नेकपा (माओवादी) को ध्वजामुनि गठन गरिएका थुप्रै भ्रातृ सङ्गठनहरू अस्तित्वमा हुँदाहुँदै र मूलधारका दलहरूसँग जोडिने सूत्रहरूको निर्माण गर्ने बारम्बरका प्रयासहरू हुँदाहुँदै पनि नेपाली

•• ऐ.ऐ.।

•• ग्रुपले लिएका अन्तर्वार्ताहरू, *नेपाल*, सेप्टेम्बर-अक्टोबर २००५।

•• प्रेस वक्तव्य, १ सेप्टेम्बर २००४।

•• दिनेश, "जनमुक्ति सेनाको विकास र राजनीतिक कार्य", *जनादेश*, १० अगस्त २००४।

•• बालबालिका र सशस्त्र द्वन्द्वबारे Watchlist को "Caught in the Middle: Mounting Violations Against Children in Nepal's Armed Conflict", जनवरी २००५। यो सामग्री http://www.watchlist. org/reports/nepal.php. मा उपलब्ध छ। बाल सिपाहीहरू अन्तर्राष्ट्रिय छापामा पनि समाचारको विषय बनेका छन्, जस्तो कि John Lancaster को "Concern Grows over Nepal's Child Fighters", *The Washington Post*, १४ जून २००५।

•• यो पछिल्लो अभियानको अर्थ के हो भने माओवादीहरू घरका ढोकाबाहिर एकजोर जुत्ता राख्छन् जुन जुत्ता त्यो घरबाट पार्टीमा, सामान्यतः सेनामा, "पूर्णकालीन रूपमा" एक जना सदस्य सामेल हुन अपेक्षा गरिने कुराको चिह्न हो। किशोर नेपालको "The Maoist Service Provision in Parts of Mid and Far West Nepal", व्यावसायिक पत्रकारिता अध्ययन केन्द्र, काठमाडौँ, मार्च २००५ हेर्नुहोस्।

•• Kwok-Sing Li (tr. Mary Lok), A Glossary of Political Terms of the People's Republic of China (हङकङ, १९५५), पृ. ४५१।

•• ऐ.ऐ., पृ. ४५२।

•• क्रान्तिकारी राष्ट्रिय संयुक्त मोर्चामा क्वोमिन्ताङसँग आपसी सहयोग गर्ने पहिलो प्रयास अन्ततः च्याङ काइ शेकले कम्युनिस्टहरूमाथि खनिएर तिनलाई ध्वस्त पार्न खोजेपछि बर्बादीमा पुगेर समाप्त भयो। दुर्गम ग्रामीण क्षेत्रमा पछि हटेपछि र लामो अभियान सम्पन्न गरेपछि मात्र कम्युनिस्टहरू जापान विरोधी मोर्चा (१९३७-१९४५) गठन गर्न समर्थ भए, जुन मोर्चा मिचाहाहरूका पन्जाबाट चीनलाई मुक्त गर्ने कार्यमा सफलतासाथ लड्यो। दोस्रो विश्वयुद्धको अन्त्यदेखि १९४९ को कम्युनिस्ट विजयसम्म संयुक्त मोर्चाका निसानाहरू अवरोधकारी बाहिरी शक्तिहरू संयुक्त राज्य अमेरिका र सोभियत सङ्घ थिए। सत्तासीन भएपछिको उद्देश्य पुँजीवादी वर्गको रूपान्तरण थियो, सांस्कृतिक क्रान्तिको उथलपुथल समाप्त भएपछि पार्टी नेतृत्वले "नयाँ युगको देशभक्तिपूर्ण संयुक्त मोर्चा" को छविको प्रायोजन गऱ्यो।

•• "नेकपा (एकता केन्द्र) को राजनीतिक कार्यदिशा", माथि उल्लेखित।

माओवादीका विमर्शहरूमा संयुक्त मोर्चाको पछिल्लो भूमिका नै प्रभुत्वशाली रहिआएको छ।

नेपालका माओवादीहरूले कम्युनिस्ट आन्दोलनभित्र विद्यमान "कानुनी सङ्घर्षमा ध्यान केन्द्रित गर्ने, विभिन्न प्रतिक्रियावादी र दक्षिणपन्थी संशोधनवादी राजनीतिक समूहरूसँगको कार्यगत एकतामा मात्र जोड दिने र यान्त्रिक ढङ्गले केवल आफ्नो पार्टीका कार्यकर्ताहरूको 'संयुक्त मोर्चा' निर्माण गरी होहल्लामात्र मच्चाउने संकीर्णतावादी र यान्त्रिक प्रवृत्तिहरूको"•• कटु आलोचना गरे। सच्चा क्रान्तिकारी संयुक्त मोर्चाले "वर्ग सङ्घर्षको विकास गर्ने उपकरणका रूपमा सामन्तवाद र साम्राज्यवाद विरोधी देशभक्तिपूर्ण, जनवादी र वामपन्थी शक्तिहरूलाई" एकताबद्ध बनाउनुपर्छ। "यस प्रकारको मोर्चाको प्रमुख कार्य जनताका समस्याहरूमा आधारित भई सङ्घर्षको विकास गर्नु हुनुपर्छ जुन सङ्घर्षले क्रमशः कानुन र व्यवस्थाका (सीमाहरू) तोडोस्। प्रारम्भिक चरणहरूमा यस प्रकारको मोर्चाको प्रभावकारी स्व●●प ग्रामीण क्षेत्रहरू तथा स्थानीय तहमा सीमित हुनेछ।"••

जनयुद्धको थालनी गर्ने बाटोमा अग्रसर भएपछि भने माओवादीहरूले संयुक्त मोर्चाका आतङ्कित तत्वहरूलाई कडिकडाउ ढङ्गले पार्टीको अधिनस्थ राखेर यस मोर्चाको सङ्कुचित भूमिका परिभाषित गरे। "पार्टीको नेतृत्वअन्तर्गत सामन्तवाद विरोधी र साम्राज्यवाद विरोधी जनसमूहका सबै तप्का र किताहरूलाई एकताबद्ध तुल्याएर सशस्त्र सङ्घर्षको सञ्चालन गरिनेछ।"•• तीन वर्षभित्रमा सशस्त्र विद्रोह उल्लेखनीय रूपले विस्तारित भयो जसबाट संयुक्त मोर्चालाई औपचारिक रूपले "जनगणतन्त्र नेपालको केन्द्रीय सङ्गठन समिति" को ध्वजामुनि राखिनुपर्ने कुरा विचारणीय बन्न पुग्यो।•• यसको भूमिका भने अझै पनि "विभिन्न वामपन्थी, प्रगतिशील, देशभक्त र जनवादी शक्तिहरू" लाई परिचालन गर्नु थियो। तर यो एकदमै सङ्क्रमणकालीन प्रकृतिको हुनेवाला थियो : "यस प्रकारको केन्द्रीय सङ्गठनले केही समयका लागि प्रधान रूपमा सङ्घर्षको साधनका रूपमा कार्य गर्नेछ र गौण रूपमा सत्ताको साधनका रूपमा कार्य गर्नेछ।" यस अर्थमा यसले आंशिक रूपले जनगणतन्त्र चीनको प्रारम्भिक कालको "जनताको जनवादी मोर्चा" को झलक दिन्छ, जुन मोर्चाको काम राज्यका आधारभूत अभिभाराहरूलाई पूरा गर्न सघाउ पुऱ्याउनु र भित्री तथा बाहिरी शत्रुहरूको विरोध गर्नु थियो।•• सेप्टेम्बर २००१ मा पहिलो युद्धविराम कालमा माओवादीहरूले एउटा मोर्चाका रूपमा ३७ सदस्यीय संयुक्त क्रान्तिकारी जनपरिषद् गठन गरे। बाबुराम भट्टराईको नेतृत्वमा रहेको उक्त मोर्चाका सहसंयोजक कृष्णबहादुर महरा र सचिव देव गुरुङ थिए।••

माओवादीहरूले खुला राजनीतिक क्रियाकलापहरू गरी आफ्नो पक्षमा जनपरिचालन गरेर आफ्नो लोकप्रियतालाई बढावा दिनका लागि अनेकौं भ्रातृ सङ्गठनहरूको स्थापना गरेका छन्। सन् २००१ सम्ममा यस प्रकारका २० ओटाभन्दा बढी सङ्गठनहरू थिए।•• नोभेम्बर २००१ मा राजकीय सङ्कटकालको घोषणा हुनुअघि ती सङ्गठनहरूले खुला वा अर्ध-खुला क्रियाकलापहरू गरे। यीमध्ये लेखनाथ न्यौपानेको नेतृत्वमा रहेको अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) सबैभन्दा प्रभावशाली सङ्गठन हो। शालिकराम जमरकट्टेलको नेतृत्वमा रहेको नेपाल ट्रेड युनियन महासङ्घ (क्रान्तिकारी), जयपुरी घर्तीको नेतृत्वमा रहेको अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी), सुरेश आलेमगरको नेतृत्वमा रहेको अखिल नेपाल जनजाति महासङ्घ, गुणराज लोहनीको नेतृत्वमा रहेको अखिल नेपाल शिक्षक सङ्गठन (क्रान्तिकारी), नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठन, मणि थापाको नेतृत्वमा रहेको अखिल नेपाल जनसांस्कृतिक सङ्घ र शिवराज गौतमको नेतृत्वमा रहेको अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी) अन्य क्रियाशील सङ्गठनहरू हुन्।••

खुलस्त भन्ने हो भने माओवादीहरू●●●●●● "जनवर्गीय सङ्गठन" भनिने यी सङ्गठनहरू संयुक्त मोर्चाका अङ्ग नभएर पार्टी संरचनाको अधीनमा रहेका सङ्गठनहरू हुन्। यी सङ्गठनहरूले पार्टीको आदेशको पालना गर्छन् र विशिष्ट कार्यभारहरू वहन गर्ने वा समर्थनका आधारहरू बनाउने अधीनस्थ अङ्गका रूपमा कार्य गर्छन्। यी सङ्गठनहरू केन्द्रीय पार्टीबाट केही दूरीमा रहेर परिचालित हुने अर्ध-खुला समूहहरूमार्फत भूमिगत क्रियाकलापहरूको फाँटमा कार्यकर्ताहरू भर्ती गर्ने कार्यमा पनि उपयोगी छन्। विशेषगरी यस्ता समूहहरूमा असल काम गरी ख्याति कमाएका पात्रहरूमध्येबाटै नेकपा (माओवादी) मा नयाँ सदस्यहरू भर्ती गर्ने गरिन्छ।

अनेरास्ववियु (क्रान्तिकारी) बाहेक यी सबै सङ्गठनहरू विद्रोहको आरम्भपछि खोलिएका हुन् र यिनीहरूको योगदान खासै उल्लेख्य रहेको छैन। अनेरास्ववियु (क्रान्तिकारी) ले नोभेम्बर २००० मा हडतालको आह्वान गरी देशभरिका ३० हजारभन्दा बढी विद्यालयहरू बन्द गराएर पहिलो पटक सहरी क्षेत्रहरूमा माओवादीको पहुँचको प्रदर्शन गरिदियो। यसले सन् २००१ को पहिलो युद्धविराम कालमा खास गरेर १९९० पछि च्याउझैं फैलिएका शुल्क तिर्नुपर्ने निजी

•• ऐ.ऐ.।

•• ऐ.ऐ.।

•• "ऐतिहासिक जनयुद्धको थालनीसम्बन्धी सैद्धान्तिक प्रस्तावनाहरू", माथि उल्लेखित।

•• "जनयुद्धका अनुभवहरू र केही महत्त्वपूर्ण प्रश्नहरू", माथि उल्लेखित।

•• जनगणतन्त्र चीनको संविधानको प्राक्कथनमा भनिएको छ – "जनगणतन्त्र चीनको स्थापना गर्ने महान् सङ्घर्षको क्रममा हाम्रो देशका जनताले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा सबै जनवादी वर्ग, पार्टी र समूहहरू तथा जन सङ्गठनहरूको योगबाट जनताको व्यापक जनवादी संयुक्त मोर्चा निर्माण गरे। जनताको यो जनवादी मोर्चाले (समाजवादतर्फको) सङ्क्रमणको प्रक्रियामा र भित्र तथा बाहिरका शत्रुहरूको विरोध गरी राज्यका आधारभूत अभिभारा पूरा गर्ने साझा सङ्घर्षमा समस्त जनतालाई परिचालन र गोलबद्ध गर्ने कार्यमा आफ्नो भूमिका निर्वाह गरिरहनेछ।" *Documents of the First Session of the First National People's Congress of the People's Republic of China* (पेकिङ, १९५५), पृ. १३४।

•• संयुक्त क्रान्तिकारी जनपरिषद्को प्रेस वक्तव्य, २६ नोभेम्बर २००१।

•• "माओवादी समस्याको समाधानसम्बन्धी उच्चस्तरीय सिफारिस समितिको प्रतिवेदन २०००", श्री ५ को सरकार, पृ. १२।

•• www.cpnm.org लगायत विभिन्न सञ्चारमाध्यमका स्रोतहरूबाट सङ्कलन गरिएको।

विद्यालयहरूको शैक्षिक व्यवस्थामा रहेका अदक्षताहरू र असमानताहरूलाई निसाना बनाएर आफ्ना क्रियाकलापहरूलाई थप विस्तार गऱ्यो। निजी विद्यालयहरूको शुल्क घटाउने यसको अभियान एउटा निकै चलाखीपूर्ण कार्यनीति थियो जसले आफ्ना बालबालिकाहरूको शिक्षाका लागि सङ्घर्षरत निम्न मध्यमवर्गीय समूहको ठूलो सङ्ख्याको मन जित्यो। अनेरास्ववियु (क्रान्तिकारी) आफ्नो सदस्यता सङ्ख्या धेरै भएको दाबी गर्छ तर सहरी विद्यालयहरू र क्याम्पसहरूमा यसको स्थापित संरचना भने छैन। तथापि, यसले राजनीतिक हस्तक्षेपहरू, अक्सर विद्यालयहरू बन्द गराउने जस्ता क्रियाकलापहरू गरिनै रहन्छ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घ (क्रान्तिकारी) केही समय यता क्रियाशील पहिचान आर्जन गरेको अर्को सङ्गठन हो जसले नाम मात्रकै भए पनि केही दर्जन युनियनहरूलाई आपसमा आबद्ध गरेको छ।•• यो सङ्घको प्रमुख उद्देश्य औद्योगिक कारबाहीहरू•••••• माओवादी उद्देश्यलाई अघि बढाउनु र औपचारिक अर्थतन्त्रका विभिन्न क्षेत्रका श्रमिकहरूलाई सङ्गठित गरी समर्थनको आधारलाई परिचालन गर्नु हो। जानकारीमा आएअनुसार यसका नेताहरू र सदस्यहरूले काठमाडौँ, विराटनगर र वीरगन्जका उद्योगपतिहरू र व्यापारीहरूबाट "चन्दा" सङ्कलन गर्ने काममा पनि महत्त्वपूर्ण भूमिका खेलेका छन्।•• सुरुमा जबर्जस्ती चन्दा, तोडफोड र बम विस्फोटनको पछिल्तिर यो सङ्घको हात रहेको छ भनिन्थ्यो तर सेप्टेम्बर २००४ पछि भने विदेशी पुँजी र शोषणकारी बहुराष्ट्रिय निगमहरूसम्बन्धी श्रमिकहरूका शर्तहरू र उजुरीहरूलाई लिएर बाह्रओटा प्रमुख व्यापारिक प्रतिष्ठानहरूलाई बन्द गर्न बाध्य गराएपछि भने यसको प्रतिष्ठा व्यापक रूपले बढेर गयो।•• यसले सोल्टी होटल परिसरमा सानो बम आक्रमण गरेर आफ्नो हडताल लागू गऱ्यो, जुन हडतालले पर्यटन क्षेत्रमा क्षति पुऱ्यायो र साथै राजपरिवार विरुद्ध गरिएको प्रतीकात्मक आक्रमणलाई पनि जनायो, जुन परिवारको सोल्टी होटलसँग गहिरो सम्बन्ध रहेको छ।••

तर माओवादीहरूले चिनियाँ क्रान्तिमा निर्णायक रहेको जस्तो संयुक्त मोर्चा बनाउन भने अझै बाँकी छ। आफूलाई निःशर्त समर्थन गर्ने सङ्गठनहरूको निर्माण गर्नु र भिन्नभिन्न उद्देश्य भएका शक्तिहरूलाई सीमित साझा उद्देश्यहरू भएका अभिभारामा साझेदारी गर्न सामेल हुनका लागि सम्झाइ-बुझाइ गर्नु फरक कुरा हुन्। यसो हुनाको मुख्य कारण सायद देशभरि नै अन्य दलहरूका जोदाहाहरूलाई निसाना बनाई राजनीतिक प्रतिस्पर्धालाई निर्मूल पार्ने माओवादीहरूको बाध्यकारी नीति नै हो। यसले गर्दा अन्य राजनीतिक समूहहरूसँग सहकार्य गर्नका लागि आवश्यक पर्ने अनुकूल वातावरणलाई चाहिने खालको समझदारीका लागि उर्वर भूमिको सिर्जना हुन सकेको छैन। न फेब्रुअरी २००५ मा भएको शाही सत्तापलटको समयसम्म मूलधारका दलहरूभित्र माओवादीसँग गरिने कुनै पनि गठबन्धन सुरक्षायुक्त र लाभदायक होला भन्ने पर्याप्त भावना नै थियो। उक्त घटनापछि मूलधारका दलहरूसँग एकसाथ कार्य गर्न माओवादीबाट भइरहेका प्रयासहरू उनीहरूले सच्चा संयुक्त मोर्चा निर्माण गर्न सक्लान् वा नसक्लान् भन्ने कुराको पहिलो र सम्भवतः अति महत्त्वपूर्ण परीक्षण हुनेछन्।

•• यी युनियनहरूमा अखिल नेपाल गलैँचा मजदुर सङ्घ, अखिल नेपाल यातायात मजदुर सङ्घ, अखिल नेपाल होटल तथा रेस्टुरेन्ट मजदुर सङ्घ, अखिल नेपाल निर्माण मजदुर सङ्घ, अखिल नेपाल मिटर टेम्पो मजदुर सङ्घ, अखिल नेपाल प्रेस मजदुर सङ्घ, अखिल नेपाल थाङ्का कला मजदुर सङ्घ, अखिल नेपाल चित्रकार सङ्घ, नेपाल पसल मजदुर सङ्घ, नेपाल प्रगतिशील समाचारपत्र विक्रेता सङ्घ र हिमालयन ट्रेकिङ मजदुर सङ्घ पर्दछन्।

•• शाही नेपाली सेनाका अधिकारीहरूसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौँ, मार्च २००५।

•• मुकुल हुमागाई, "अर्थतन्त्र ध्वस्त बनाउने नियत", *नेपाल,* २९ अगस्त २००४।

•• "विद्रोहीहरूले नेपालका औद्योगिक प्रतिष्ठानहरू बन्द गर्न वाय गराए", बीबीसी समाचार, १७ अगस्त २००४, http://newswww.bbc.net.uk/2/hi/south_asia/3571884.stm मा पनि उपलब्ध छ।

## ४. नेतृत्व, समर्थनको आधार र स्रोतहरू

### क) नेतृत्व, कमान्ड र नियन्त्रण

सामान्यतः माओवादीहरू अनुशासित र एकताबद्ध छन्, तर त्यसो हुँदाहुँदै पनि आफ्नो विशाल आन्दोलनलाई नियन्त्रणमा राख्ने कार्यमा भने उनीहरूले समस्याहरूको सामना गर्नुपरेको छ। सन् १९९५ मा नेकपा (माओवादी) को गठन भए यता त्यसमा एउटा पनि फुट भएको छैन, तर त्यसको विपरीत मूलधारका प्रत्येक प्रमुख दलहरूमा भने कम्तीमा पनि एक पटक फुट भएको छ। प्रचण्डले पार्टीभित्रको अख्तियारमा आफ्नो एकाधिकारप्रति गम्भीर चुनौतीको सामना गर्नुपर्ने सम्भावना नभएझैं लाग्छ। बाबुराम भट्टराईबाहेक उनको अख्तियारीमाथि खतरा उत्पन्न गर्ने पर्याप्त उचाइ भएका अन्य नेताहरू पार्टीमा छैनन्। बाबुराम स्वयंले नेतृत्व हत्याउने आफ्नो कुनै योजना नभएको कुरा बारम्बार बताएका छन् र २००५ को पूर्वार्द्धमा आफूले भोग्नुपरेको अनुशासनको कारबाहीबाट उनले चेतेको पनि हुनुपर्छ। तर यस प्रकारको अनुशासन कायम राख्नका लागि निरन्तरको प्रयास जरुरी हुन्छ। वरिष्ठ नेताहरू नीतिगत विवादहरू सह्माल्नमा र मतमतान्तरहरूलाई ठूलो क्षति पुऱ्याउने अवस्थामा पुग्न नदिने प्रयास गर्नमा आफ्नो निकै समय खर्च गर्ने गर्छन्। शाही नेपाली सेनाको भनाइअनुसार यसबाट योजना र रणनीतिको कार्यान्वयनबाट अन्यत्र ध्यान मोडिन नदिई कारबाहीजन्य प्रभावकारितामा प्रत्यक्ष प्रभाव पर्ने गरेको छ।[••]

पार्टीभित्र अन्य खिचातानीहरू पनि छन् तर हाल तीमध्ये कुनैले पनि पार्टीको एकता वा कार्यक्षमतामा गम्भीर खतरा पैदा गरेका छैनन्। पार्टी र विभिन्न जनजातीय मोर्चा सङ्गठनहरूबीचको सम्बन्ध नै हाल सम्भावित विभाजनहरूको सबैभन्दा स्पष्ट क्षेत्र हो। सन् २००४ मा सप्तरीमा उल्लेख्य फुटहरू भए जहाँ माओवादी नेता जयकृष्ण गोइत मधेसी राष्ट्रिय मुक्ति मोर्चाबाट अलग्गिए र उता पूर्वी पहाडमा चाहिँ किराँत राष्ट्रिय मोर्चाबाट अनेकौं दलबदल कार्यहरू भए। यी घटनाहरूले उल्लेख्य रूपले प्रेसको ध्यान तानेका भए तापनि यिनले आन्दोलनमा गम्भीर क्षति पुऱ्याउने सम्भावना नभएको कुरामा जोड दिएका छन्।[••] तर शाही सत्तापलटपछिका महिनाहरूमा यसै प्रकारका विवादहरू उत्पन्न भएको तथ्यले माथिका घटनाहरूबाट साँच्ची नै गम्भीर चुनौती पैदा भएको कुरा झल्किन्छ।[••]

थुप्रै वरिष्ठ नेताहरूको गिरफ्तारीबाट माओवादीहरूलाई गम्भीर समस्या हुन गएको छ। भारतका कारागारमा रहेका केन्द्रीय तहका १५ जना कार्यकर्ताहरूमध्ये मोहन वैद्य (किरण) एक जना वरिष्ठ विचारक र सम्मानित व्यक्तित्व हुन् जसले विगतमा प्रचण्ड र भट्टराईबीचका मतभिन्नताहरूलाई मत्थर पार्न सघाउ पुऱ्याएका थिए। भारतीय कारागारमै रहेका अर्को वरिष्ठ नेता सीपी गजुरेल (गौरव) हुन् जो नक्कली बेलायती पासपोर्टका आधारमा चेन्नाईमा गिरफ्तार हुनुअघि अन्तर्राष्ट्रिय विभागमा कार्यरत थिए। बन्दी बनाइएका अन्य सहकर्मीहरू पनि महत्त्वपूर्ण कार्यहरू गरिरहेका थिए, त्यसकारण उनीहरूलाई गुमाउनुपर्दा माओवादीको क्षमतामा असर परेको छ।[••] दुई महत्वपूर्ण नेताहरूलाई भारतमा गिरफ्तार गरी नेपाललाई बुझाइएको थियो जसमध्ये मातृका यादवको तराईमा माओवादीको विस्तार र परिचालनमा केन्द्रीय भूमिका रहेको थियो भने सुरेश आलेमगरचाहिँ आन्दोलनभित्रका जनजातीय जोदाहाहरूमध्ये प्रमुख व्यक्ति थिए। माओवादीले ३ सेप्टेम्बर २००५ मा एकतर्फी युद्धविरामको घोषणा गरे यता मध्यम तहका थुप्रै कमान्डरहरू गिरफ्तार भएका छन्, जसमध्ये कतिपय कमान्डरहरू आफ्नै लापरबाहीको कारण गिरफ्तार भएको कुरा स्पष्ट छ।[••]

सर्वाधिक क्षमतावान् माओवादी नेताहरूमध्ये धेरै जना मारिएका छन्। पोलिटब्युरोका वैकल्पिक सदस्य सुरेश वाग्ले (वासु) ८ सेप्टेम्बर १९९९ मा गोरखामा पुलिस•••••• मारिएका थिए, केन्द्रीय नेता दण्डपाणि न्यौपाने (दीपेन्द्र शर्मा) २१ मे १९९९ मा काठमाडौंबाट बेपत्ता पारिएका थिए जसलाई मारिएको अनुमान गरिन्छ। क्षेत्रीय तहका नेता र माओवादमुखी पत्रकार कृष्ण सेन २००१ को पहिलो सङ्कटकालमा प्रहरी हिरासतमा मारिएका थिए, दोलखा जिल्लाबासी केन्द्रीय समितिका सदस्य रितबहादुर खड्का (प्रताप) जुलाई २००२ मा रौतहटमा मारिएका थिए, केन्द्रीय समितिका सदस्यहरू मोहनचन्द्र गौतम (कुमार) र शेरमान कुँवर (विशाल) ५ सेप्टेम्बर २००४ मा सिरहामा मारिएका थिए।[••] केन्द्रीय समितिका सदस्य तथा ब्रिगेड कमान्डर नेपबहादुर केसी (परिवर्तन) को १३ मे २००४ मा दुर्घटनामा मृत्यु भएको थियो,[••] अनि केन्द्रीय समितिका सदस्य तथा सतबरिया दोस्रो ब्रिगेडका कमान्डर जित मार्च २००५ मा बर्दियामा सैनिक झडपमा मारिएका थिए।[••]

खास गरेर शाही नेपाली सेना खटिएपछि आत्मसमर्पणका घटनाहरू पनि बढेका छन्, जस्तो कि ब्रिगेड कमान्डर होमप्रकाश श्रेष्ठ (हिमाल), बटालियन कमान्डरहरू जयबहादुर घर्ती (प्रभात) र मानबहादुर मल्ल (सङ्घर्ष) र कम्पनी कमान्डर ज्ञानु छन्त्याल

[••] *अन्नपूर्ण पोस्ट*मा २१ मे २००५ मा प्रकाशित मेजर जनरल किरणशमशेर थापाको मूल्याङ्कन हेर्नुहोस्।

[••] क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौं, मार्च २००५।

[••] सेप्टेम्बर २००५ मा तेह्रथुममा माओवादीहरूबीच भद्रगोलको स्थिति उत्पन्न भएको (क्राइसिस ग्रुपसँग भएको इमेल संवाद) र मधेसी कार्यकर्ताहरूले पार्टी हाईकमान्ड विरुद्ध विद्रोह गरेको कुरा सुन्नमा आयो, *द हिमालयन टाइम्स*, २० सेप्टेम्बर २००५।

[••] उनीहरूमा कुलप्रसाद केसी, हितबहादुर तामाङ, लोकेन्द्र बिष्ट, दिलीप महर्जन, चित्रनारायण श्रेष्ठ र अनिल शर्मा जस्ता पार्टीका सक्षम व्यवस्थापकहरू पर्दछन्।

[••] उदाहरणका लागि, चौधौं बटालियन कमिसार उमेश श्रेष्ठ (अनिल), खोटाङ जिल्लाका इन्चार्ज गणेश कार्की (प्रभात) र अनेरास्ववियुको केन्द्रीय समितिका सदस्य रत्न ढकाल सेप्टेम्बर-अक्टोबर २००५ मा काठमाडौंमा सुरक्षाकर्मीका हातबाट गिरफ्तार भएका थिए। सप्तरी जिल्लाका इन्चार्ज शिवराम यादव (सुवास) पनि १ अक्टोबर २००५ मा सप्तरी जिल्लाको कन्चनदाहामा गिरफ्तार भएका थिए।

[••] सिन्धुली घर भएका विशाल सोलु-सल्लेरी छैटौं ब्रिगेडका कमिसार थिए।

[••] प्रचण्ड, प्रेस वक्तव्य, ५ जून २००४।

[••] जित शाही नेपाली सेनाद्वारा मारिने दोस्रो ब्रिगेड कमान्डर थिए।

(प्रताप) ले आत्मसमर्पण गरेका छन्।•• आत्मसमर्पण गर्ने राजनीतिक कार्यकर्ताहरूमा क्षेत्रीय ब्युरोका सदस्यहरू खोपबहादुर कँडेल, रवि कार्की र माण्डवराज कार्की पर्दछन्।

आत्मसमर्पण र दलबदलका घटनाहरू धेरैजसो पार्टीको तल्लो तहमा घटेका छन् तर यो प्रवृत्ति केन्द्रीय तहसम्म विस्तारित भएको भने देखिँदैन। तर केन्द्रीय समितिका सदस्यहरू रवीन्द्र श्रेष्ठ, रेखा शर्मा, मुमाराम खनाल, कृष्णध्वज खड्का र वामदेव छेत्रीलाई पार्टीले २००१ मा राज्यअन्तर्गत हिरासतमा रहँदा "कमजोरी" प्रदर्शन गरेको आरोप लगाएको थियो। जसमध्ये शर्मा, खड्का र खनाललाई पुनःस्थापित गरिएको छैन र खनालले चाहिँ आफू नेकपा (माओवादी) मा सम्बद्ध नभएको कुरा सार्वजनिक रूपले घोषणा गरेका छन्।••

प्रचण्डको आदेश माओवादी आन्दोलनभरि नै जारी हुन्छ र केन्द्रीय तहका निर्णयहरू क्षेत्रीय, जिल्ला र गाउँ तहहरूमा जारी हुन्छन्। कमान्डको यो शृङ्खलामा लामा ठूला व्यवधानहरू पैदा भएका छैनन्। त्यसकारण यस हदसम्म आन्दोलन एकीकृत र अनुशासित रहेको छ। यसो हुनाको कारण केन्द्रीय नेतृत्वको दह्रो पकडमा रहेको सुसङ्गठित राष्ट्रिय कमान्डको संरचना हुनु नै हो। यार्सागुम्बाको•• व्यापार गरी पैसा कमाउन खोज्ने स्थानीय माओवादीहरूसम्बन्धी सतर्कताकारी कथा-किस्साहरू जस्ता सबल केन्द्रीय व्यवस्थापन सम्बन्धी अनेकौं विवरणहरूबाट यो कुरा देखिन आउँछः "कैयौं वर्षअघि एक पटक स्थानीय माओवादीहरू स्वयंले मध्यस्थता गर्ने डिलरका रूपमा काम गरी ती ठूला कारोबारहरूबाट मुनाफा कमाएका थिए। माओवादी नेतृत्वलाई यो कुराको जानकारी भएपछि उनीहरूले यस्तो अभ्यासलाई रोकेर उक्त व्यापार परम्परागत निजी डिलरहरूलाई फर्काइदिए अनि अनुचित तरिकाले आर्जन गरिएको मुनाफा जफत गरी माओवादी केन्द्रीय कोषमा दाखिला गरे।"••

तर थुप्रै पर्यवेक्षकहरू स्थानीय कमान्डरहरूले उच्चस्तरीय नीति विरुद्ध कार्य गरेका वा उनीहरू ती नीतिहरूप्रति अनभिज्ञ रहेका जस्ता देखिने घटनाहरू औंल्याउँदै केन्द्रीय नियन्त्रणको दरिलो पकडबारे प्रश्न गर्ने गर्छन्। पार्टीले लापरबाही वा गल्तीहरू गरेबापत कारबाही पनि गरेको छ तर सामान्यतया खास दबाब परेको खण्डमा मात्र अनुशासनसम्बन्धी यस्ता कदमहरू प्रकाशमा आउँछन्। ११ अगस्त २००४ मा दैलेखका पत्रकार डेकेन्द्रराज थापाको हत्याको घटनामा यस्तै भएको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा तीव्र आलोचना भएपछि मात्र माओवादीका पश्चिमी केन्द्रीय कमान्डका इन्चार्ज दिवाकर हत्याको बयान दिन बाध्य भएका थिए। उनले थापा पत्रकार मात्र नभई उनी सुराकी पनि थिए जसले थुप्रै मानिसको हत्या गराएका थिए भनी दाबी गरे। तर माओवादीको केन्द्रीय नीतिअनुसार भने यो घटनामा गल्ती हुन गएको थियो। "यस प्रकारका गम्भीर अपराधको दोषी पाइने कुनै पनि पत्रकारलाई पक्राउ गर्न सकिन्छ तर मृत्युदण्ड भने दिइनु हुन्न।"•• उनले पार्टीले छानबिन गर्ने आदेश दिएको घोषणा गरे तर उनीहरूको वेबसाइटमा एउटा छोटो वक्तव्य देखा पर्नुबाहेक छानबिनका परिणामहरू प्रकाशित भएका छैनन्।

अनुशासनसम्बन्धी घटनाहरू घट्नुको एउटा कारण पार्टीका तल्ला तहहरूलाई दिइएको स्वायत्तताको मात्रा हो। समितिहरू र अन्य क्षेत्रीय निकायहरूलाई तिनीहरूको हैसियतअनुसार निर्णय गर्ने अख्तियार निश्चित मात्रामा प्रत्यायोजन गरिएको छ। खास गरेर तीनओटा डिभिजन कमान्डहरूलाई सिद्धान्ततः पार्टीको समग्र कार्यदिशाअनु••प आफ्ना कार्यक्रमहरू र कार्ययोजनाहरू निर्धारण गर्नका लागि उल्लेखनीय स्वतन्त्रता दिइएको छ। तर उनीहरूको नेतृत्व स्थायी समितिबाट बनेर आउने हुनाले उनीहरू•••••• शीर्षस्थ तहमा सहमति नभएको कार्यदिशा अपनाउने सम्भावना न्यून छ।••

स्थानीय र जिल्ला समितिहरूलाई सैनिक निसाना र हत्याबारे निर्णय गर्न दिइएको छ। तर यो अधिकारको दुरुपयोग भने बल्झिरहने घटनाक्रम बनेको छ।•• माओवादी आन्दोलनको सबैभन्दा संवेदनशील अङ्ग अर्थात् जनसेनामा भने अहिलेसम्म आन्तरिक अनुशासनहीनता वा अराजकता उल्लेखनीय रूपमा देखिएको छैन।•• यसो हुनाको आंशिक कारण दोहोरो सैनिक/राजनीतिक नेतृत्वको प्रणाली नै हो। कमान्डरहरूले कारबाहीमा छापामारहरूको नेतृत्व गर्छन् भने कमिसारको पार्टीको दर्जा भने अलि उच्च हुन्छ। महत्त्वपूर्ण निर्णयहरू कमान्डर र कमिसारले संयुक्त रूपबाट गर्ने व्यवस्थाले अनुशासनहीनताको सम्भावनालाई घटाउँछ।

माओवादीहरू अराजक वा "अनियन्त्रित भीड" मा पतित भए भन्ने दाबी अतिशयोक्तिपूर्ण देखिन्छ र उनीहरूको सैनिक कमान्डले यो दाबीलाई अस्वीकार गरेको छ। तर माओवादीहरू व्यापक रूपले फैलिएको वैयक्तिक अनुशासनको समस्याबाट भने हैरान भएका छन्। यसो हुनाको आंशिक कारण उनीहरूको शीघ्र विस्तार हो। आरम्भका वर्षहरूमा उनीहरूका कार्यकर्ताहरूको छनोट होसियारीसाथ गरिन्थ्यो। उनीहरूलाई मिहिन रूपले केलाइन्थ्यो र

•• शाही नेपाली सेनाले यी सबै माओवादी कमान्डरहरूलाई एउटा प्रेस भेटघाटमा प्रस्तुत गरेको थियो। हेर्नुहोस् *नेपाल*, ३० जनवरी २००४।

•• मुमाराम खनालसँग लिइएको अन्तर्वार्ता, *नेपाल*, ८ मे २००५।

•• यार्सागुम्बा नेपालको हिमाली भेकमा पाइने र भारत तथा चीनमा निर्यात गरिने ज्यादै मूल्यवान् परम्परागत औषधि हो।

•• रबर्ट गर्सोनीको रिपोर्ट, Robert Gersony, "Sowing the Wind: History and Dynamics of the Maoist Revolt in Nepal's Rapti Hills", मर्सी कोर इन्टरन्यासनल समक्ष दाखिला गरिएको रिपोर्ट, अक्टोबर २००३, पृ. १४, http://www.mercycorps.org/items/1662/ मा पनि उपलब्ध।

•• दिवाकर, नेकपा (माओवादी) का पश्चिमी केन्द्रीय कमान्डका इन्चार्ज, प्रेस वक्तव्य, २१ अगस्त २००४।

•• क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौं, मार्च २००५।

•• माओवादी कार्यकर्तासँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, नेपालगन्ज, फेब्रुअरी २००४। यस प्रकारका निर्णयहरू एउटा समिति वा सैनिक आयोगद्वारा गरिन्छन्। तर यसमा प्रमुख भूमिका भने सचिव, कमान्डर र कमिसारको हुन्छ।

•• "जनमुक्ति सेनाको घोषणा", जनमुक्ति सेनाको पहिलो राष्ट्रिय सम्मेलनद्वारा पारित दस्तावेज, सेप्टेम्बर २००१।

उनीहरूलाई जिम्मेवारी दिइनुभन्दा पहिले मार्क्सवादी र माओवादी सिद्धान्तको शिक्षा दिइन्थ्यो। यसबाट सानो तर राजनीतिक दृष्टिले केन्द्रित र अनुशासित समूहको निर्माण हुन्थ्यो।

तर खास गरेर शाही नेपाली सेनालाई परिचालन गरिएपछि भर्तीको आवश्यकता बढ्नाको कारण आन्दोलन ज्यादै तीव्र गतिले विकसित भएको हुनाले होसियारीसाथ छनोट गर्ने प्रक्रिया परित्यक्त हुन पुग्यो। राजनीतिक र सैनिक दुवै मोर्चामा पार्टी कार्यकर्ताहरूको औसत उमेर घट्यो। परिणामस्व••प, अनुशासनहीनता र यससित सम्बन्धित समस्याहरू ह्वात्तै बढे। माओवादी आदर्श वचन "बन्दुकले विचारलाई नियन्त्रण गर्ने हैन, विचारले बन्दुकलाई नियन्त्रण गर्नुपर्छ" भन्ने हुन्थ्यो। तर थुप्रै कार्यकर्ताहरूका दृष्टिमा बन्दुक बढी शक्तिशाली भएझैं लाग्छ। यो समस्या हटाउनका लागि बेलाबखत आन्तरिक सुधारात्मक कदमहरू चालिएका छन्।

माओवादीहरू कमान्ड र नियन्त्रणको सङ्कटमा पुगिहाले जस्तो लाग्दैन। तर उनीहरूले समस्याहरूको सामना गर्नुपरेको कुरा भने स्पष्ट छ। माओवादी आन्दोलन विशाल र विस्तारित हुनाको कारण यसमा निःसन्देह आपराधिक तत्वहरू आकर्षित हुने नै भए, जसबाट आन्तरिक व्यवस्थापनसम्बन्धी चुनौतीहरू आइलागेका छन्। मृत्यु, गिरफ्तारी र आन्तरिक विवाद•••••• वरिष्ठ नेताहरू गुम्नाले गर्दा उनीहरूको क्षमतामा आघात पुग्न गएको छ। आन्तरिक खिचातानीहरूबाट आम मनोबलका साथै कारबाहीजन्य प्रभावकारितामा समेत खास रूपले क्षति पुग्ने गरी असर परेको छ। २००५ को आरम्भमा प्रचण्ड-बाबुरामबीचको सहकार्य भ••• भयो होला भनी तीव्र अनुमान गरिएको अवधिमा अनेकौं महत्वपूर्ण सैनिक पराजयहरू भोग्नुपरेको तथ्य निश्चय नै संयोग होइन।

## ख) सदस्यता र समर्थनको आधार

माओवादी आन्दोलन जुन हदसम्म विकसित भयो, समर्थनको ठूलो आधारलाई परिचालन नगरी त्यसो हुन सम्भव थिएन। यद्यपि त्यो नेपालको जनसङ्ख्याको सानो प्रतिशत मात्र हो। उदाहरणका लागि, शाही नेपाली सेनाको आकलनअनुसार सशस्त्र कार्यकर्ताहरू र १४ हजार राजनीतिक कार्यकर्ताहरूबाहेक माओवादीका करिब एक लाख समर्थक हुन सक्छन्।•• माओवादीहरू स्पष्टतः योभन्दा कता हो कता ठूलो सङ्ख्याको दाबी गर्दा हुन्। यसबाहेक निश्चय नै गुप्त रूपले सहानुभूति राख्नेहरू र प्रतिबद्ध समर्थकहरूको झनै ठूलो जमात छ। शाही नेपाली सेनाका अवकाशप्राप्त लेफ्टिनेन्ट जनरल सदिपबहादुर शाहको आकलनअनुसार माओवादीका २४ हजार क्रियाशील समर्थकहरू र दुई लाख सहानुभूतिदाताहरू छन्।••

थुप्रै सर्वेक्षणहरूले के कुराको सङ्केत गरेका छन् भने स्वतन्त्र र स्वच्छ निर्वाचनमा माओवादीहरूले प्राप्त गर्ने मतको प्रतिशत न्यून हुन सक्छ। तर त्योभन्दा निकै बढी मतदाताहरू उनीहरूले अपनाएका साधनहरूसँग असहमत हुँदाहुँदै पनि उनीहरूका उद्देश्यहरूसँग भने सहमत छन्। समग्र रूपमा माओवादीहरूलाई समर्थन गर्ने मानिसहरू तीन कोटिका छन् - 'प्रतिबद्ध पूर्णकालिक कार्यकर्ताहरू', जसले भूमिगत भएर सैनिक वा राजनीतिक कार्यमा भाग लिएका छन्। समर्थकहरू, जसले खुला रूपले काम गर्छन् र जसले आफू माओवादी भएको घोषणा नगरे तापनि अनेक तरिकाले सहयोग जुटाउँछन् र सहानुभूति राख्ने मानिसहरू, जसले व्यावहारिक सहयोग गरिहाले पनि थोरै मात्र गर्छन्। यस कोटिमा ती मानिसहरू पनि पर्न सक्छन् जो माओवादी हिंसाप्रति असन्तुष्ट भएर पनि उनीहरूको राजनीतिक एजेन्डालाई समर्थन गर्छन्।••

### १. वर्ग

माओवादीहरूले सशस्त्र सङ्घर्षको थालनी गर्नुभन्दा पहिले आफ्नो समर्थनका लागि आशा गर्न सकिने प्रेरक शक्तिहरूको वर्ग विश्लेषण गरे। उनीहरूले समर्थनको अपेक्षा गर्न सकिने छओटा व्यापक वर्गहरूको पहिचान गरे। जसमध्ये सर्वहारा वर्ग, गरिब किसानहरू, मध्यम किसानहरू, धनी किसानहरू, निम्न पुँजीपति वर्ग र राष्ट्रिय पुँजीपति वर्ग थिए।•• यी पछिल्ला तीनओटा वर्ग "ढुलमुले सहयोगीहरू" मात्र हुने अपेक्षा गरियो। यद्यपि माओवादीहरूले निम्न पुँजीपति वर्गलाई भने "महत्वपूर्ण सहायकको भूमिका" खेल्ने सम्भावना भएको वर्गका रूपमा आकलन गरे। उनीहरूले "साम्राज्यवादीहरू" र "प्रतिक्रियावादी शक्तिहरू" बुद्धिजीवीहरूलाई सहवरण गर्नमा केन्द्रित रहेको कुरा पनि औँल्याए।

माओवादीहरू परम्परागत मार्क्सवादीहरूझैं नेपालको सर्वहारा वर्ग सानो भए तापनि "यो सर्वाधिक क्रान्तिकारी वर्ग" हो र "अन्य सहयोगी वर्गहरूको पहिचान गर्ने र तिनीहरूलाई नेतृत्व दिने ऐतिहासिक दायित्व" यसैका काँधमा रहेको छ भन्ने कुरामा विश्वास गर्छन्। तथापि उनीहरूले के निष्कर्ष निकाले भने ग्रामीण तथा सहरिया मजदुरहरूको सम्मिश्रण अर्थात् "कृषि कामदारहरू, बँधुवा मजदुरहरू, भूमिहीन किसानहरू, कुल्लीहरू, गरिब किसानाहरू र हाम्रो सन्दर्भमा गाडावालहरू, रिक्सा चालकहरू, टेम्पो, ट्याक्सी आदिका चालकहरू र यातायात तथा होटल मजदुरहरू आदि" को सम्मिश्रण नै मुख्य प्रेरक शक्ति हुनेछ। चाखलाग्दो कुरा के छ भने भूमिमा स्वामित्व हुँदाहुँदै पनि कठिनाइसाथ जीवन यापन गर्ने हुनाले र पहाडी भेकमा उनीहरूको सङ्ख्या अन्य वर्गहरूको भन्दा बढी हुनाले मध्यम किसानहरूलाई पनि उनीहरूले माथिको पङ्क्तिमा सामेल गरे।••

माओवादीहरूले मिलेर काम गर्ने प्राथमिक वर्गका कोटिहरू यी थिए भने अन्य कम्युनिस्ट समूहहरूले निर्माण गरी मार्क्सवादमा दीक्षित भएका कार्यकर्ताहरूको आधारले उनीहरूलाई सघाउ पुऱ्यायो। मूलधारका कम्युनिस्ट पार्टीहरूका केही असन्तुष्ट सदस्यहरूलाई दलबदल गराएर फाइदा लिन माओवादीहरू समर्थ भए। एक जना

•• कर्नेल भिक्टर जेबी राणा, शाही नेपाली सेनाको पत्रकार सम्मेलन, *The Kathmandu Post*, २१ मे २००५।

•• सदिपबहादुर शाह, "भविश्यहीन विद्रोह", *समय*, ३० डिसेम्बर २००४।

•• माओवादी सङ्गठनहरू र अन्य राजनीतिक दलका कार्यकर्ताहरूसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, २००४ र २००५।

•• "नेपालमा सशस्त्र सङ्घर्षको रणनीति र कार्यनीतिहरू", माथि उल्लेखित।

•• ऐ.ऐ.।

माओवादी नेताको भनाइअनुसार खास गरेर देशको पूर्वी भेगमा एमालेका कार्यकर्ताहरू दलबदल गरी माओवादीमा भित्रिए।•• विचारधारात्मक दृष्टिले खारिएका यी कार्यकर्ताहरूले माओवादीहरूलाई प्रारम्भिक कालको आफ्नो विस्तारमा सघाउन महत्वपूर्ण भूमिका खेले।

माओवादीहरूका सुरुका अनेकौं अभियानहरूले पनि व्यापक जनसहानुभूति प्राप्त गर्न सघाउ पुऱ्याए। केन्द्रीय सरकार•••••• लामो समयदेखि उपेक्षा गरिएका र देशको असमान विकासप्रति सचेत भएका मानिसहरूका लागि माओवादीहरूले नयाँ आशाको ढोका खोलिदिए जस्तो लाग्यो। "जनअदालत" बाट न्याय दिने प्रथम परीक्षणहरूमा शोषणकारी सुदखोर र भूमिपतिहरूलाई दण्ड दिइँदा त्यसले जनसमर्थन प्राप्त गऱ्यो भने मदिराको दुरुपयोग र घरेलु हिंसा विरोधी अभियानहरूले माओवादीहरूको साहसिक र सुधारवादी छवि निर्माण गरिदिए। तर यी अभियानहरूको आकर्षण छिटै धमिलिएर गयो, अनि यी अभियानहरूको सन्देहास्पद प्रभावका कारण माओवादीको सबलतालाई उकास्ने तिनको क्षमता सीमित बन्न पुग्यो।

## २. जनजाति र जात

अन्यथा बहिष्कृत भएका जनजाति र जात समूहहरूको व्यापक सहभागिता माओवादी आन्दोलनको एउटा उल्लेख्य विशेषता हो।•• तर यो सहभागिता उपल्ला तहहरूको नियन्त्रणमा रूपान्तरित हुन भने सकेन। स्वतन्त्र विचार भएका र आफू नेपालको राज्यबाट ऐतिहासिक कालदेखि नै बहिष्कृत भएकोमा राम्ररी सचेत मगरहरू रोल्पा र रुकुममा केन्द्रित हुनु एउटा त्यस्तो कारक थियो जसले यस्तो सहभागितालाई माओवादी परिचालनको एक उपयुक्त तत्व बनाइदियो। तर अल्पसङ्ख्यक समुदायका युवाहरूलाई नेतृत्वले कुभावनासाथ नचाएर तोपको चारोभन्दा पनि तुच्छ वस्तुका रूपमा उपयोग गऱ्यो भनी बारम्बार आरोप लगाइएको छ।

माओवादीको सात सदस्यीय स्थायी समितिमा रामबहादुर थापा र नवनियुक्त देव गुरुङ गरी अल्पसङ्ख्यक जनजाति समुदायहरूका दुई जना सदस्य मात्र छन्। अन्य निकायहरू भने बढी प्रतिनिधित्वयुक्त छन्। संयुक्त क्रान्तिकारी जनपरिषद्का ३७ सदस्यहरूमध्ये २० सदस्य जनजाति र दलित समुदायहरूका छन् भने २००० मा विघटन गरिएको संयुक्त जनमोर्चामा जनजाति र दलित समुदायहरूका सदस्यहरू १६ जना थिए। माओवादी पार्टीको केन्द्रीय समितिमा पनि जनजाति, दलित र तराईबासी नेताहरूको उपस्थिति उल्लेख्य छ।•• माओवादी नेतृत्वको बनोट जेजस्तो भए पनि उनीहरूले दरबार र मूलधारका दलहरूले कहिल्यै गर्न नसकेको•• अल्पसङ्ख्यकहरूका अधिकारहरू सम्बन्धमा स्पष्ट रूपले जुन गम्भीर प्रतिबद्धता गरेका छन्, त्यसको अर्थ के हो भने उनीहरूले एउटा त्यस्तो विकल्प प्रस्तुत गरेका छन्, जुन विकल्प यस प्रकारका धेरै समुदायहरू, विशेष गरेर क्रान्तिकारी बनाइएका र मोहभ••• भएका युवाहरूका लागि चित्ताकर्षक बनेको छ।

## ३. महिलाहरू

माओवादीहरूले महिलाहरूलाई आह्वान गरी आफ्नो आन्दोलनका क्रियाशील सहभागीहरूका रूपमा भर्ती गर्न विशेष प्रयास गरेका छन्।•• लैङ्गिक समानता सदैव उनीहरूको राजनीतिक कार्यक्रमको एउटा विशेषता बनेको छ। नेकपा (माओवादी) ले आफ्नो विद्रोहको आरम्भको उद्घोष गर्ने अपिलमा भनेको छ, "महिलाहरूलाई दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्दै आएको यो राज्यले अहिले बलात्कार र चेलीबेटी तस्करीको साथै विज्ञापनहरूको माध्यमले महिलाहरूको वस्तुकरणको प्रक्रियालाई घनीभूत तुल्याएको छ।"•• संयुक्त क्रान्तिकारी जनपरिषद् आफ्नो नीतिगत घोषणापत्रमा महिला र परिवारलाई अलग्गै खण्ड दिएर "महिलाहरूमाथि हुने गरेका पितृसत्तात्मक शोषणका सबै स्व••पहरूलाई समाप्त पारिनेछ र महिलाहरूलाई पुरुषसरह समान अधिकार दिइनेछ। छोराले जस्तै छोरीले पनि पैत्रिक सम्पत्तिमा समान अधिकार उपभोग गर्न पाउने छन्। महिलाहरूलाई राज्यका सबै अङ्गहरूमा सहभागी बन्नका लागि विशेष अधिकारको व्यवस्था गरिनेछ"••• भनिएको थियो। माओवादीहरूले व्यापारिक यौनकर्मलाई उन्मूलन गर्ने, चेलीबेटीहरूको तस्करी गर्नेहरूका विरुद्ध कडा कदम चाल्ने, पारस्परिक सम्मतिका आधारमा मात्र बिहा गर्न अनुमति दिने, गर्भपतन गर्न छुट दिने र पारपाचुकेसम्बन्धी कार्यविधिहरूमा महिलाहरूलाई विशेष ध्यान—दृष्टि दिने बाचा गरेका थिए।•••

•• जनमुक्ति सेनाका पूर्वी डिभिजन कमान्डर अनन्तसँग लिइएको अन्तर्वार्ता, *जनादेश,* १६ डिसेम्बर २००३।

•• सुधीर शर्मा, "माओवादी विद्रोहको जनजातीय आयाम", मे २००२ (अप्रकाशित रिपोर्ट), पृ. २६।

•• उदाहरणका लागि, देव गुरुङ, रामबहादुर थापा, मानबहादुर थापा, सुरेश आलेमगर, मातृका यादव, नन्दकिशोर पुन, वर्षमान पुन, रामचरण चौधरी, चित्रनारायण श्रेष्ठ, रवीन्द्र श्रेष्ठ, हिसिला यमी, सन्तोष बुढामगर, पूर्णबहादुर घर्ती, कुमारी मोक्तान, हितमान शाक्य, हितबहादुर तामाङ।

•• यो विफलताबारे क्राइसिस ग्रुपले मूलधारका राजनीतिक दलहरूसम्बन्धी आफ्ना पछिका रिपोर्टहरूमा विस्तारपूर्वक जाँच गर्नेछ।

•• माओवादी आन्दोलनमा महिलासम्बन्धी विषयलाई लिएर क्राइसिस ग्रुपका पछिका रिपोर्टहरूमा यथोचित् रूपले जाँचबुझ गरिनेछ। माओवादी महिलाहरू स्वयंमध्ये, मूलतः हिसिला यमी (पार्वती) ले बाहेक यस विषयमा कसैले पनि लेखेको छैनन्। उदाहरणका लागि, हिसिला यमी र बाबुराम भट्टराई लिखित मार्क्सवाद र महिला मुक्ति (उत्प्रेरक प्रकाशन, २०००) तथा अर्जुन कार्की र डेबिड सेडनद्वारा सम्पादित *The People's War in Nepal: Left Perspectives* नामक ग्रन्थमा पार्वती लिखित "जनयुद्धमा महिला सहभागिता" (दिल्ली, २००३) हेर्नुहोस्। नेपालको क्रान्तिका समस्याहरू र सम्भावनाहरू नामक ग्रन्थमा प्रचण्डको "महिला मुक्तिको समस्या र आजको आवश्यकता" शीर्षकको लेख पनि प्रकाशित भएको छ। शोभा गौतमद्वारा सम्पादित नेपालको माओवादी विद्रोहमा महिला नामक ग्रन्थमा शोभा गौतम, अमृता बाँसकोटा र रीता मनचढ्ढाका गैरमाओवादी दृष्टिकोणहरू पनि उपलब्ध छन्, पृ. ९३-१२१ र यस सन्दर्भमा Michael Hutt द्वारा सम्पादित *Himalayan People's War* नामक ग्रन्थमा मन्दिरा शर्मा र दिनेश प्रसाईं लिखित "जनयुद्धका लैङ्गिक आयामहरू" भन्ने लेख पनि प्रकाशित भएको छ (लन्डन, २००४), पृ. १५२-।

•• "नेकपा (माओवादी) को अपिल", माथि उल्लेखित।

••• संयुक्त क्रान्तिकारी जनपरिषद्को साझा न्यूनतम नीति तथा कार्यक्रम।

••• ऐ.ऐ.।

महिलाहरूलाई पार्टी, सेना र मोर्चा सङ्गठनका सबै क्षेत्रहरूमा प्रवेश गराइएको छ। माओवादी छापामार सेनामा महिलाहरू ३० देखि ४० प्रतिशतको बीचमा कतै होलान् भनी आकलन गरिएको छ।••• माओवादी महिला सङ्गठन अखिल नेपाल महिला सङ्ग (क्रान्तिकारी) ले मदिरा र घरेलु हिंसा विरोधी अभियानको नेतृत्व गरेको छ। २००१ को युद्धविराम अवधिमा यो विशेष क्रियाशील थियो। तर तत्कालीन महिला नेतृ रेखा शर्मा र अन्य वरिष्ठ व्यक्तित्वहरूको गिरफ्तारीबाट यो अभियानमा गम्भीर व्यवधान पैदा भयो। रोल्पाबासी केन्द्रीय समिति सदस्य जयपुरी घर्तीलाई २००३ मा सङ्गठनको नयाँ अध्यक्षमा नियुक्त गरियो। त्यसपछि यो महिला सङ्घले ग्रामीण क्षेत्रहरूमा बढी काम गर्न थालेको छ। प्रत्येक सैनिक एकाइमा यथासम्भव धेरै महिलाहरूलाई समावेश गर्ने माओवादीहरूको घोषित नीति छ। उनीहरूका नेताहरूको भनाइअनुसार २००० तिर थुप्रै महिला स्क्वायड कमान्डरहरू र उप—कमान्डरहरू थिए। कतिपय क्षेत्रमा त अखिल महिला छापामार एकाइहरू पनि थिए।••• हिसिला यमी (पार्वती) को भनाइमा २००४ को आरम्भसम्ममा महिलाहरूको सङ्ख्या जनमुक्ति सेनाको एकतिहाइ पुगेको थियो र उप—कमान्डर तहहरू तथा बटालियन तहमा कमिसारसम्म उनीहरूको प्रतिनिधित्व भएको थियो।•••

तथापि महिलाहरूले माओवादी आन्दोलनभित्रै समानता प्राप्त गर्नका निमित्त पनि लामो यात्रा छिचोल्न बाँकी छ। केन्द्रीय समिति र पोलिटब्युरोमा महिलाहरू ज्यादै थोरै छन् र शक्तिशाली स्थायी समितिमा त एक जनासम्म पनि छैन। पम्फा भूषाल र हिसिला यमी दुई मात्र पोलिटब्युरो सदस्य हुन् जसले अनुशासनको कारबाहीको सामना गर्नुपरेको छ। केन्द्रीय समितिका अन्य महिला सदस्यहरू हुन्, जयपुरी घर्ती, उमा भुजेल, कुमारी मोक्तान र रेखा शर्मा (जो स्पष्टतः अनुशासनको कारबाहीमा परेका छन्)। उस बेला थुप्रै पर्यवेक्षकहरूले टिप्पणी गरेझैं २००३ मा सरकारसँग भएको शान्ति वार्तामा माओवादी वार्ता टोलीमा महिलाको अभावले आन्दोलनको शाब्दिक प्रतिबद्धता झूटो भएझैं देखिन आयो।

माओवादीहरूले महिलाहरूको भूमिका तथा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा निश्चय नै एक हदसम्म परिवर्तन ल्याएको भए तापनि यो सबै परिवर्तन सकारात्मक भने छैन। द्वन्द्वग्रस्त भई ग्रामीण जनता विस्थापित हुनाको उल्लेख्य नतिजा के भयो भने पुरुषहरू गाउँ छाडेर हिँडे अनि महिलाहरूमाथि कामको पहिलेको भन्दा ठूलो बोझ थोपरियो। साथै अन्य सुधारहरूको टिकाउपनाको परीक्षण हुन पनि बाँकी नै छ। माओवादी•••••• नेतृत्व गरिएका सुधारहरूबारे सविस्तार बयान गर्ने एउटा रिपोर्टले के कुरामा सतर्क गराएको छ भने "...माओवादी कारबाही वा कारबाहीको धम्कीको कारण परिवर्तन आएझैं लाग्छ। स्थानीय जनता•••••• यी सकारात्मक अभ्यासहरूलाई निरन्तर रूपले सबल तुल्याउँदै लगिएको खण्डमा मात्र यी परिवर्तनहरू टिकाउ सामाजिक मान्यता र मूल्यहरू बन्नेछन्।"•••

## ४. सम्भावनाहरू

माओवादीहरूले प्रारम्भिक कालमा आर्जन गरेको सार्वजनिक छवि र सहानुभूति टिकाउ हुन सकेन। अधिकांश पर्यवेक्षकहरूको के विश्वास छ भने द्वन्द्वका सबै कर्ताहरू अर्थात् राजा, माओवादीहरू र राजनीतिक दलहरू यथार्थको कठोर धरालतमा स्पष्ट रूपले प्रकट भएको अवधिमा जनदृष्टिमा माओवादीको छवि र उसप्रतिको सहानुभूति उल्लेखनीय रूपमा क्षयग्रस्त हुन पुगेको छ। माओवादीहरूले पाउने जनसमर्थनको स्थिति कस्तो होला भनी सोधिएको प्रश्नको उत्तरमा एक जना खप्पिस कम्युनिस्ट जोदाहाले भने, "चार वा पाँच वर्षअघि उनीहरूले ५० प्रतिशत मत पनि प्राप्त गर्न सक्थे होलान्, दुई वर्षअघि सायद २० वा ३० प्रतिशत मत प्राप्त गर्न सक्थे होलान्, तर अहिले भने मलाई उनीहरूले १० प्रतिशत मत पनि प्राप्त गर्लान् जस्तो लाग्दैन।"••• द्वन्द्वका प्रारम्भिक चरणहरूमा जुन निष्कलङ्क आदर्शवादले माओवादीहरूप्रति निष्क्रिय समर्थनलाई प्रोत्साहित गरेको थियो। समयको क्रममा आन्दोलनले प्रगतिशील प्रतीत हुने एजेन्डाअनु••प सेवा आपूर्ति नगरी निरन्तर रूपबाट बर्बरता प्रदर्शन गऱ्यो भन्ने कुरामा यस प्रकारको मूल्याङ्कन आधारित छ।

माओवादीहरू सहरमा भन्दा ग्रामीण क्षेत्रमा समर्थन परिचालन गर्न बढी सफल भएका छन्। सन् २००१ मा पारित गरिएको "प्रचण्डपथ" को रणनीति•••••• आह्वान गरिएको सहरी विद्रोह केवल निराशाजनक निन्दाको विषय मात्र साबित भयो।••• नगर र सहरका क्रान्तिकारी विद्यार्थीहरू पनि अझै मूलधारका दलहरूभित्रै काम गर्न रुचाउँछन्, त्यसकारण माओवादीहरूले आम समर्थन प्राप्त गर्ने दिशामा कुनै उल्लेख्य पाइलो चाल्न सकेका छैनन्। फेब्रुअरी २००५ यता शाही सरकारले जसरी अपेक्षाकृत सहज तरिकाले काठमाडौंमा माओवादी बन्दको शक्तिलाई धराशयी तुल्यायो त्यसले राजधानीमा माओवादहरूप्रति प्रतिबद्ध समर्थनको अभाव भएको कुरालाई इङ्गित गर्छ।

यसबीच माओवादीहरू•••••• बढ्दो मात्रामा जबर्जस्ती भर्ती गर्ने कुराको सहारा लिइएको तथ्यले माओवादीको समर्थनको आधार खोक्रो भएको कुरालाई सङ्केत गर्छ। यसबाट लडाइँ जारी राख्ने उनीहरूको क्षमतामा भने खासै असर परेको छैन किनभने यो प्रयोजनका लागि उनीहरूले आफ्ना गुदीतुल्य छापामार कार्यकर्ताहरू र राजनीतिक कार्यकर्ताहरूलाई टिकाइराख्नु मात्र आवश्यक हुन्छ। तर यस कुराले चुनावी राजनीतिमा प्रवेश गर्ने कुराको हकमा लाभ

••• मन्दिरा शर्मा र दिनेश प्रसाईं, माथि उल्लेखित, पृ. १५४।
••• यमी र भट्टराई, माथि उल्लेखित, पृ. ६६।
••• Parvati, "Women's Participation in People's Army", *The Worker*, अङ्क ९, फेब्रुअरी २००४।
••• मुक्त सिं लामा तामाङ, सुमित्रा मानन्धर गुरुङ, धर्म स्वर्णकार र सीता रानामगर, "द्वन्द्वग्रस्त क्षेत्रहरूमा सामाजिक परिवर्तन : मूल्याङ्कन प्रतिवेदन", संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागका लागि तयार पारिएको रिपोर्ट, अगस्त २००३, पृ. २३।
••• क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, नयाँ दिल्ली, अप्रिल २००५।
••• प्रचण्डपथको रूपरेखाबारे तल हेर्नुहोस्।

वा हानिसम्बन्धी उनीहरूको रणनीति र उनीहरूका आकलनहरूमा भने असर पार्न सक्छ।

## ग) स्रोतहरू

माओवादीहरूले आफ्नो आन्दोलनका विभिन्न पक्षहरूलाई कायम राख्नको निमित्त पर्याप्त स्रोतहरू जुटाउने प्रबन्ध मिलाएका छन्। लडाकूहरूलाई हतियार र गोलाबारुद उपलब्ध गराइएको छ र पर्याप्त स्रोत लगाएर राजनीतिक अभियानलाई टिकाइएको छ। माओवादीहरूले गर्ने स्रोत परिचालनको पूरा तस्बिर प्रस्तुत गर्न सम्भव छैन, तथापि तलका खण्डहरूमा उनीहरूले स्रोत परिचालन गर्ने ढाँचाको रूपरेखा भने प्रस्तुत गरिएको छ।

### १. आर्थिक व्यवस्था

नेकपा (माओवादी) नेपालको सबैभन्दा धनी राजनीतिक दल हो। माओवादीको आम्दानी र खर्चको अचुक रूपले आकलन गर्न गाह्रो छ। यसो हुनाको मुख्य कारण आन्दोलनको प्रकृति स्वयं हो र साथसाथै अर्को कारण के पनि हो भने उनीहरूले पाउने खाना वा बासको निमित्त उठाइने करकापको चन्दाजस्तो अधिकांश सहयोग नगदको रूपमा नभई जिन्सीको रूपमा आउँछ। माओवादीहरूको आर्थिक व्यवस्थाबारे जेजति आकडाहरू उपलब्ध छन् ती छरिएका छन्, त्यसैले ती सधैँ भरपर्दा हुँदैनन्। माओवादीहरूको अधिकांश आम्दानी पार्टी सञ्चालन र सैनिक क्रियाकलापहरूमा लगाइन्छ, जसमा हजारौँ पूर्णकालिक कार्यकर्ताहरूको भरण—पोषण गर्ने कार्यमा आम्दानीको ठूलो हिस्सा खर्च हुन्छ। प्रशासनिक क्षमताहरूको विकास गर्ने कार्यमा वा विकास कार्य गर्नमा थोरै मात्र पैसा बाँडफाँड गरेको देखिन्छ।

माओवादी लडाकूहरूसँग लिइएका प्रत्यक्ष अन्तर्वार्ताहरूमा आधारित एक अध्ययनअनुसार एक जना सशस्त्र छापामारलाई लुगाफाटो र अन्य आधारभूत आवश्यकताहरू उपलब्ध गराउन वार्षिक १७ हजार रुपैयाँ लाग्छ।••• यसभित्र भोजन, बास, हतियार र गोलाबारुद तथा औषधोपचार खर्च पर्दैन। नगद वा जिन्सी जुनसुकै रूपमा किन नहोस्, यी चीजहरूमा लाग्ने खर्च माथि उल्लेख गरिएको खर्चभन्दा धेरै गुणा बढी हुन्छ। अन्य स्रोतहरू के कुरामा सहमत छन् भने छापामारहरूलाई तलब त दिइँदैन तर साबुन र टुथपेस्ट जस्ता अत्यावश्यक चीजहरूका लागि एक सय ५० रुपैयाँ मासिक भत्ता दिइन्छ।•••

माओवादी आन्दोलनको व्यापकताका कारण यसका राजनीतिक र सैनिक क्रियाकलापहरूलाई धान्नका लागि आवश्यक पर्ने स्रोतहरूको व्यापकता अ•• कुनै पनि दलको भन्दा कता हो कता धेरै छ। २००२ को आरम्भमै एक जना पूर्व माओवादी जिल्ला कार्यकर्ताले "माओवादीहरूलाई आफ्नो युद्धलाई जारी राख्न, आफ्नो छापामार शक्तिलाई भरण—पोषण गर्न र अन्य बन्दोबस्ती तथा हातहतियार आदिका लागि प्रतिमहिना एक करोड रुपैयाँ खर्च गर्नु जरुरी हुन्छ।"••• यो खर्चमा राजनीतिक र प्रशासनिक खर्चहरू परेका थिएनन्। त्यसमाथि गत तीन वर्षमा त यो आन्दोलन उल्लेखनीय रूपले विस्तार भएको छ।

बैंकको डकैती, अनुदान र जबर्जस्ती चन्दा माओवादीहरूका प्रमुख आर्थिक स्रोतहरू हुन्।••• यी तीनमध्ये बैंकहरूमा सुरक्षा प्रबन्ध दरिलो बनाइएकोले र अधिकांश ग्रामीण जिल्लाहरूमा राति सबै मौज्दात रकम सुरक्षाका लागि सैनिक ब्यारेकहरूमा लगिने हुनाले बैंक डकैती गर्न बढी गाह्रो भएको छ।••• तथापि डकैती भने चलिनै रहेको छ। माओवादीहरूले जून २००५ मा बर्दिया जिल्लामा गरेको डकैतीबाट चार लाख २० हजार रुपैयाँ (छ हजार अमेरिकी डलर) बराबर मूल्यको रकम कुम्ल्याएको दाबी गरेका छन्।••• फेब्रुअरी २००५ देखि यता माओवादीको स्रोत सङ्कलन गर्ने कार्यमाथि दमनचक्र चलाइए तापनि जबर्जस्ती रकम धुत्ने कार्य भने चलिरहेकै छ।••• माओवादीहरूलाई गोप्य रूपले रकम बुझाउनेहरूमा व्यापारीहरू,••• उद्योगपतिहरू र पसलेहरू मात्र नभई वरिष्ठ राजनीतिज्ञहरू र निजामती कर्मचारीहरूसमेत पनि पर्दछन्। माओवादीहरू आफ्नो प्रभुत्व कायम भएका ग्रामीण क्षेत्रहरूमा नगद आम्दानी हुने व्यक्तिहरू, जस्तै शिक्षकहरूबाट•••नगद "करहरू" र किसानहरूबाट मौसमी चन्दाका रूपमा बालीको एक अंश उठाउने गर्छन्।••• आम्दानी "कर" का दरहरू ५ देखि २५ प्रतिशतसम्मका छन्। माओवादीहरूका लागि पर्यटन पनि नगदको स्रोत भएको छ। उनीहरू अधिकांश लोकप्रिय पहाडी मार्गहरूमा यात्रा गर्ने पर्यटकहरूबाट अनिवार्य चन्दा उठाउँछन्।

विद्रोहले प्रगति गर्दै जाने क्रममा माओवादीहरूले भारत र समुद्रपारि अर्थ सङ्कलन गर्ने क्षमताको विकास गर्न प्रयास गरेका छन्। यो स्रोतबाट के कति उठ्ती हुन्छ त्यसको आकलन गर्न असम्भव छ, किनभने बाहिरबाट देशमा भित्रिने अधिकांश रकम नियमित रेमिट्यान्सको अत्यधिक हिस्साझैं अनधिकृत मार्गहरूबाट आउँछ। तर पश्चिम युरोपमा बस्ने माओवादीहरूको भनाइअनुसार

••• उजीर मगर, "माओवादीको युद्ध खर्च", *नेपाल*, जुलाई २००४।

••• राजेन्द्र दाहाल र मोहन मैनालीद्वारा सम्पादित बन्दुकको बोझ (काठमाडौँ, २००४), पृ. १०१।

••• पुष्कर गौतम, "रेड टेरर" (लाल आतङ्क), *Nepali Times*, ८ फेब्रुअरी २००२।

••• माओवादीहरूले बैंक डकैतीबाट फेब्रुअरी १९९६ र मे २००३ को बीचमा मात्र २८ करोड ४२ लाख रुपैयाँ (४० लाख ६० हजार डलर) बराबरको नगद र मूल्यवान् धातुहरू जफत गरेको अनुमान गरिन्छ (दाहाल र मैनाली, माथि उल्लेखित, पृ. १०५)

••• क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौँ र अन्य जिल्लाहरू, जनवरी-मे २००५।

••• "जिल्ला सदरमुकामहरूमा एकै समयमा आक्रमण", कृष्णसेन न्युज एजेन्सी, १० जून २००५ (दाहाल र मैनाली, माथि उल्लेखित, पृ. १०५ हेर्नुहोस्)।

••• "विद्रोहीद्वारा आत्मसमर्पण, जबर्जस्ती चन्दा उठाउने ५ जना पक्राउ", *The Kathmandu Post*, २६ अप्रिल २००५।

••• क्राइसिस ग्रुपले लिएका अन्तर्वार्ताहरू, काठमाडौँ, जनवरी २००५।

••• नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अनुसार नेपालका सरकारी विद्यालयहरूमा झन्डै एक लाख ४३ हजार शिक्षकहरू कार्यरत छन्, जसमध्ये अधिकांश शिक्षकहरू ग्रामीण क्षेत्रमा काम गर्छन् र उनीहरू आफ्नो मासिक तलबको ५ देखि २५ प्रतिशतसम्म तिर्न बाध्य छन्।

••• क्राइसिस ग्रुपद्वारा लिइएको अन्तर्वार्ता, काठमाडौँ, जनवरी २००५।

उनीहरू व्यक्तिगत रूपमा वा आफूलाई समर्थन गर्ने सङ्गठनहरूमार्फत चन्दा सङ्कलन गर्न समर्थ भएका छन्।••• माओवादी कार्यकर्ताहरूबाट उठाइने चन्दा बाह्य स्रोतहरूबाट उठाइने रकमको दाँजोमा ज्यादै न्यून छ।

केन्द्रीकृत प्रयासहरूको अतिरिक्त माओवादी क्षेत्रीय स्वायत्त सरकारहरूलाई आफैँ लेभी उठाएर आर्थिक दृष्टिले आत्मनिर्भर बन्ने प्रयास गर्न निर्देशन दिइएको छ। यसको नतिजास्व••प राजस्वका सम्भाव्य अवसरहरूको खोजी गर्नका लागि प्राकृतिक स्रोतहरूको पहिचान गर्नतर्फ लम्किने कार्य भएको छ। सेती—महाकाली सरकार प्रमुखले जनाएअनुसार "हाम्रो सरकार सञ्चालन गर्ने रकम हाम्रो क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतहरू (जस्तो कि जडीबुटी र काठपात) मा लगाइने करहरू, व्यापारमा लगाइने महसुल र विभिन्न पेसाकर्मीहरू तथा सर्वसाधारण जनताले स्वेच्छाले दिने चन्दाबाट सङ्कलन हुन्छ।"••• रोल्पा, भेरी र कर्णालीमा जडीबुटीहरूको उपलब्धता विशेष लाभदायक विकल्प हो, जहाँ जनसरकारका एक जना अधिकारीले दाबी गरेअनुसार तत्कालीन "विशेष जिल्ला जनसरकार" ले प्रतिवर्ष झन्डै ५२ लाख १० हजार रुपैयाँ (सात हजार तीन सय अमेरिकी डलर) भन्दा बढी सङ्कलन गर्ने गरेको छ।•••

मूल्यवान् यार्सागुम्बाको मौसमी व्यापार विशेष लाभदायक छ। एक जना माओवादी कार्यकर्ताको दाबीअनुसार डोल्पामा प्रतिकिलोग्राम ७४ अमेरिकी डलरका दरले एक हजार तीन सय किलोग्राम यार्सागुम्बा सङ्कलन गरिएको थियो। एक जना अन्तर्राष्ट्रिय अधिकारीले जनाएअनुसार २००४ को गृष्म याममा दार्चुला जिल्लाबाट भारतमा निर्यात गरिएको यार्सागुम्बाबाट छ लाख अमेरिकी डलर जति आम्दानी भएको थियो।••• माओवादीहरूमाथि गाँजा व्यापारबाट लाभ उठाएको आरोप पनि लागेको छ। संयुक्त राज्य अमेरिकाले "माओवादी छापामारहरू आफ्नो विद्रोहका लागि अर्थ सङ्कलन गर्नका निमित्त लागू पदार्थको चोरी-निकासी गर्ने कार्यमा संलग्न छन् र (नेपालको) लागू पदार्थ नियन्त्रण गर्ने कानुन कार्यान्वयन गर्ने एकाइले माओवादीहरूले खास क्षेत्रहरूमा भाङ उत्पादनमाथि ४० प्रतिशत कर लगाउने गरेका छन् भनी जनाएको छ" भनेको छ।••• तर लागू पदार्थहरूबाट हुने आम्दानी न्यून मात्र हुने सम्भावना छ, साथै नेपाल कडा लागू पदार्थहरू उत्पादन गर्ने देश नभएकोले यो माओवादीको प्रमुख आयस्रोत हुने सम्भावना छैन। नेपालले ल्याटिन अमेरिका वा अफगानिस्तानझैँ लागू पदार्थ विद्रोहको ढाँचालाई पछ्याउला कि भन्ने भय निराधार छ।

माओवादीहरू आफ्नो अभियानलाई मूलतः गैरकानुनी र जबर्जस्त उपायहरू•••••• टिकाउनका लागि पर्याप्त स्रोतहरू जुटाउने कार्यमा माहिर साबित भएका छन्। माओवादीहरू यकिन गर्न सकिने हदसम्म समुद्रपारिबाट आउने उल्लेख्य रकममाथि भर नपरेका हुनाले यसबाट आफ्नै स्थितिमा उनीहरू झनै अटल देखिन्छन् किनभने उनीहरूले सङ्कलन गर्ने रकमको कटौती गर्न सकिने सरल मार्ग छैन। तर यसबाट उनीहरूको रणनीतिमा भने असर पर्न सक्छ। त्यो कसरी भने आफ्नो अस्तित्वका लागि नेपालको समग्र आर्थिक प्रतिफलको प्रतिशतमाथि निर्भर रहुन्जेलसम्म उनीहरू अर्थतन्त्रलाई नाटकीय ढङ्गले अन्तरध्वंश गर्न सक्दैनन्। पर्यटन जस्ता खास उद्योगहरू पूर्ण रूपले धराशयी वा ध्वस्त भएको खण्डमा यसबाट माओवादीको आफ्नै आम्दानीमा गम्भीर धक्काकारी असर पर्नेछ। त्यसकारण विडम्बना के हो भने माओवादीका काँधमा अर्थतन्त्रले काम गरिरहोस् भन्ने कुरालाई सुनिश्चित गर्नुपर्ने महत्त्वपूर्ण सरोकार रहेको छ।

अन्य एसियाली देशहरू वा मध्य पूर्वका आप्रवासी श्रमिकहरूको आम्दानीमाथि राष्ट्रिय निर्भरतामा वृद्धि हुनाको साथसाथै माओवादीहरू रेमिट्यान्सको एक अनुपातको दाबी गर्ने कार्यमा केन्द्रित भएझैँ लाग्छ। यसबीच नेपाल सरकारको शिक्षा, स्वास्थ्य र ग्रामीण विकाससम्बन्धी बजेटका अंशहरू नियमित रूपले बगेर नेकपा (माओवादी) का हाततिर जाने हुनाले यसबाट सरकार नचाहेर पनि माओवादीलाई टिक्न सघाइरहेको हुनेछ। अनि माओवादीहरूको अन्तर्राष्ट्रिय सहायताप्रतिको सामान्यतया मेलमिलापकारी प्रवृत्ति जारी रहने सम्भावना छ। अन्तर्राष्ट्रिय आर्थिक सहयोग प्राप्त विकास आयोजनाहरूले ग्रामीण क्षेत्रहरूमा माओवादीहरूले प्रबन्ध मिलाउन नसक्ने खालका कतिपय सेवाहरू आपूर्ति गर्ने मात्र नभई उनीहरूले विशाल आकारको नगद बजेट वितरण गर्छन् जसलाई आफ्नो मुठ्ठीमा पार्न माओवादीहरू कुशल छन्। माओवादीहरूले जुन आकार र भौगालिक विस्तारसहितको आन्दोलनको निर्माण गरेका छन् त्यसलाई आर्थिक दृष्टिले भरथेग गरिरहन सजिलो छैन तर विद्रोहलाई कमजोर पार्न आयको अभाव मात्र एक निर्णायक कारक सिद्ध होला भन्ने कुनै पनि लक्षण देखिँदैन।

## २. हातहतियारहरू

जब माओवादीहरूले सशस्त्र सङ्घर्ष प्रारम्भ गरे त्यो बेला उनीहरूसँग कुनै पनि प्रकारको सङ्गठित सैनिक शक्ति थिएन। उनीहरूसँग न त वास्तविक हातहतियारहरू नै थिए। माओवादी नेता रवीन्द्र श्रेष्ठको भनाइअनुसार सुरुमा उनीहरूसँग दुईओटा राइफल मात्र थिए, जसमध्ये एउटा बिग्रिएको थियो।•••तर आफ्नो

---

[११८] क्राइसिस ग्रुपद्वारा माओवादी कार्यकर्ताहरूसँग लन्डन, ब्रसेल्स र फ्र्याङ्कफर्टमा लिइएको अन्तर्वार्ता, जनवरी-फेब्रुअरी २००५। अन्तर्वार्ता लिइएका व्यक्तिहरू सम्बन्धित रकमको परिमाणबारे टिप्पणी गर्न तयार भएनन्।

[११९] लेखराज भट्टसँग लिइएको अन्तर्वार्ता, जनादेश, २० अप्रिल २००४।

[१२०] तत्कालीन विशेष जिल्ला जनसरकारका सदस्य सामिल पुनमगरसँग लिइएको अन्तर्वार्ता, जनादेश, ११ मे २००४।

[१२१] क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौँ, सेप्टेम्बर २००४।

••• "अन्तर्राष्ट्रिय लागू पदार्थ नियन्त्रणसम्बन्धी रणनीति विषयक प्रतिवेदन", संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय लागू पदार्थ तथा कानुन कार्यान्वयन मामिलासम्बन्धी ब्युरोको वार्षिक प्रतिवेदन, मार्च २००५, http://www.state.gov/ g/inl/rls/ nrcrpt/2005/vol1/html/42366.htm

••• रवीन्द्र श्रेष्ठ, "जनयुद्धका सुरुका दिनहरू सम्झँदा", *जनादेश*, २२ मे २००१।

अभियानलाई तीव्र गतिमा फैलाउँदै लैजाने क्रममा उनीहरू आफ्नै मामुली बन्दुकहरू बनाउन, स्थानीय बासिन्दाहरूबाट लाइसेन्सवाला बन्दुकहरू र अन्य हतियारहरू हात पार्न र प्रहरीबाट ३०३ मार्काका राइफलहरू कब्जा गर्न थाले। निकै पछि आएर उनीहरूले मूलतः सुरक्षा फौजबाट उन्नत स्तरका हतियारहरू, विस्फोटक पदार्थहरू र बमगोलाहरू लगायतका हतियारहरू कब्जा गरी आफ्नो शस्त्रागारलाई विकसित तुल्याएका छन्। प्रचण्डको भनाइअनुसार, "युद्ध लड्ने प्रक्रियामा हामी प्रहरीका हातबाट केही राइफलहरू खोस्न सफल भयौं। अहिले तिनै राइफलहरूले शाही सेनाका स्वचालित हतियारहरू कब्जा गरिरहेका छन्। यसर्थ जर्ज बुस•••••• नेपाली जनतालाई दबाउन पठाइएका हतियारहरू छिटै नै नेपाली जनताका हातमा पुग्नेछन् र ती हतियारहरूलाई साम्राज्यवाद विरुद्ध सोझ्याइनेछ।"••• माओवादीहरूसँग हतियारको यकिन सङ्ख्या कति होला भनी गरिने आकलनहरू एकदमै फरक–फरक छन्।•••

माओवादीहरूले खास गरेर छिमेकी भारतका विहार र उत्तर प्रदेश राज्यहरूको काला बजारबाट पनि हतियार खरिद गरेका छन्, जहाँ गैरकानुनी हातहतियारहरूको व्यापार फस्टाइरहेको छ। उनीहरू बन्दुकहरू किन्नुभन्दा डिटोनेटर, एक्सप्लोसिभ र बुलेटहरू किन्नमा केन्द्रित रहेका छन् तर उनीहरूले एके–४७ एसल्ट राइफलहरू खरिद गरेका केही प्रमाणहरू पनि फेला परेका छन्। कतिपय विश्लेषणहरूले आशङ्का गरेअनुसार उक्त हतियार उत्तर–पूर्वी भारतमा खरिद गरिएको हो।••• अप्रिल २००४ मा ब•••लादेशी बन्दरगाह चिटगाँवमा ठूलो मात्रामा हतियारहरू जफत गरिँदा ती हतियारहरूका लक्षित अन्तिम प्रयोगकर्ता नेपालका माओवादीहरू हुन सक्ने धेरै पर्यवेक्षकहरूको अनुमान रहेको थियो।•••

माओवादीहरूसँग कुशल बम निर्माताहरू छन् जो आरम्भमा विभिन्न प्रकारका घरेलु विस्फोटक पदार्थहरू अर्थात् सकेट बम, पाइप बम, प्रेसरकुकर बमलाई परिमार्जन गर्ने प्रयासमा समर्पित थिए। उनीहरू बिस्तारै-बिस्तारै बिजुली जडान गरी जमिनमा ओछ्याइने धरापहरू बनाउन सिपालु भए। उनीहरूले भारतीय सेनाका ग्रिनेडहरूको पनि प्रयोग गरेका छन्, जुन कालो बजारबाट प्राप्त गरिएका हुन सक्छ। माओवादीहरूको हतियारको प्रमुख स्रोत राज्यका सुरक्षा फौजहरू स्वयं नै हुने गरेका छन् भने गोलीगठ्ठा र विस्फोटक पदार्थहरूको तात्तातो आवश्यकताचाहिँ मूलतः भारतीय सिमानाबाट चोरी-पैठारी गरेर पूरा गरिने गरेका सङ्केतहरू पाइएका छन्। माओवादीहरूका अनुसार उनीहरूले नेपालभित्र उच्चस्तरका हतियारहरू उत्पादन गर्ने कारखाना खोल्नका लागि विदेशबाट उपकरणहरू खरिद गरेका छन्।•••

तर आम दृष्टिकोण भने अनावश्यक रूपले हातहतियार नबढाउनु नै रहेको छ।••• प्रहरीहरूसँग मात्र लडिहरहेको बखतमा मूलतः प्रहरी चौकीहरूबाट लुटेका हतियारहरूमाथि निर्भर गर्नमै उनीहरू खुसी थिए। शाही नेपाली सेनासँग युद्ध गर्न थालेदेखि उनीहरूले अर्ध–स्वचालित र स्वचालित हतियारहरूको भण्डार बढाउन खोज्ने क्रममा विदेशी हतियारहरू खरिद गर्ने कार्यको सहारा लिए। अधिकांश छापामारहरूका आधारभूत निजी हतियारहरूमा एसएलआर, ३०३ राइफल र साधारण बन्दुकहरू पर्दछन् भने राजनीतिक कमिसारहरू, वरिष्ठ अधिकारीहरू र नेताहरूचाहिँ चिनियाँ पिस्तोलहरू बोक्छन् जसमध्ये धेरैजसो प्रहरीबाट लुटिएका हुन्।••• सरकारले २००३ देखि आत्मसमर्पण गर्ने माओवादीहरूबारे प्रकाशित हतियार सुम्पिनेहरूलाई पुरस्कार दिने प्रबन्धसहितको नीतिपत्रमा माओवादीहरूसँग केदेखि केसम्मका हतियारहरू होलान् भन्ने आफ्नो अनुमानको सङ्केत दिएको छ।••• कतिपय स्थितिहरूमा माओवादीहरूलाई शाही नेपाली सेनालाई भन्दा अनुकूल हुने कुरा के हो भने उनीहरूका हतियारहरू विभिन्न लचिला स्रोतहरूबाट आउने गर्छन्। शाही सेनाका हातहतियारहरूसम्बन्धी आवश्यकता एकदमै उच्च रूपले विशेषीकृत भएको हुनाले उसले केही आधिकारिक स्रोतहरूमै निर्भर रहनुपर्ने

[१२४] प्रचण्डसँग लिइएको अन्तर्वार्ता, माओवादी समाचार बुलेटिन-४, नेकपा (माओवादी) को सामयिक बुलेटिन, १५ सेप्टेम्बर २००३।

[१२५] उदाहरणका लागि, सदिपबहादुर शाहको "भविष्यहीन विद्रोह," समय, ३० डिसेम्बर २००४ हेर्नुहोस्। शाही नेपाली सेनाका अवकाशप्राप्त लेफ्टिनेन्ट जनरल शाहले माओवादीहरूसँग जम्मा ३,२९५ ओटा हतियार भएको आकलन गरेका छन्, जसमध्ये ३२२ ओटा सेल्फलोडिङ राइफल, १३२ ओटा सब-मेसिन गन, ४२ ओटा लाइट मेसिन गन, चारओटा जनरल परपज मेसिन गन, ६५ ओटा भारतमा निर्मित इन्सास राइफल, नौओटा एम-१६ राइफल, १,३७० ओटा ३०३ राइफल, दुईओटा गलिल राइफल, २५ ओटा एके-४७, पाँचओटा रकेट लन्चर, १० ओटा २ इन्च मोटार, तीनओटा १८ एमएम मोटार, २१५ ओटा पिस्तोल र रिभल्भर, ३३१ ओटा सटगन, २२ ओटा राइफल र ३६९ ओटा घरेलु बन्दुकहरू छन्। यी आँकडाहरूलाई स्वतन्त्र रूपले रुजु गरिएको छैन र माओवादी छापामारहरू र जनसेनाका सदस्यहरूको व्यापक रूपबाट स्वीकार गरिएको आकलनका दृष्टिले यी आँकडाहरू ज्यादै कम देखिन्छन्।

[१२६] क्राइसिस ग्रुपद्वारा एक जना गुप्तचर अधिकारीसँग लिइएको अन्तर्वार्ता, काठमाडौं, डिसेम्बर २००४। साथै सीताराम बरालको "सान एके-४७ को" नामक लेख, समय, १३ मे २००४ पनि हेर्नुहोस्। उक्त लेखमा माओवादीहरूले भारतीय कालो बजारमा किनिएका एके-४७ राइफलहरू आयात गरी सीमित बटालियनहरूमा वितरण गरे भनिएको छ।

••• "Arms Cache Was on Way to Third Country", *The Daily Star*, बाङ्लादेश, ४ अप्रिल २००४।

••• सुरक्षा फौजले २००४ मा चितवन, कैलाली र रोल्पामा हतियारका केही कारखानाहरू जफत गरेको थियो।

••• प्रचण्डसँग लिइएको अन्तर्वार्ता, माओवादी समाचार बुलेटिन-४, नेकपा (माओवादी) को सामयिक बुलेटिन, १५ सेप्टेम्बर २००३।

••• "Small Arms in Nepal: an Overview", दीपक थापा र सुधीर शर्मा। "South Asia and Small Arms: Challenges and Responses" विषयमाथि साप नेपालद्वारा काठमाडौंमा आयोजित राष्ट्रिय कार्यगोष्ठीमा प्रस्तुत कार्यपत्र, १० अप्रिल २००१।

••• "समर्पणका लागि सरकारी नीति", श्री ५ को सरकार, १८ डिसेम्बर २००३। यसले माओवादीसँग ८१ एमएम, ४० एमएम र २ इन्च मोर्टारहरू, जीपीएमजी, एलएमजी, एसएलआर, एसएमजी, एम-१६ राइफल, इन्सास राइफल, म्यागनम, सटगन, गलिल, ३०३ राइफल, पेस्तोल, रिभल्बर, एयरगन र घरेलु बन्दुकहरू, आदि भएको दाबी गर्दछ।

हुन्छ। त्यसकारण उसले हतियार आपूर्तिको हकमा ज्यादै सङ्कुचित सीमाहरूभित्र खुम्चिन बाध्य हुनुपरेको छ।

अहिले माओवादीहरूले प्रशिक्षणसम्बन्धी आफ्नै पद्धतिहरूको विकास गरिसकेका भए तापनि सुरुमा उनीहरू भारतीय विद्रोही समूहहरूको मार्गदर्शनको भर पर्दथे।••• कुनै पनि नियमित सेनाबाट जेजस्ता पेसेवर मानकहरूको अपेक्षा गरिन्छ माओवादीहरू अझै त्यो तहभन्दा धेरै तल छन्। “धराप थाप्नुपर्दा आफ्ना आधारभूत कार्यनीतिहरू•••••• आफूहरूले के गरिरहेको हो भन्ने कुरा उनीहरूलाई थाहा भएझैं लाग्छ” , एक जना बेलायती सैन्यविद्ले टिप्पणी गरेका छन्, “तर उनीहरू अझै पनि कच्चा खेलाडीहरूको एउटा झुन्ड हुन् जुन कुरा एउटा परिष्कृत सेनासँग तुलनीय छैन।”•••

माओवादीहरूले रेडियो, स्याटलाइट फोनदेखि लिएर इमेल र इन्टरनेट जस्ता परिष्कृत सञ्चार साधनहरूबाट फाइदा लिएका छन्। उनीहरू देशमा सबैभन्दा बढी स्याटलाइट फोन प्रयोगकर्ता हुन् भनी आकलन गरिएको छ।••• मोबाइल फोनको विस्तारित भइरहेको सन्जालबाट पनि उनीहरूले लाभ उठाएका छन् : फेब्रुअरी २००५ मा भएको सत्तापलटपछि प्रिपेड मोबाइल सेवा निरन्तर रूपबाट निलम्बन गरिनाको औचित्य सिद्ध गर्ने आधारका रूपमा माओवादीहरूले थुप्रै प्रिपेड मोबाइलका सिमकार्डहरू खरिद गरेको आशङ्कालाई अघि सारिएको थियो। तर सत्तापलटपछिको अवधिमा माओवादीहरूको सञ्चार सन्जालले सरकारी सन्जालले भन्दा राम्रोसँग काम गरेको देखियो। जुन बेला कतिपय नेपाली कूटनीतिक नियोगहरू आफ्नो देशका सबै समाचारहरूबाट विमुख भएका थिए••• त्यो बेला युरोपमा रहेका माओवादीहरू भने स्याटलाइट फोनमार्फत नियमित रूपबाट समाचार पाइरहेका थिए।••• माओवादीहरू वाकीटकीको रूपमा काम गर्ने गरी अनुकूलन गरिएका रेडियो सेटहरू तथा कर्डलेस टेलिफोनहरू पनि प्रयोग गर्छन्।

नोभेम्बर २००१ मा इमेल र इन्टरनेटतर्फ फर्कने उपक्रम सुरु भयो। युद्धविराम भ••• भएपछि माओवादीहरूको अनौपचारिक मुखपत्र *जनादेश*लाई बन्द गरियो र त्यसमा काम गर्ने पत्रकारहरू भूमिगत भए। त्यस बखत मुद्रणसम्बन्धी प्रकाशनहरूलाई गुप्त रूपमा कायम राखियो अनि माओवादीहरूले नेपालमा इन्टरनेटको बढ्दो प्रयोगलाई सञ्चारको प्राथमिक माध्यमका रूपमा अँगाले।••• देशभित्र र देशबाहिर टाढाटाढासम्म छानिएका पत्रकारहरूलाई फ्याक्समार्फत प्रेस वक्तव्यहरू पठाउने काम बिस्तारै—बिस्तारै इमेलबाट हुन थाल्यो। माओवादीहरूका राजनीतिक र समाचारसम्बन्धी वेबसाइटहरू प्रेस वक्तव्यहरू सङ्कलन गरी माओवादीहरूका नेपाली र अङ्ग्रेजी प्रकाशनका अनलाइन संस्करणहरू उपलब्ध गराउन थाले। एक जना अनुसन्धानकर्मीको भनाइअनुसार “नेपालका माओवादीले विश्वकै कम्युनिस्ट आन्दोलनमा पहिलो पटक सूचना प्रविधिको भरपूर उपयोग गरेका छन्।”•••

••• सुधीर शर्मा, “पूर्वी हिमालयमा अशान्तिको आगो”, *हिमाल*, १४-१८ मे २००१।

••• अवकाशप्राप्त वरिष्ठ ब्रिटिस सैनिक अधिकारीसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, डिसेम्बर २००४।

••• सुरक्षा अधिकृतहरूसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता, काठमाडौं, मार्च २००५।

••• कूटनीतिक व्यक्तिहरूसँग क्राइसिस ग्रुपले लिएको अन्तर्वार्ता। लन्डन, ब्रसेल्स् र जेनेभा। फेब्रुअरी, २००५।

••• क्राइसिस ग्रुपले पश्चिम युरोपमा लिएको अन्तर्वार्ता, फेब्रुअरी २००५।

••• सञ्चारमाध्यमसँग माओवादीको सम्बन्ध क्राइसिस ग्रुपको भावी रिपोर्टिङको विषय हुनेछ।

••• बर्टिल लिन्टनर, “नत्र युद्ध लम्बिन्छ”, *नेपाल*, १७ सेप्टेम्बर-१ अक्टोबर २००२।

## ५. माओवादी रणनीति

नेपाल शान्तिपूर्ण देश हो र यहाँका नागरिकहरू स्वभावतः हिंसा विरोधी छन् भन्ने भ्रामक धारणालाई माओवादीहरूले उल्ट्याइदिएका छन्। उनीहरूले नेपालको इतिहासभरि नै राज्यसत्ता कब्जा गर्ने र त्यसको अभ्यास गर्ने कुराको केन्द्रमा हिंसा रहिआएको छ भन्ने कुराको जोडदार रूपले प्रतिपादन गरेका छन्।••• उनीहरूको सशस्त्र सङ्घर्षले सुरुमा विशेषज्ञहरूले देखाएको यसप्रतिको उदासीनता र सन्देहलाई गलत सिद्ध गर्दै बडो नाटकीय रूपले हिंसाको सम्भाव्यता प्रदर्शन गरेका छन्। यद्यपि यसले कहिल्यै विजय प्राप्त गर्ला कि नगर्ला भन्ने कुराचाहिँ अझै छलफलको विषय रहेको छ। माओवादीहरूका लागि हिंसाको औचित्य सिद्ध गर्न गाह्रो छैन। आफ्नो गृहप्रान्त हुनानको किसान विद्रोहको कारबाहीसम्बन्धी एकदमै प्रारम्भकालीन कदमका सन्दर्भमा रक्तपातको औचित्य सिद्ध गर्न माओले ज्यादै लामो व्याख्या प्रस्तुत गर्नुपरेको थियो :

> . . . क्रान्ति भनेको मानिसहरूलाई बेलुकाको भोजमा निम्ता गर्नु वा निबन्ध लेख्नु वा चित्रकला बनाउनु वा सुन्दर कार्चोपी भर्नु जस्तो होइन। क्रान्ति त्यति परिष्कृत, त्यति शान्त र सुशील, त्यति नरम, दयालु, शालिन, संयमित र सन्त स्वभावको हुँदैन। क्रान्ति भनेको विद्रोह हो, यो हिंसात्मक कारबाही हो जसद्वारा एउटा वर्गले अर्को वर्गको सत्ता पल्टाइदिन्छ। ग्रामीण क्रान्ति एउटा त्यस्तो क्रान्ति हो जसद्वारा किसान समुदायले सामन्ती जमिनदार वर्गको सत्ता पल्टाइदिन्छ। किसानहरूले आफ्नो अधिकतम बल प्रयोग नगरेको खण्डमा तिनले जमिनदारहरूको हजारौं वर्षदेखि जरा गाडेर बसेको सत्ता कदापि पल्टाउन सक्दैनन्।•••

माओले अगाडि के भने हुनानका "प्रत्येक ग्रामीण क्षेत्रमा छोटो समयका लागि आतङ्कको राज चलाउनु जरुरी थियो। बेठीकलाई ठीकमा फेर्न उचित सीमा ननाघीकन सकिँदैन।"••• नेपालका माओवादीहरू यो आधारभूत दृष्टिकोणको अनुसरण गर्दै नेपालको इतिहासले आफ्नो व्याख्यालाई टेको दिने कुराको तर्क गर्छन्।

नेकपा (माओवादी) को मार्च १९९५ को तेस्रो विस्तारित बैठकद्वारा पारित सशस्त्र सङ्घर्षसम्बन्धी नीतिमा भनिएको छ :

> नेपाली जनता शान्तिप्रिय छन् र उनीहरू हिंसा रुचाउँदैनन् भन्ने प्रतिक्रियावादी प्रचार सम्पूर्ण रूपले झूटा हो। नेपाली जनता ऐतिहासिक कालदेखि नै आफ्नो हकहित निम्ति हिंसात्मक सङ्घर्षमा बढ्दै आएका छन् भन्ने कुरा निर्विवाद वास्तविकता हो। आजसम्म नेपाली जनताले जुन सामान्य सुधारहरू प्राप्त गरेका छन्, ती सबका पछाडि जनताको हिंसात्मक र गैरकानुनी सङ्घर्षकै बल रहेको छ।•••

प्रचण्डद्वारा एउटा अलग्गै लेखमा यस बुँदालाई यसरी टेको दिइएको छ— "जनताले हिंसात्मक सङ्घर्षहरू नचलाईकन न्यूनतम लाभहरू पनि हासिल गरेका छैनन्। आज नेपाली समाज विद्यमान राजनीतिक प्रणालीअन्तर्गत सङ्कटको एउटा त्यस्तो बिन्दुमा आइपुगेको छ जहाँ यस प्रणालीलाई ध्वस्त पार्नुबाहेक जनताका लागि अर्को कुनै पनि विकल्प छैन।"•••

माओवादीहरूको मूल्याङ्कनअनुसार जनपरिचालन गर्ने आधारहरू सबल थिए : "१९५१ देखि आजसम्म प्रतिक्रियावादी राज्य विरुद्ध मूलतः नेपाली किसानहरू र जनताका अन्य तप्काहरू असङ्ख्य हिंसात्मक तथा सशस्त्र द्वन्द्वहरूमा सामेल भएका छन्, त्यसकारण नेपाली जनतामाझ संस्थापनपक्ष विरोधी भावना ज्यादै दरिलो छ।" नेकपा (माओवादी) ले नयाँ सशस्त्र सङ्घर्षलाई "महान् ऐतिहासिक धरोहर" को प्रतिनिधित्व गर्दै दीर्घकालीन सङ्घर्षलाई पूरा गर्ने अवसरका रूपमा प्रस्तुत गरेको छ।•••

त्यसकारण माओवादी रणनीति सशस्त्र सङ्घर्षमा आधारित छ र उनीहरूको सैन्य बल मूलतः राजनीतिक प्रभावकै परिणति हो भन्न सकिन्छ। उनीहरूको हिंसाका निसानाहरू द्वन्द्वका विकासमान चरणहरूद्वारा निर्धारित हुने गरेका छन्। पहिलो उद्देश्य आफ्नो राजनीतिक प्रभुत्व कायम गर्नका लागि ग्रामीण क्षेत्रमा रहेका बाधालाई निर्मूल पार्नु थियो, जसले गर्दा उनीहरू राज्यसत्तामाथि, मूलतः प्रहरी चौकीहरू र विरोधी दलका कार्यकर्ताहरूमाथि जाइलाग्न अग्रसर भए। प्रारम्भिक चरणहरूमा विरोधी दलका कार्यकर्ताहरूमाथि निकै नै कठोर प्रहार गरियो। उदाहरणका लागि, युद्धको पहिलो वर्षमा छ जना प्रहरी मात्र मारिए भने ३५ जना "जनताका शत्रुहरू" को हत्या गरियो।•••

माओवादीहरूद्वारा सिकार तुल्याइएका राजनीतिक व्यक्तिहरूमा होसियारीसाथ छनोट गरिएका व्यक्तिहरू थिए। जुलाई २००० सम्म त्यस्ता व्यक्तिहरूको अत्यधिक बहुसङ्ख्या (१३६) मा काङ्ग्रेसी कार्यकर्ताहरू परेका थिए र माओवादीको गौण निसानामा एमालेका २२ जना, राप्रपाका १९ जना र मसालको एक जना परेका थिए।••• शाही नेपाली सेनालाई परिचालन गरेपश्चात् युद्धले जब बढी परम्परागत सैनिक स्वरूप धारण गर्‍यो त्यसपछि माओवादीहरूले आफ्ना आक्रमणहरू सैनिक निसानाहरूमाथि

••• "नेपालको सशस्त्र सङ्घर्षको रणनीति र कार्यनीतिहरू", माथि उल्लेखित।
••• माओ जेदोङ, चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिसमक्ष प्रस्तुत "हुनान किसान आन्दोलनको जाँचबुझको रिपोर्ट", फेब्रुअरी १९२७, ज्याकोब्स र बायरवाल्डमा पुनर्मुद्रित, माथि उल्लेखित, पृ. २३।
••• ऐ.ऐ.।

••• "नेपालको सशस्त्र सङ्घर्षको रणनीति र कार्यनीतिहरू", माथि उल्लेखित।
•••प्रचण्ड, *नेपालको क्रान्तिका समस्याहरू र सम्भावनाहरू*, "ऐतिहासिक विकासका सन्दर्भमा नेपालको नौलो जनवादी क्रान्तिको युद्धनीति" नामक लेख (जनदिशा प्रकाशन २००४)।
••• "नेपालको सशस्त्र सङ्घर्षको रणनीति तथा कार्यनीतिहरू", माथि उल्लेखित।
••• प्रचण्डद्वारा जारी गरिएको प्रेस वक्तव्य, १२ फेब्रुअरी १९९७।
••• माओवादी समस्याको समाधानसम्बन्धी उच्चस्तरीय सिफारिस समितिको प्रतिवेदन, श्री ५ को सरकार, २०००, पृ. ६५।

केन्द्रित गरे, अनि नागरिकहरूको हत्याको अनुपात घटेर गयो।[•••] त्यसको विपरीत राज्यद्वारा नागरिकहरूमाथि गरिने आक्रमणमा कुन हदसम्म वृद्धि भयो[•••] भने घरेलु तथा अन्तर्राष्ट्रिय स्तरमा दबाब बढ्नाको कारण शाही नेपाली सेना मानवअधिकार हनन गरेबापत ४४ जना सिपाहीहरूमाथि अनुशासनको कारबाही गर्न बाध्य भयो।[•••] सङ्क्षेपमा भन्ने हो भने सम्बद्ध दुवै पक्ष फोहोर युद्ध लड्दै आएका छन्।[•••]

## क) "दीर्घकालीन जनयुद्ध"

नेकपा (माओवादी) ले १९९१ मा आयोजित एकता महाधिवेशनमा ग्रामीण क्षेत्रबाट सहरहरूलाई घेर्ने कुरामा आधारित दीर्घकालीन जनयुद्धको रणनीति पारित गर्‍यो। उक्त धारणा प्रचण्डले प्रस्तुत गरेका थिए र सम्मेलनले त्यसलाई अनुमोदन गरेको थियो। तर त्यसले मूर्तरूप भने तीन वर्षपछि मात्र लियो। पार्टीको मार्च १९९५ मा आयोजित विस्तारित बैठकले जनयुद्धको सिद्धान्तलाई व्यवहारमा ढाल्नका निमित्त निम्न लिखित योजनाहरू पारित गर्‍यो :

. . ."गाउँको कामलाई प्राथमिकता देऊ तर सहरको कामलाई पनि नछोड, अवैधानिक सङ्घर्षलाई प्राथमिकता देऊ तर वैधानिक सम्भावनालाई पनि नछोड, निश्चित रणनैतिक इलाकाहरूलाई प्राथमिकता देऊ तर अन्य इलाकाहरूलाई पनि नछोड, युद्धको कामलाई प्राथमिकता देऊ तर जनआन्दोलनको काम पनि नछोड, भूमिगत कामलाई प्राथमिकता देऊ तर खुल्ला काम पनि नछोड, ग्रामीण वर्गसङ्घर्षलाई प्राथमिकता देऊ तर देशव्यापी सङ्घर्षलाई पनि नछोड, छापामार कामकारबाहीलाई प्राथमिकता देऊ तर राजनैतिक भण्डाफोर र प्रचारलाई पनि नछोड, देशभित्रको प्रचारलाई प्राथमिकता देऊ तर विश्वव्यापी प्रचारको कामलाई पनि नछोड, सैन्य सङ्गठनको निर्माणको कामलाई प्राथमिकता देऊ तर मोर्चा सङ्गठनहरूको निर्माणको कामलाई पनि नछोड, आफ्नै सङ्गठन र शक्तिमा भर पर्ने कुरालाई प्राथमिकता देऊ तर कार्यगत एकता, अन्तर्राष्ट्रिय जनमतको सहयोग र समर्थन लिने कुरालाई पनि नछोड...।"[•••]

जनयुद्ध मुख्यतया माओ जेदोङद्वारा वकालत गरी अनेक लेखहरूमा संहिताबद्ध गरिएको चिनियाँ कम्युनिस्ट पार्टीको सिद्धान्तको सार थियो।[•••] "जनयुद्ध" सम्बन्धी मौलिक चिनियाँ संस्करणका मूलभूत तत्त्वहरू यस प्रकार थिए : (१) राजनीतिक सत्ता कब्जा गर्नका निमित्त जनतालाई परिचालन गरी सशस्त्र बनाउनु क्रान्तिको प्रमुख उद्देश्य र उच्चतम रूप हो, (२) जनता नै युद्ध प्रारम्भ गर्ने ठोस आधार भएका हुनाले युद्धमा विजय प्राप्त गर्ने प्रमुख कारक भनेको जनतामाथि पूर्ण रूपले भर पर्नु हो, (३) मूलतः किसानहरूलाई साथ लिएर जनसेनाको स्थापना गर्नु, (४) प्रमुख तथा स्थानीय शक्तिहरूलाई छापामार सेनाहरू र जनसेनाहरूसँग एकताबद्ध गराउनु, (५) शत्रु जहाँ कमजोर छ र जहाँ भौगोलिक अनुकूलताहरू छन् त्यहाँ ठोस क्रान्तिकारी आधारहरूको स्थापना गर्नु, र (६) क्रान्तिकारी युद्धको निमित्त जनयुद्धका रणनीतिहरू उपयुक्त हुने हुनाले र तिनबाट युद्ध लड्नको लागि अचुक मार्गदर्शन प्राप्त हुने हुनाले जनयुद्धका रणनीतिहरूको उपयोग गर्नु।[•••]

दीर्घकालीन युद्धसम्बन्धी माओको धारणाको गाँठी कुरो यस प्रकार छ :

> यो मापन गर्न सकिने समयभित्र विजयको आशा नराखीकन लडिने तर सधैँ नै सेना र जनताबीचको एकता कायम राख्ने कुरामा आधारित युद्ध हो। माओको विचारमा जुन जनताको बीचमा रहेर लडाइँ सञ्चालन गरिन्छ ती जनतालाई राजनीतिकरण गर्नु सेनाको कर्तव्य हो किनभने तिनै जनताको बीचबाट लड्नका लागि आफूलाई चाहिने लडाकूहरू, आपूर्तिहरू र सूचना प्राप्त गरिन्छ। यसको साथै उसले सैनिक विजयको साथसाथै पाइला-पाइला गरी समाजको सांस्कृतिक र राजनीतिक संरचनालाई रूपान्तर पनि गर्छ। यसर्थ क्रान्ति विजयको परिणामका रूपमा हुने नभई युद्धको प्रक्रिया स्वयंमार्फत हुन्छ। "राजनीतिक सत्ता बन्दुकको नालबाट जन्मिन्छ" भन्ने उनको ज्यादै स्पष्ट अर्थ लाग्ने अत्यन्तै सुपरिचित नाराको अभिप्राय यही नै हो।[•••]

त्यसकारण दुई पक्षहरू दुईओटा फरक-फरक युद्ध लडिरहेका हुन्छन् जसमा विजय र पराजय, सफलता र असफलतासम्बन्धी

[•••] सीताराम बराल लिखित 'मोर्चावद्ध लडाइ', *समय,* ३० डिसेम्बर, २००४ ।

[•••] सुवास देवकोटा, "सङ्कटमा सङ्कटकाल", *समय,* २१ अप्रिल २००५।

[•••] यशोदा तिम्सिना, "कारबाहीमा परे सिपाही", *नेपाल,* १७ अप्रिल २००५।

[•••] क्राइसिप ग्रुपको *Nepal: Dealing with a Human Rights Crisis* नामक एसिया रिपोर्ट नं. ९४, २४ मार्च २००५ हेर्नुहोस्। सैनिक निसानाहरूको प्रकृति र परिभाषाको प्रश्न पनि उठ्छ। केही समयअघिसम्म माओवादी आफ्ना निसानाहरूसम्बन्धी परिभाषामा निकै नै स्पष्ट थियो। विद्रोहले आफ्ना लडाकूहरू र आफ्ना नागरिक "गृहबासी" जनताबीचको दूरीलाई स्वभावतः घटाइदिन्छ। यस्तो स्थितिमा प्रतिविद्रोह बेफाइदाको स्थितिमा पर्न जान्छ। केही समययता शाही नेपाली सेनाले नागरिक पोसाक लगाएर नागरिक वाहनहरूमा घुम्दै माओवादीहरूको नक्कल गर्न थालेको छ। स्थानीय जनतालाई छक्याउनका लागि शाही नेपाली सेनाका फौजहरूले माओवादी लडाकूहरूको पोसाक लगाउने गरेको कुरा पनि जानकारीमा आएको छ, तर शाही नेपाली सेनाद्वारा गरिएका ज्यादतीहरूको कारण पीडितहरूबाट प्रायः तिनको भण्डाफोर गरिनाले यो नीति उति सफल नभएको कुराको सङ्केत गर्छ। केही हदसम्म युद्धको रङ्गमञ्च रूपान्तरित भएको छ तर बाहिरियाहरूको नाताले शाही नेपाली सेनाको माओवादीसँग यो भूबनोटमा केही जोर चल्दैन।

[•••] *नेकपा (माओवादी) का ऐतिहासिक दस्ताबेजहरू,* पहिलो भाग, केन्द्रीय प्रकाशन विभाग, नेकपा (माओवादी), पृ. ८४–८५।

[•••] "चीनको क्रान्तिकारी युद्धमा रणनीतिका समस्याहरू", डिसेम्बर १९३६, *छानिएका रचनाहरू- १,* (बेइजिङ, १९६७) , पृ. १५४-२२५, "जापान विरोधी छापामार युद्धमा रणनीतिका समस्याहरू", मे १९३८, *छानिएका रचनाहरू- २* (बेइजिङ, १९६७), पृ. ३७३-४०६, "दीर्घकालीन युद्धबारे", मे १९३८, *छानिएका रचनाहरू-२,* पृ. ४०७-८४ र "युद्ध र रणनीतिका समस्याहरू", ११ नोभेम्बर १९३८, *छानिएका रचनाहरू- २,* पृ. ५०६-२१ माओका सर्वाधिक प्रभाव सैनिक रचनाहरूमा पर्दछन्।

[•••] Kwok-Sing Li, माथि उल्लेखित, पृ. ३४१।

[•••] J Keegan र A. Wheatcroft, *Who's Who in Military History* (न्युयोर्क, १९७६), पृ. २०९।

धारणाहरू एकअर्काको विपरीत हुन्छन्। शाही नेपाली सेना भूखण्डको युद्ध लडिरहेको छ तर माओवादीहरू भने कुनै एकदमै फरक चीजका लागि लडिरहेका छन्।

चीनमा माओले जनवादी क्रान्तिको प्रक्रियालाई रणनीतिक प्रतिरक्षा, रणनीतिक सन्तुलन र रणनीतिक आक्रमण गरी तीन चरणमा विभाजन गरेका थिए। नेपालका माओवादीहरूले आफ्नो सशस्त्र अभियानभरि नै कमसेकम सिद्धान्तको तहमा यस संरचनालाई अनुसरण गरेका छन्। अगस्त २००४ मा आयोजित नेकपा (माओवादी) को केन्द्रीय समितिको पूर्ण बैठकपछि "क्रान्तिकारी रूपान्तरणको प्रक्रियालाई नयाँ उचाइमा उठाएर रणनीतिक आक्रमणको चरणमा प्रवेश गरौँ" भन्ने नारा पारित गरी माओवादीहरू यी तीन चरणमध्ये अन्तिम चरणमा प्रवेश गरेको घोषणा गरियो।••• उक्त घोषणामा यथार्थ प्रतिबिम्बित भएको थियो वा थिएन भन्नेबारे तल छलफल गरिने छ। जे होस्, माओवादीहरूले आफ्नो सङ्घर्षको बाटो सीधा हुनेछैन, न त यसले विद्यमान मोडेलहरूको नक्कल नै गर्नेछ भन्ने विषयमा सधैँ नै जोड दिने गरेका छन् :

> क्रान्ति यसका आफ्नै नियमहरू अनुसार सरल रेखामा नभई जटिल र बाङ्गाटिङ्गो बाटो भएर विकसित हुनेछ। क्रान्तिले आफ्नो विकासक्रममा सधैँ नै असामान्य र जटिल स्थितिको सिर्जना गर्छ भन्ने लेनिनको उक्तिको महत्त्वलाई स्वीकार गर्नु जरुरी छ। विजय र पराजय तथा लाभ र हानिका चक्रहरूबाट गुज्रिएपछि मात्र युद्धले विजय प्राप्त गर्नेछ। हामी अन्तर्विरोधका नियमहरू तथा बेठीकलाई ठीकमा रूपान्तरण गर्ने नियमहरूलाई सही ढङ्गले पक्रेर मात्र जनयुद्धको नेतृत्व गर्न समर्थ हुनेछौँ।•••

उनीहरूले आफ्नो अभियानको आरम्भमा युद्ध एकदमै कठिन, घुम्ती र मोडहरूले भरिपूर्ण तथा दीर्घकालीन प्रकृतिको हुने कुराको चेतावनी अघि सारेका थिए।••• तर उनीहरूले "सङ्घर्षका सबै रूपहरूको उपयोग गर्दै" आफूहरू मूलतः "कृषि क्रान्तिलाई धुरी बनाएर र ग्रामीण वर्गसङ्घर्षको बीचबाट र त्यसैमा संयोजित भएर ग्रामीण क्षेत्रबाट सहरलाई घेर्ने रणनीति" मा अडिग रहने कुरा पनि गरेका थिए।•••

वास्तवमा माओवादी रणनीतिको अधिकतर अंश केवल सैनिक सहजज्ञान मात्र हो यद्यपि यो रणनीति माओद्वारा खास अनुभवका आधारमा संहिताबद्ध गरिएको छ। अधिकांश विद्रोहहरूमा सचेत वा असचेत रूपले छापामार युद्धसम्बन्धी माओवादी शैलीका कार्यनीतिहरू अपनाइएका छन्। प्रचण्डको तर्कअनुसार माओवादी दीर्घकालीन युद्धको सिद्धान्तका केन्द्रीय तत्त्वहरूमा अठारौँ शताब्दीको मध्यतिर नेपालको एकीकरण गर्नका निमित्त पृथ्वीनारायण शाहद्वारा सञ्चालन गरिएको अभियानकै झलक पाइन्छ।•••

### १. रणनीतिक प्रतिरक्षा

माओवादीहरूद्वारा "जनयुद्ध" प्रारम्भ गर्नका निमित्त गरिएको आक्रमणले उनीहरूका राजनीतिक र क्रान्तिकारी प्राथमिकताहरूलाई स्पष्ट रूपले इङ्गित गरेको थियो। १३ फेब्रुअरी १९९६ मा पश्चिमका रोल्पा र रुकुम जिल्ला तथा पूर्वको सिन्धुली जिल्लाका प्रहरी चौकीहरूमा आकस्मिक रूपले आक्रमण गरी सशस्त्र सङ्घर्ष प्रारम्भ गरियो। रोल्पामा लडाइँ दुई घण्टासम्म चल्यो भने रुकुम र सिन्धुलीमा प्रहरीहरूले सङ्घर्ष नै नगरीकन हतियार हस्तान्तरण गरे। माओवादीहरूले गोरखा जिल्लाको च्याङ्ली गाउँस्थित कृषि विकास बैंक र साना किसान विकास आयोजनामा आक्रमण गरेर ऋणसम्बन्धी कागजपत्रहरू जलाई आफ्नो राजनीतिक अभिप्रायको रूपरेखा प्रस्तुत गरे।

उनीहरूले गोरखाको मनकामना डिस्टिलरीमा आक्रमण गरेर आफ्नो नैतिकतावादी एजेन्डाको सङ्केत दिए। उनीहरूले त्यसै रात काठमाडौँको काखमा रहेको पेप्सीकोला कारखानामा पेट्रोल बमद्वारा आक्रमण गरी आफ्नो दृष्टिमा बहुराष्ट्रिय निगमहरू परेको तथ्य र आफूले राजधानीको साथै बढी दुर्गम ग्रामीण क्षेत्रहरूमाथि प्रहार गर्ने इच्छा प्रदर्शन गरे। माओवादीहरूले प्रचण्डको वक्तव्यमार्फत पाँच दिनपछि मात्र औपचारिक रूपले यी आक्रमणहरूको जिम्मेवारी दाबी गरे।•••

झलक्क हेर्दा यी आक्रमणहरू भयावह रूपले हिंसात्मक थिएनन् किनभने यिनमा जीवनको क्षति भएको थिएन, तर यी आक्रमणहरूमा माओवादीहरूको दिगो सशस्त्र विद्रोह चलाउने सङ्कल्पको झलक दिने अभिप्राय रहेको थियो। एक जना वामपन्थी विश्लेषकका शब्दमा "सो घटनाले सामरिक शक्ति विन्यासको दृष्टिले एकदमै नयाँ सम्भावनाको जन्म दियो। वास्तवमा नेपाली वर्गयुद्धमा यो नयाँ काम थियो, जो देशको इतिहासमा पहिले कहिल्यै घटित भएको थिएन।"••• तर एकाध जिल्लामा घटेका यी साँच्ची नै सस्याना र छरपस्ट घटनाहरूले काठमाडौँको राजनीतिक संस्थापन पक्षलाई लेस मात्र पनि झट्का दिएनन्।

पहिलो प्रतिरक्षात्मक चरणले करिब पाँच वर्ष लियो र यो छओटा स्पष्ट प्रकृतिका कार्य योजनाहरू भएर गुज्रियो जुन कार्य योजनाहरू परिस्थितिको विकास गर्नका लागि अँगालिएका थिए।•••

••• पूर्ण बैठकबारे प्रचण्डको प्रेस विज्ञप्ति, १ सेप्टेम्बर २००४।

••• "जनयुद्धको ऐतिहासिक पहलसम्बन्धी सैद्धान्तिक प्रस्थापनाहरू", माथि उल्लेखित।

••• "नेकपा (माओवादी) को अपिल", माथि उल्लेखित।

••• ऐ.ऐ.।

••• *समस्याहरू र सम्भावनाहरू* नामक ग्रन्थमा प्रचण्डद्वारा लिखित "ऐतिहासिक विकासको सन्दर्भमा नेपालको नौलो जनवादी क्रान्तिको युद्धनीति", माथि उल्लेखित।

••• प्रेस वक्तव्य, १८ फेब्रुअरी १९९६।

••• गोविन्द न्यौपाने, *नेपाली समाजको रूपान्तरण : पृष्ठभूमि, परिवेश र व्यूहरचना* (काठमडौँ, सेन्टर फर डेभलपमेन्ट स्टडिज, २००१), पृ. ११३।

••• यी "योजनाहरू" लाई "कार्यनीतिक योजनाहरू/चरणहरू" भनेर पनि अनुवाद गर्न सकिन्छ, हेर्नुहोस् थापा, माथि उल्लेखित, पृ. ९९-१०२।

## २. नयाँ कार्यदिशाः प्रचण्डपथ

पाँच वर्षसम्म सशस्त्र सङ्घर्ष सञ्चालन गरेपछि माओवादीहरूले आफ्नो प्रगतिको पूर्ण मूल्याङ्कन गरे। यसबीच उनीहरूले कम्तीमा पनि निकैओटा जिल्लामा अस्थायी आधार इलाकाहरूको स्थापना गरेका थिए,••• र पार्टीको प्रभाव अभूतपूर्व दरले बढेको थियो। तर यी सफलताहरूले उनीहरूका सामु समस्याहरू पैदा गरेका थिए। आधार इलाकासम्बन्धी नीतिअन्तर्गत क्रान्तिकारी चिनियाँ मोडेलको अनुकरण गरिएको थिएन। कार्यकर्ता र जोदाहाहरूको विस्तार तीव्र गतिमा हुन जाँदा सङ्गठनात्मक चुनौतीहरू आइलागेका थिए। त्यसकारण अब रणनीतिको पुनः परीक्षा गर्ने बेला आएको थियो।

फेब्रुअरी २००१ मा कुनै गोप्य स्थानमा आयोजित माओवादीहरूको दोस्रो राष्ट्रिय सम्मेलन सशस्त्र विद्रोहको थालनी भए यता पार्टीको पहिलो ठूलो जमघट थियो। उक्त आयोजनाको नतिजास्वरूप नयाँ कार्यदिशा पारित भयो जसलाई "प्रचण्डपथ" भन्ने नाम दिइयो। आफ्नो राजनीतिक प्रतिवेदनमा प्रचण्ड स्वयंबाट प्रस्ताव गरिएको उक्त कार्यदिशालाई पार्टीको विधानमा केही परिवर्तन गरी अनुमोदन गरियो जसको नतिजास्वरूप प्रचण्ड पार्टी अध्यक्षमा नियुक्त भए।••• नयाँ रणनीतिअन्तर्गत मूलतः ग्रामीण क्षेत्रहरूको कार्यलाई अझ सबल तुल्याउँदै र सहरहरू घेर्नका लागि कार्य गर्दै सहरमाथि विद्रोह बोल्ने कार्यमा बढी केन्द्रित हुन आह्वान गरिएको थियो।

बदलिँदो विश्व परिस्थितिमा सर्वहारा क्रान्तिको कुनै एक स्थापित मोडेल अब उपयुक्त हुन सक्दैन भन्ने तर्कद्वारा उक्त रणनीतिक परिवर्तनको औचित्य सिद्ध गरिएको थियो।••• चिनियाँ कार्यदिशा अनुरूप सञ्चालन गरिने दशकौँ लामो सङ्घर्ष सफल नहुने सम्भावना सम्बन्धी बढ्दो आत्मज्ञानका कारण नेपालको स्थितिमा "दीर्घकालीन जनयुद्ध" उपयुक्त छ भन्ने प्रारम्भिक विश्वास कमजोर हुन गएको थियो। ग्रामीण क्षेत्रहरूमा बिस्तारै-बिस्तारै जरा गाड्दै जाँदा स्वतः निर्णायक क्रान्ति हुन्छ भन्ने कुरामा सन्देह पैदा हुनाको नतिजास्वरूप माओवादी र लेनिनवादी कार्यनीतिहरूको सङ्गम हुन गयो, अर्थात् नगरहरू र सहरहरूमा "जनविद्रोह" छेडेर त्यसबाट गाँउहरूमा लडिने "जनयुद्ध" को पूरकको भूमिका निर्वाह हुने निचोड निकालियो।

कतिपय अर्थमा यो कुनै नौलो कुरा थिएन। नेकपा (एकता केन्द्र) को १९९१ को नीतिमा "हाम्रो देशका विशिष्टताहरू र वर्तमान विश्व परिस्थितिमा सहरी जनआन्दोलनको महत्त्व निश्चय नै बढेर गएको छ"••• भनी स्वीकार गरिएको थियो। सन् १९९० मा राजधानीमा गरिएको अन्तिम जनपरिचालनबाट सफल भएको जनआन्दोलनको अनुभवलाई दृष्टिगत गरी माओवादीहरूले पनि शक्तिकेद्रलाई बढी प्रत्यक्ष रूपबाट निसाना बनाउने कार्यको महत्त्व स्वीकार गर्नु कुनै अचम्मको कुरा होइन।

बाबुराम भट्टराईले प्रचण्डपथ सामान्य कार्यदिशाभन्दा माथि तर विचारधाराभन्दा तल रहेको विचार शृङ्खला हो भनी व्याख्या गरे।••• तर नयाँ रणनीतिलाई स्वयं प्रचण्डसँग प्रत्यक्ष रूपमा गाँसेर व्यक्तिकरण गरिने कार्यले पार्टीभित्र र अन्य कम्युनिस्टहरूका बीचमा उग्र विवाद पैदा गऱ्यो।••• मोहन वैद्य (किरण) ले नयाँ कार्यदिशाबारे भव्य दाबीहरू गर्दै आफ्नो मत यसरी प्रकट गरे - "यतिखेर प्रचण्डपथ विशिष्ट हैन, विश्वव्यापी बन्ने प्रक्रियातर्फ गुणात्मक रूपले छलाङ मार्ने इतिहासको नयाँ मोडमा खडा भएको छ।"••• तर कृष्णबहादुर महराले भने यसो भनेका छन् - "यो रुस, चीन र अन्यत्रका अनुभवहरूबाट सिकिएको कुरा हो। ...हामीले मार्क्स, लेनिन र माओलाई त्यागेका छैनौँ तर हामी कुनै पनि कुरालाई जडसूत्रका रूपमा ग्रहण गर्न पनि चाहन्नौँ। हामी एक्काइसौँ शताब्दीको जनवाद चाहन्छौँ जसमा पैसा हुने मानिसहरूले निर्वाचनमाथि नियन्त्रण कायम गर्न नपाऊन् भन्ने हेतुले जनताले राज्यको सुपरीवेक्षण गर्नेछन्। हामी पारदर्शिता र सबै पार्टीहरूका लागि समान अवसर चाहन्छौँ।"•••

सहरी विद्रोहलाई समाहित गर्ने नयाँ नीतिमार्फत नेपाल जस्तो अत्यन्तै केन्द्रीकृत देशमा ग्रामीण कारबाहीहरूबाट मात्र राज्यमाथि गम्भीर दबाब दिन गाह्रो पर्छ भन्ने कुरा स्वीकार गरियो। माओवादी क्रान्तिलाई प्रगतिको दिशातर्फ डोऱ्याउने हो भने सङ्घर्षलाई राज्यसत्ता केन्द्रित रहेको काठमाडौँमा प्रत्यक्ष रूपले पुऱ्याउने नयाँ उपायहरू हुनु जरुरी थियो। सहरी विद्रोहसम्बन्धी अनेक कार्यनीतिहरू प्रस्तावित भए, जस्तो कि राष्ट्रिय राजनीतिमा निरन्तर रूपबाट हस्तक्षेप गर्नु, भ्रातृ सङ्गठनहरूलाई हडताल र सडक प्रदर्शन गर्ने कार्यमा उपयोग गर्नु, शाही सेनाभित्र विद्रोह भड्काउनु र आफूप्रति सहानुभूति राख्ने र आफ्नो विरोध गर्ने राजनीतिक शक्तिहरूको बीचमा ध्रुवीकरण गराउनु। यी कार्यनीतिहरू मूलतः अहिंसात्मक भएका हुनाले २००१ को पहिलो युद्धविराम कालमा यिनलाई प्रयोगमा ल्याइयो। माओवादीहरूले २१ सेप्टेम्बर २००१ को दिन काठमाडौँमा राजतन्त्र विरोधी विशाल प्रदर्शन गर्ने योजना बनाएका थिए तर सरकारले त्यसलाई हुन दिएन।

माओवादीहरूले आफ्नो विद्यार्थी मोर्चाको विकासमा धेरै प्रयासको लगानी गरे। अनि उक्त मोर्चाले शैक्षिक प्रणालीका, खास गरेर शुल्क असुल्ने निजी विद्यालयहरूका अक्षमता र असमानतालाई बडो होसियारीसाथ आफ्नो प्रहारको निसाना बनायो।

••• माओवादीहरूले जनवरी २००१ मा रुकुमबाट "जिल्ला जनसरकारहरूको" घोषणा गर्न सुरु गरे।

••• सम्मेलनद्वारा पारित *महान् अग्रगामी छलाङ : इतिहासको अपरिहार्य आवश्यकता* नामक राजनीतिक प्रतिवेदनमा प्रचण्डपथसम्बन्धी आधारभूत सिद्धान्तहरूको रूपरेखा खिचिएको छ, नेकपा (माओवादी) केन्द्रीय प्रकाशन विभाग, २००१। उक्त प्रतिवेदनमा रणनीतिक तथा कार्यनीतिक मार्गदर्शनहरूको रूपरेखा पनि सविस्तार प्रस्तुत गरिएको छ।

••• नेकपा (माओवादी) को प्रेस वक्तव्य, २००१।

••• नेकपा (एकता केन्द्र) को राजनीतिक कार्यदिशा।

••• बाबुराम भट्टराई, "दोस्रो राष्ट्रिय सम्मेलनको युगान्तकारी महत्त्व", *कान्तिपुर*, १ मार्च २००१।

••• उदाहरणका लागि, प्रदीप ज्ञवाली, *प्रचण्डपथ : विचारको केन्द्रीकरण कि भ्रष्टीकरण?* (काठमाडौँ, २००१) हेर्नुहोस्।

••• http://insof.org/collected/k_conceptof_pp.html. मा किरणद्वारा लिखित "प्रचण्डपथको दार्शनिक अवधारणा", डिसेम्बर २००३।

••• Isabel Hilton, "The King and Mao", *Financial Times*, १४ मे २००५।

माओवादीहरूले आफ्नो राजनीतिक घुसपैठलाई बढावा दिनका लागि तराईका बुटवल र विराटनगर जस्ता औद्योगिक तथा व्यापारिक केन्द्र रहेका सहरहरूमा भएका राजनीतिक दङ्गाको पनि उपयोग गरे। त्यसको लगत्तै भारतीय फिल्मी अभिनेता ऋतिक रोशनले नेपालबारे अपमानजनक टिप्पणी गरेको हल्ला चलेपछि काठमाडौं उपत्यकामा दङ्गा भड्कियो। माओवादीहरू यो अशान्तिको आगोमा घिउ थप्ने कार्य गर्दै दुईदिने राष्ट्रव्यापी आम हडताल गराउनमा क्रियाशील रहे।

तर सहरी क्षेत्रमा अस्थिरता र राजनीतिक विभाजन पैदा गर्नका निमित्त यस प्रकारका प्रयासहरू गरिए तापनि सहरी विद्रोहसम्बन्धी माओवादी रणनीतिले सहरहरूमा क्रान्तिको खतरालाई यथार्थ रूप दिनका लागि पर्याप्त समर्थन परिचालन गर्ने क्षमता प्रदर्शन गर्न सकेको छैन। माओवादीहरूले यदाकदा राजधानीमा बम विस्फोट र हत्या गरी आफ्नो उपस्थिति जनाउने र सँगसँगै मूलधारका राजनीतिक दलहरूसँग सहकार्य गर्ने सम्भावनाको आसा पनि गरिरहने जस्ता परस्परविरोधी कार्यनीतिहरू पनि लागू गरेका छन्।

प्रचण्डपथलाई सफल बनाउन आवश्यक पर्ने राजनीतिक सन्तुलनको सिर्जना गर्न कठिन छ। यो कुरा मूलधारका राजनीतिक दल र राजतन्त्रजस्ता "संवैधानिक शक्तिहरू" को बीचमा फाटो पैदा गर्ने कार्यमा भर पर्छ। माओवादीहरूलाई राजतन्त्र विरुद्ध सफल जनआन्दोलन छेड्नका लागि राजनीतिक मूलधारभित्रका आफूप्रति सहानुभूति राख्ने तत्वहरूसँग सम्बन्ध स्थापित गर्नु जरुरी छ भन्ने कुरा थाहा छ। त्यसको साथसाथै उनीहरूले मूलतः राजाप्रति बफादार रहेको शाही नेपाली सेनाभित्र विद्रोहलाई प्रोत्साहित गरी सत्तामाथि राजाको पकडलाई कमजोर तुल्याउनु पनि आवश्यक छ। यो सजिलो परिकल्पना भने होइन। "हामीले शाही सेनाभित्र फाटो पार्न सकेको खण्डमा जनविद्रोहको रणनीति सफल हुनेछ", एक जना माओवादी केन्द्रीय नेता भन्छन्, "तर यसका लागि केही समय लाग्नेछ।"*** क्रान्तिको "जनयुद्ध" र सहरी विद्रोहको योगसम्बन्धी रणनीतिको अन्यत्र कतै पनि परीक्षण भएको छैन। त्यसकारण यो सफलै होला भन्ने कुनै ग्यारेन्टी छैन। माओवादी नेता र कार्यकर्ताहरू सफलताद्वारा मात्र प्रचण्डपथले आफ्नो वैधता साबित गर्नेछ भनी स्वीकार गर्छन्।***

## ३. रणनीतिक सन्तुलन

रणनीतिक सन्तुलन हासिल गर्ने केन्द्रीय लक्ष्य भावी वैकल्पिक सरकारको निर्माण गर्दै राज्यको क्षमता र प्रभाव घटाउँदै जानु हो। यसका लागि विरोधी सैनिक शक्तिका विरुद्ध थेग्न सक्ने गरी पर्याप्त रूपमा आफ्नो सैन्य शक्तिको विकास गर्नु जरुरी छ, यद्यपि सैन्य शक्ति बराबरी हुनु भने जरुरी छैन। माओवादी सिद्धान्तमा सदाझैं गाँठी कुरा फौजहरूको सङ्ख्या वा तिनीहरूका उपकरणहरू नभई विद्यमान क्षमताहरूको अधिकतम उपयोग गर्नका लागि लागू गर्न सकिने खालका कार्यनीतिहरूको तर्जुमा गर्नु र शत्रुहरूलाई गलत धरातलमा फसाउनु हो। माओवादीहरूले नोभेम्बर २००१ मा पहिलो युद्धविराम भङ्ग भएर वार्ता परित्याग गरी शाही नेपाली सेनासँग प्रत्यक्ष भिडन्तको प्रारम्भ भएपछि आफू रणनीतिक सन्तुलनको चरणमा पुगेको दाबी गरेका थिए।*** त्यसउप्रान्त माओवादीहरूले "पुरानो सत्ता" लाई आफ्नो "नयाँ सत्ता" को समानान्तर शक्तिका रूपमा देखिन थाल्ने हदसम्म कमजोर तुल्याएको अनुभव गरेका छन्। उनीहरूले सैन्य अखडाहरूलगायत अनेक निसानाहरूमा एकसाथ साहसपूर्वक "आम आक्रमण" गरी आफूहरूले यो चरणमा प्रवेश गरेको उद्घोष गरेका हुन्।

त्यस बेला माओवादी रणनीति सम्बन्धमा शाही नेपाली सेनाको मूल्याङ्कन यस प्रकार थियो - "सहर र नगरहरू घेर्नका लागि ग्रामीण क्षेत्रहरूमा आधारहरूको स्थापना गर्नु र आखिरमा काठमाडौं उपत्यकालाई घेर्नु। उनीहरू यो प्रयोजनका लागि विद्युतीय धराप थाप्नुको साथै अन्य आतङ्ककारी क्रियाकलापहरू गरिरहेका छन् . . . र यसरी आफ्नो सङ्गठनलाई सुदृढ पारिरहेका छन्।"*** माओवादीहरूले प्रहरी चौकीहरूमाथि आक्रमण गरी प्रहरी बललाई हटाउन बाध्य गराएर, राजनीतिक प्रतिस्पर्धालाई निर्मूल पार्नका लागि मूलधारका दलहरूका कार्यकर्ताहरूमाथि आक्रमण गरेर, स्थानीय सरकारका निकायहरूमाथि आक्रमण गरी त्यहाँका अधिकारीहरूलाई राजीनामा गर्न बाध्य गराएर, राज्यको सेवा आपूर्ति गर्ने क्षमता घटाउनका लागि संरचनाहरूमाथि आक्रमण गरेर र बाँकी रहेका संस्थाहरूका शिक्षकहरू जस्ता निजामती सेवकहरूलाई डर-त्रास देखाई सहवरण गरेर राज्यको पहुँच घटाउने प्रयास गरे।

राज्यको अप्रभावी प्रत्युत्तरबाट सघाउ पुग्नाको कारण उक्त कार्यनीतिहरू मध्यपश्चिमका माओवादीको "गढ" का रूपमा रहेका रोल्पा, रुकुम, सल्यान, जाजरकोट, कालिकोट र प्यूठान जिल्लाहरूमा निकै नै सफल भए। यो क्षेत्रमा राज्यको उपस्थिति घटेर गयो, जुन कुरा १९९९ को एउटा खुलस्त देखिने प्रवृत्ति थियो। परिणामस्वरूप राज्यद्वारा परित्याग गरिएको ग्रामीण क्षेत्र मूलतः माओवादीहरूको वर्चस्वमा पर्न गयो। नोभेम्बर २००१ मा सङ्कटकालको घोषणा गरी शाही नेपाली सेनालाई परिचालन

*** क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फ्र्याङ्कफर्ट, १५ फेब्रुअरी २००५।
*** क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जनवरी २००५।

*** प्रचण्डद्वारा लिखित "वर्तमान परिस्थिति र हाम्रा ऐतिहासिक कार्यभारहरू", *द वर्कर*, अङ्क ९, फेब्रुअरी २००४। मे २००३ मा प्रचण्डद्वारा प्रस्तुत भई नेकपा (माओवादी) को केन्द्रीय समितिबाट पारित।

*** शाही नेपाली सेनाद्वारा "अमेरिकी सहायक विदेशमन्त्री क्रिष्टिना रोक्कालाई जानकारी", १७ डिसेम्बर २००३, http://www.cpnm.org/new/English/articles_ news/rna_briefing.htm. मा पनि उपलब्ध। यो दस्तावेज बाहिर चुहिएर एउटा माओवादी वेबसाइटमा प्रकाशित भएको थियो। प्रेसमा यसबारे निकै चर्चा हुँदा पनि शाही नेपाली सेनाले यसको आधिकारितालाई चुनौती दिएन। माओवादीहरूद्वारा आफ्ना लक्ष्यहरू हासिल गर्नका लागि प्रयोग गरिएका कार्यनीतिहरूलाई शाही नेपाली सेनाले यस प्रकार किताकरण गरेको थियो : (क) सरकारी र नागरिक सम्पत्तिहरूको अन्तध्वंश, (ख) सुरक्षाकर्मीहरू, राजनीतिक व्यक्तिहरू र अन्य उच्च पदस्थ अधिकारीहरूको हत्या, (ग) सहरी आतङ्कवाद (तथाकथित सहरी छापामार युद्ध), (घ) जबर्जस्ती रकम असुली, (ङ) कमजोर निसानाहरू (थोरै शक्ति भएका प्रहरी चौकीहरू, सुरक्षा नाकाहरू) माथि आक्रमण, (च) विद्युतीय धरापहरू (उनीहरू एक पटकमा १५० देखि ३०० सम्म विद्युतीय धरापहरू थापिरहेको कुरा गर्छन्...) र (छ) तथाकथित विकेन्द्रीत कारबाहीहरू गरी केन्द्रीकृत कारबाहीहरूलाई सुदृढ पार्नु।

गरिएको अवधिमा सैनिक द्वन्द्वमा वृद्धि हुन जाँदा केवल यो प्रक्रियामा तीव्रता आयो।

२००४ को आरम्भतिर माओवादीहरूले संयुक्त क्रान्तिकारी जनपरिषद्को निर्माण र क्षेत्रीय स्वायत्त जनसरकारहरूको घोषणाले "आधार इलाकाहरूलाई सुदृढ तुल्याउन र देशभरि आसन्न रणनीतिक आक्रमणका लागि तयारी गर्नमा अजङ्ग ठूलो सघाउ पुगेको" कुरा बताए।••• तर माओवादीहरू आधार इलाकाहरूको निर्माण गर्न सफल भएनभएको विषयमा फरक-फरक व्याख्याहरूका लागि भने यहाँ ठाउँ खुला राखिएको छ। शास्त्रीय माओवादी परिभाषाअनुसार आधार इलाका भनेको त्यो क्षेत्र हो जहाँ "प्रतिक्रियावादी राज्यसत्ता" को उपस्थितिलाई पूरापूर निर्मूल पारिएको हुन्छ र त्यहाँ "नयाँ जनसत्ता" को अभ्यास गर्न सच्चा प्रयास गरिएको हुन्छ।•••

सत्ताका लागि सङ्घर्ष गरेको अवधिमा माओ र चिनियाँ कम्युनिस्ट पार्टीद्वारा विकसित सिद्धान्तहरूअनुसार कामकाजी आधार इलाकाहरूको निर्माण गर्नका लागि पाँचओटा अत्यावश्यक शर्तहरू पूरा हुनुपर्छ। जस्तै, जनसमर्थनको व्यापक र भरपर्दो आधार, सही सिद्धान्तहरू र ठोस सङ्गठनद्वारा निर्देशित कम्युनिस्ट पार्टी, शक्तिशाली जनसेना, सैनिक कारबाहीका लागि अनुकूल भूबनोट र जनताको भरण-पोषणका लागि पर्याप्त आर्थिक स्रोतहरू।•••

बाबुराम भट्टराईको भनाइअनुसार आधार इलाकाहरू "छापामार इलाकाहरू" द्वारा घेरिएका छन् जहाँ आलोपालो गरी माओवादीका सेना र राज्यका सेनाको नियन्त्रण कायम हुने गर्छ। यी दुवैभन्दा बाहिर राज्य नियन्त्रित क्षेत्र छ, जुन क्षेत्रमा घरिघरि छापामारहरू घुसेर आक्रमण गर्ने कार्य भइरहन्छ। यो क्षेत्रलाई उनले "छापामार कारबाही क्षेत्र" भनी परिभाषा गरेका छन्।••• एउटा अन्तर्वार्तामा "तपाईंको येनान कहाँ छ?"••• भनेर सोध्दा प्रचण्डले उत्तर दिए - "देशका सबै ग्रामीण क्षेत्रहरू नेपालका येनान भएका छन्।"•••

वास्तवमा माओवादीहरूले जनयुद्ध प्रारम्भ गर्नुअघि नै विद्यमान परिस्थितिहरूको कारणले गर्दा "चीनको चिङ-काङ शानमा जस्तै नेपालमा सशस्त्र सङ्घर्ष खासखास विशिष्ट क्षेत्रहरूमा स्वतन्त्र रूपले अस्तित्वमा रहेर त्यहाँबाट अन्यत्र फैलिने सम्भावना देखिएको छैन" भन्ने कुरा स्वीकार गरेका थिए।••• एकताका माओवादीहरूका सहकर्मी रहेका एक जना वामपन्थी विश्लेषकको विचारमा नेकपा (माओवादी)ले "गाउँबाट मुक्त क्षेत्रहरू" निर्माण गर्ने दिशामा अघि बढ्ने प्रक्रियाले कहिल्यै पनि निर्णायक सैनिक अग्रसरताको सिर्जना गर्नेछैन। त्यसकारण आधार इलाकासम्बन्धी धारणाको भूमिका कम हुने कुराको परिकल्पना गरिनुपर्छ भन्ने कुरा महसुस गरेका छन्।•••

## ४. २००३ को युद्धविरामदेखि अर्को आक्रमणसम्म

अक्टोबर २००२ मा राजाले शेरबहादुर देउवाको निर्वाचित सरकारलाई बर्खास्त गरी लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरेपछि युद्धविराम गरी वार्ता गर्ने निर्णय गर्नुका पछाडि यी सबै कारकहरूले काम गरेका थिए। युद्धविरामको घोषणा २९ जनवरी २००३ मा भएको थियो र १३ मोर्चामा दुवै पक्षले २२ बुँदे आचारसंहितामा हस्ताक्षर गरेपछि त्यसले स्पष्ट आकार ग्रहण गर्‍यो।••• तर वार्ता सारभूत मुद्दाहरूसम्म पुग्न सकेन, अनि दुवै पक्षले एकअर्कामाथि युद्धविरामका शर्तहरूको उल्लङ्घन गरेको दोषारोपण गरे। वार्ता असफल हुनुका पछिल्तिर प्राविधिक कौशलको कमी हुनु र त्यसलाई गैरपेसेवर सहजीकरणद्वारा झनै खराब तुल्याइनुलगायत अनेकौं कारणहरू थिए। दुवै पक्ष गम्भीर छलफलका लागि तयार थिएनन्। तर प्रमुख अवरोधहरू भने अहम् राजनीतिक प्रश्नहरू नै थिए।

माओवादीहरू वार्ताको असफलताको सामना गर्न निश्चय नै तम्तयार थिए, त्यसकारण उनीहरूले युद्धविरामलाई सघन राजनीतिक तथा सैनिक विकासका लागि उपयोग गरे। काठमाडौँमा उनीहरूले आफ्ना उच्च दर्जाका वार्ताकारहरूको प्रचार मूल्यलाई भजाए। माओवादी बर्बरताप्रति जनदृष्टिमा घृणाको भावना हुँदाहुँदै पनि उनीहरूका पत्रकार सम्मेलनहरूमा पत्रकारहरू र भूमिगत नेताहरूका अनुहार हेर्ने उत्कण्ठा भएका रमितेहरूले व्यापक रूपले भाग लिए। यसरी चमकधमकपूर्ण रङ्गद्वारा उनीहरूको बदनामी अर्के स्वरूपमा रूपान्तरित भयो।

वार्तामा उनीहरूको अडानको अभिप्राय मूलधारका दर्शकहरूलाई अपिल गर्नु थियो। उनीहरूद्वारा प्रस्तावित गोलमेच सम्मेलन, अन्तरिम सरकारको मोडेलअन्तर्गत सर्वहारा वर्गको अधिनायकत्व वा तुफानी सांस्कृतिक क्रान्तिको प्रसङ्गलाई बडो होसियारीसाथ पन्छाइएको थियो।••• यसबीच उनीहरूबाट एकपछि अर्को क्षेत्रीय स्वायत्त जनसरकारहरूको घोषणा गरिने कार्यले उनीहरूका दीर्घकालीन योजनाहरूको रेखाङ्कन गर्‍यो भने सैनिक भर्ती र प्रशिक्षण वृहत् स्तरमा चुपचापसँग जारी रह्यो।

वार्ता र युद्धविराम भङ्ग भएपछिको अवधिमा द्वन्द्व अत्यन्तै तीव्र रूपले बढेर गयो। माओवादीहरूलाई "कठोर धक्का दिएर" कमजोर तुल्याई वार्ताको टेबुलमा फर्काउने उद्देश्यले शाही नेपाली सेनालाई

••• "स्वायत्त जनसरकारहरू गठित", *The Worker*, अङ्क ९, फेब्रुअरी २००४।

••• माओ जेदोङ, "जापान विरोधी छापामार युद्धमा रणनीतिका समस्याहरू", मे १९३८, http://www.marxists.org/reference /archive/mao/selected-works/volume-2/mswv2_08.htm#p6 मा पनि उपलब्ध।

••• ऐ.ऐ.।

••• बाबुराम भट्टराई, *राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट*, (उत्प्रेरक प्रकाशन), १९९८, पृ. ९९।

••• लामो अभियानपछिको निर्माण तथा सुदृढीकरण कालमा येनान चिनियाँ कम्युनिस्टहरूको आधार इलाका र क्रान्तिकारी मुख्यालय थियो।

••• ओम शर्मा र मनऋषि धितालद्वारा प्रचण्डसँग लिइएको अन्तर्वार्ता, कृष्णसेन अनलाइन, २ मे २००४।

••• "नेपालको सशस्त्र सङ्घर्षको रणनीति र कार्यनीतिहरू", माथि उल्लेखित।

••• श्याम श्रेष्ठ, "के माओवादीहरू फेरिएका हुन्?", *हिमाल खबरपत्रिका*, १४–२९ मार्च २००१।

••• "शान्ति वार्ताका लागि २२ बुँदे आचारसंहितामा हस्ताक्षर सम्पन्न", *The Kathmandu Post*, १४ मार्च २००३।

••• नेकपा (माओवादी) को २००३ को वार्तासम्बन्धी एजेन्डाको सारांश हेर्नुहोस्।

दिइएको अन्तर्राष्ट्रिय सहयोगको प्रवाहलाई माओवादीहरूले भने सकारात्मक रूपले हेरे। उनीहरूको निष्कर्ष के थियो भने खास गरेर भारत र संयुक्त राज्य अमेरिकाको बढ्दो संलग्नता र साथसाथै बेल्जियमबाट भएको हतियारको आपूर्ति र बेलायती सल्लाह आफ्नो निम्ति कुनै धक्का साबित नभएर वास्तवमा यी कुराले "जनयुद्धलाई तेस्रो र रणनीतिक आक्रमणको झनै उच्च चरणमा उकास्नका लागि अनुकूल भूमि तयार गरिदिए।"••• पार्टी नेतृत्व २००४ को आरम्भमै उक्त सङ्क्रमणको तयारीमा थियो र ऊ सैनिक र राजनीतिक प्रगतिले अर्को चरणको सिलान्यास गरेको दाबी गर्दै थियो :

> देशमा प्रगतिशील जनवादी परिवर्तन ल्याउनका निमित्त युद्धविराम र वार्ताकालमा साहसपूर्वक न्यूनतम कार्यक्रम प्रस्तुत गरी राजनीतिक आक्रमणको क्षेत्रमा उच्चस्तरीय सफलता प्राप्त गर्नु अर्को विशिष्टता थियो। पार्टीद्वारा अघि सारिएको राजनीतिक एजेन्डालाई पुरानो सत्ताले अस्वीकार गरेपछि यसबाट रणनीतिक आक्रमण र आम विद्रोहतर्फ अघि बढ्ने आधरभूमि तयार भयो। तत्कालीन सैनिक योजनाका रूपमा तीन चरणको खाका खिचियो, जस्तै पहिलो चरणमा विकेन्द्रित कारबाहीहरू गर्ने, दोस्रो चरणमा अपेक्षाकृत केन्द्रीकृत कारबाही र तेस्रो चरणमा ठूलठूला केन्द्रीकृत कारबाहीहरू गर्ने योजना।•••

शाही नेपाली सेनाद्वारा दाबी गरिएअनुसार अगस्त २००३ देखि यता मारिएका माओवादीहरूको सङ्ख्या हेर्दा छापामार सेनाहरू विनाशको अन्तिम घडीमा पुगे जस्तो देखिन आयो। यो परिकल्पनालाई काठमाडौंका कूटनीतिक तथा सरकारी वृत्तहरूमा व्यापक रूपले स्वीकार गरिएको पनि थियो। तर माओवादीहरूले मार्च र अप्रिल २००४ मा पूर्वको भोजपुर जिल्ला र पश्चिमको बेनी जिल्लाका सदरमुकामहरूमा ज्यादै विध्वंशक आक्रमणहरू गरे। शाही नेपाली सेनाले माओवादीहरू यी सहरहरूमा पूर्ण रूपले हाबी हुन सकेनन्, निश्चय नै यिनमाथि कब्जा जमाउन पनि सकेनन् तर आक्रमणको मनोवैज्ञानिक धक्का भने गम्भीर रहेको छ भनी सदाझैं सत्यतापूर्ण दाबी गऱ्यो। बेनीमाथिको आक्रमणबाट माओवादीहरूमा हजारौं मानिसहरूलाई परिचालन गर्न सक्ने बन्दोबस्तीका सरसामानहरू र राजनीतिक क्षमता मात्र नभई उनीहरूको सैनिक क्षमता निश्चित रूपले वृद्धि भएको कुरा पनि प्रदर्शित भयो।

बेनी आक्रमणको योजना सुनियोजित थियो र त्यसलाई विभिन्न मोर्चाहरूमा कार्यान्वयन गरियो। उदाहरणका लागि, माओवादीहरूले सायद पहिलो पटक रात्रिकालीन आक्रमणमा निश्चित प्रतिरक्षात्मक निसानामाथि बमगोलाहरू प्रभावकारी रूपले प्रयोग गर्ने खुबी देखाए। उनीहरूको विस्तृत तयारीअन्तर्गत स्ट्रेचरहरू र ओखतीमूलो तम्तयार राख्नु र स्थलगत चिकित्सा केन्द्रहरू खडा गर्नु जस्ता कुराहरू समाविष्ट थिए। नेपालका ग्रामीण क्षेत्रमा शाही नेपाली सेनाको सैन्यविनाशको केन्द्रीकृत तैनाथीको सापेक्षमा यो महत्त्वपूर्ण सैनिक विकास थियो। होसियारीसाथ कार्यान्वयन गरिएको आक्रमणमा नागरिकहरूको हताहती ज्यादै कम भयो। माओवादीहरूले अधिकांश स्थानीयबासीहरूलाई आक्रमणको तयारी हुँदैछ भन्ने कुराको अग्रिम चोतावनी दिएका थिए। वरिष्ठ पश्चिमा सैन्यविद्हरूलाई सबैभन्दा बढी प्रभावित तुल्याउने कुरा के थियो भने माओवादीहरू अन्तिम घडीमा आफ्नो ४८ घण्टे कार्यतालिका प्रस्तुत गर्न सक्षम भए, जुन "कुनै पनि सेनाका लागि महत्त्वपूर्ण पराक्रम" हो।••• प्रचण्डले बेनीमाथिको आक्रमणपछि साँझपख प्रेस वक्तव्य जारी गरे :

> केही समयअघि भोजपुरमा गरिएको केन्द्रीकृत कारबाहीको लगतै गरिएको यो दोस्रो गुणात्मक रूपले सफल कारबारहीले (माओवादीहरूको सैन्य क्षमता घटेको विषयमा) शत्रुद्वारा गरिएको झूटो प्रचारको सशक्त रूपले खण्डन गर्नुको साथै जनयुद्धको विकास र अजेयपनालाई सशक्त रूपले प्रमाणित गरेको छ। देशभरि गरिएका विकेन्द्रीकृत कारबाहीहरू र यी पछिल्ला कारबाहीहरूको शृङ्खलाद्वारा जनमुक्ति सेनाले गुन्डा शाही सेनामाथि सैनिक श्रेष्ठता स्थापित गरेको छ। सैनिक कारबाहीहरूको शृङ्खला आमूल परिवर्तनकारी अग्रगामी राजनीतिक समाधान हासिल नभएसम्म जारी रहनेछ।•••

अझ त्यसमाथि, यी ठूला सैनिक आक्रमणहरूको समय निर्धारण काठमाडौंमा भएको राजनीतिक गोलमालबाट अधिकतम फाइदा उठाउने दृष्टिबाट भएको थियो। सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा राजाद्वारा प्रत्यक्ष रूपबाट नियुक्त गरिएको दोस्रो सरकार राजनीतिक दलहरूको संयुक्त विरोध अभियानको चर्को दबाबमा परेको थियो। माओवादीहरूलाई तह लगाउनका लागि निर्णायक रणनीतिको तर्जुमा गर्नु त कता हो कता, काठमाडौं त अभूतपूर्व रूपले अस्तव्यस्त भएको थियो। माओवादीहरू यो अवस्थाबाट फाइदा उठाई काठमाडौंमा फाटो पार्ने विकल्प रोज्न व्याकुल भएका थिए। "पुरानो सत्ता" को स्वघोषित सैनिक श्रेष्ठताका अघिल्तिर उक्त सत्ताको कमजोरी र अनिर्णयकारी मनोभावनाले माओवादीहरूलाई झनै साहस प्रदान गरेको थियो।

माओवादीहरूले अगस्त २००४ मा पश्चिम नेपालमा आफ्नो पूर्ण बैठकको आयोजना गरेको बेलामा सूर्यबहादुर थापाको सट्टा शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएका थिए। देउवाद्वारा तारतम्य मिलाइएको चारदलीय गठबन्धनले प्रतिविद्रोहको प्रयासलाई एकीकृत गर्ने सामर्थ्य भएको व्यापक संयुक्त मोर्चा निर्माण गर्न सक्ला भनी नेपालका अन्तर्राष्ट्रिय समर्थकहरूले ठूलो आशा राखेका थिए। तर माओवादीहरूका हकमा भने अवसरवादी दलहरू र दरबारद्वारा नियुक्त गरिएका व्यक्तिहरूको अस्थिर खिचडी निर्णायक भिडन्ततर्फ अघि बढ्नका लागि आमन्त्रण थियो।

••• "Report From the Battlefield: The Breakdown of Ceasefire and Resumption of Military Strike by PLA", *The Worker*, अङ्क ९, फेब्रुअरी २००४।
••• ऐ.ऐ.।
••• क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पश्चिम युरोप, नोभेम्बर २००४।
••• "Maoists Temporarily Seize District Capital in Western Nepal", A World to Win News Service, २९ मार्च २००४।

## ख) रणनीतिक आक्रमणको वर्ष

माओवादीहरूले ३१ अगस्त २००४ मा रणनीतिक आक्रमणको थालनी गर्ने घोषणा गरे।••• पहिलो उप-चरणलाई रणनीतिक प्रत्याक्रमण भनी परिभाषित गरियो। माओवादीहरूले आसन्न भारतीय सैनिक हस्तक्षेपको दाबी गर्दै सबै गाउँलेहरूलाई आक्रमण र प्रतिरक्षा दुवै प्रकृतिको सैनिक तालिम दिने र भियतनामी शैलीको “सुरुङ युद्ध” को आह्वान गरे।•••

पोलिटब्युरो सदस्य तथा पश्चिमी भेकका इन्चार्ज दिवाकरको भनाइअनुसार माओवादीहरू राज्यसत्ता कब्जा गर्ने सशस्त्र अभियानको अन्तिम चरणतर्फ उन्मुख भएका थिए। “यसभित्र केही योजनाबद्ध लडाइँहरू लड्नुपर्नेछ, अनि आखिरमा मात्र हामी आम विद्रोहको चरणमा पुग्नेछौँ।”••• माओवादीहरूका दृष्टिमा अन्तिम प्रत्याकमणकारी चरणको महत्त्वपूर्ण विशेषता के हो भने अन्तिम ध्रुवीकरण भएर द्वन्द्वकारी दुई सेनाबीचको झडपमा गिरावट आएपछि यो चरण आउनेछ। सन् २००५ को आरम्भमा कृष्णबहादुर महराले एउटा अन्तर्वार्तामा भने, “. . .अहिले यो दुई ध्रुवीय छ र अहिले एउटा राजाको र अर्को क्रान्तिकारी सङ्घर्षको सेना गरी दुई सशस्त्र सेनाको बीचमा वास्तविक युद्ध चलिरहेको छ।”•••

माओवादीहरूले रणनीतिक प्रत्याक्रमण पूरा हुने समयावधिको किटान गरेका छैनन् र शीघ्र विजयको बाचा गर्ने कुरामा उनीहरू सतर्कता अपनाउँछन्। के उनीहरूले आफ्नो क्षमताको अधिक आकलन गरेका हुन्? के उनीहरू स्वयंलाई अतिरञ्जनासाथ प्रस्तुत गरिरहेका हुन्? नेपालका माओवादीहरूको विपरीत, चिनियाँ कम्युनिस्टहरू अन्तिम आक्रमणको दिशातर्फ उन्मुख हुँदा उनीहरूको मातहतमा विशाल नियमित सेना थियो। उनीहरूले निश्चय नै भूखण्डका विशाल क्षेत्रहरूमाथि कब्जा जमाएका थिए।

नेपालका माओवादीहरूले आफू सफलतापूर्ण चौतर्फी आक्रमणको शिखरमा पुगेको दाबी गर्ने क्रममा निश्चय नै आफ्नो विनम्रताहीनताको कीर्तिमान प्रदर्शन गरेका छन्, तर उनीहरूको अभियानले भने अझै पनि अनेकौँ भयङ्कर अवरोधहरूको सामना गर्नुपरेको छ। उनीहरूका समर्थकहरूका शब्दमा “माओवादी धारणाअनुसार क्रान्तिकारीहरूले “रणनीतिक आक्रमण” त्यो बेला आरम्भ गर्छन्, जब उनीहरू शत्रुका सशस्त्र सेनाहरूलाई निर्णायक रूपले ध्वस्त पारी देशभरि जनताको शासनको स्थापना गर्ने कार्यलाई आफ्नो तत्कालीन उद्देश्य बनाउन समर्थ हुन्छन्।”••• नेपालको राज्यद्वारा विद्रोहप्रति राजनीतिक प्रत्युत्तर जनाउन नसकेको कमजोरी स्पष्ट छ तर माओवादीहरू शाही नेपाली सेनालाई “निर्णायक रूपले ध्वस्त” पार्न मुस्किलैले समर्थवान् देखिन्छन्। शाही नेपाली सेनाले सिङ्गो देशभरि पुनः नियन्त्रण स्थापित गर्न सक्दैन भन्ने कुरामा निष्पक्ष सैनिक विश्लेषकहरू समहत छन्, तर उनीहरू के कुरामा पनि त्यति नै जोड दिन्छन् भने राज्यले आफ्नो न्यूनतम प्रतिरक्षात्मक पकड भने कायम राखिरहन सक्छ। यद्यपि त्यसको अर्थ जिल्ला सदरमुकामहरू र राजधानीमाथिको पकड मात्र हो।

माओवादीहरूले आफ्नो सैनिक प्रगतिबारे गर्ने गरेका जण्ड उद्घोषणहरू सरकारी विवरणहरूसँग मेल खाँदैनन्। सरकारी दाबीअनुसार माओवादीहरूको लडाकू क्षमतामा ह्रास आएको छ र उनीहरूले एकपछि अर्को गरी गम्भीर धक्काहरू बेहोर्नुपरेको छ। उदाहरणका लागि, माओवादीहरूद्वारा दक्षिण एसियाली मामिलासम्बन्धी अमेरिकी राज्य सहायक सचिव क्रिस्टिना रोक्काको काठमाडौँ आगमनको समय पारेर ९ मे २००५ को राति तराईका सिरहा र धनुषा जिल्लाका सुरक्षा फौजका अखाडाहरूमाथि एकसाथ गरिएको आक्रमणलाई आफूले उल्टो धक्का दिएको शाही नेपाली सेनाको दाबी छ।••• तर त्यसको एक हप्तापछि माओवादीका पूर्वी डिभिजन कमान्डर अनन्तले दाबी गरे - “हामी आफ्नो योजनामा पूर्ण रूपले सफल भयौँ। मिर्चैयास्थित एकीकृत कमान्डरका ब्यारेकहरू कब्जा गरिए। बन्दिपुरमाथि प्रहार गरी आंशिक रूपले कब्जा गरियो। चोरहवा र धारापानीस्थित अन्य दुई ब्यारेकमाथि कडा प्रहार गरियो।”••• अनन्तको भनाइअनुसार :

> आगामी दिनमा रणनैतिक आक्रमणमा हुने मोर्चाबद्ध लडाइँको आधार खडा भएको छ, यो हामीले त्यहाँको लडाइँबाट प्राप्त गरेको सबैभन्दा ठूलो उपलब्धि हो। रणनैतिक प्रत्याक्रमणको पहिलो योजनाअनुसार पूर्वी मोर्चा सफल हुनुले रणनैतिक प्रत्याक्रमण सडक, सहर र सदरमुकाममा केन्द्रित हुनेछ भन्ने हाम्रो पार्टीको विश्लेषणलाई पुष्टि गरेको छ। हामीले चलायमान र मोर्चाबद्ध मात्र नभई स्थिर मोर्चाबद्ध युद्धका शिक्षाहरूसमेत प्राप्त गरेका छौं। ... उक्त भिडन्तमा हाम्रो शानदार सफलतापश्चात् शाही जल्लादहरूले उसको रेन्जर बटालियनसमेत हजारौँको फोर्स परिचालित गरी हामीलाई घेरामा पारेर सखाप पार्ने कसरत गर्‍यो तर त्यसलाई जनयोद्धाहरूले पूरै नाकाम मात्र बनाएनन् उनीहरूतर्फ ठूलो क्षति पुर्‍याएको छ र थुप्रै युद्ध सामग्रीसमेत कब्जा गरिएको छ।•••

यी परस्परविरोधी मूल्याङ्कनहरूमा सदाझैँ दुई पक्षका प्रचारमुखी उद्देश्यहरू झल्किन्छन्। फेब्रुअरी २००५ पछिको वातावरणमा घटनाहरूको स्वतन्त्र रिपोर्टिङको पूर्ण अभाव हुँदा सत्यको निरूपण गर्न झनै गाह्रो भएको छ। शाही नेपाली सेनाले सिरहाका झडपहरूमा माओवादीहरूले तीन दर्जन जति स्थानीय बासिन्दाहरूलाई “स्पष्टतः मानव ढालका रूपमा” प्रयोग गरेको दाबी

••• प्रचण्ड, प्रेस वक्तव्य, ३१ अगस्त २००४।

••• ऐ.ऐ.।

••• नेकपा (माओवादी) को स्थायी समितिका सदस्य दिवाकरसँग लिइएको अन्तर्वार्ता, कृष्णसेन अनलाइन, २८ डिसेम्बर २००४।

••• Isabel Hilton, “The King and Mao”, *Financial Times*, १४ मे २००५।

••• “Maoists Temporarily Seize District Capital in Western Nepal”, A World to Win News Service, २९ मार्च २००४।

••• “माओवादीद्वारा सिराहा र धनुषाको आक्रमणमा ३२ विद्रोहीको मृत्यु”, कान्तिपुर अनलाइन, १० मे २००५।

••• अनन्तसँग लिइएको अन्तर्वार्ता, *जनादेश*, १६ मे २००५।

••• ऐ.ऐ.।

गऱ्यो।••• त्यसको विपरीत, दिवाकरले चाहिँ "शाही आतङ्ककारीहरू जनमुक्ति सेनाको सामना गर्न नसकेर स्थानीय जनतामाथि घातक हतियारहरूले आक्रमण गर्न थाले"••• भन्ने कुरामा जोड दिए।

दुवै सशस्त्र पक्षका दाबीहरू भरपर्दा छैनन् र वर्तमान परिस्थितिमा तिनलाई रुजु गरेर हेर्न पनि सकिँदैन। तर माओवादी नीतिका सन्दर्भमा महत्वपूर्ण प्रश्न "विजय" भनेको हो? भन्ने नै हो। नेकपा (माओवादी) का थुप्रै मिहिन पर्यवेक्षकहरू के कुरामा विश्वस्त छन् भने चौतर्फी सैनिक विजय असम्भव मात्र हैन अवाञ्छित पनि छ भन्ने कुरामा माओवादीहरू निकै अघिदेखि सचेत छन्। जस्तो कि एक जना माओवादी समर्थक भन्छन् :

> उनीहरू सत्ता कब्जा गर्न मात्र हैन त्यसलाई कायम राखेर नेपालको रूपान्तरणका लागि प्रयोग गर्न चाहन्छन्। उनीहरूलाई शस्त्रबलद्वारा सत्तालाई ध्वस्त पार्ने कार्य कठिन मात्र नभई अन्ततः त्यो टिकाउ पनि हुन सक्दैन भन्ने कुरा थाहा छ। हिंसाद्वारा काठमाडौँको सत्ता पल्टाउँदा विश्वले कस्तो प्रतिक्रिया जनाउला र त्यसबाट आफू सत्तामा रहिरहन कति गाह्रो होला भन्ने कुरा उनीहरूलाई राम्ररी थाहा छ।•••

माओवादीहरूले सधैँ नै राजनीतिक र सैनिक कारबाहीहरूलाई एउटै सिक्काका दुई पाटाका रूपमा हेर्ने गरेका छन्। उनीहरूका सबै नीतिगत वक्तव्यहरू र युद्धसम्बन्धी रणनीतिहरूको केन्द्रमा यो आधारभूत प्रस्थापना रहेको पाइन्छ। त्यसकारण विजयसम्बन्धी उनीहरूको धारणा योभन्दा फरक होला भनी अपेक्षा गर्नु अनौठो हुनेछ।

••• "सिराहाको भिडन्तमा हताहत हुनेहरूको सङ्ख्या ४५ भन्दा बढी", nepalnews.com, १० मे २००५।

••• अनन्तसँग लिइएको अन्तर्वार्ता, *जनादेश,* १६ मे २००५।

••• क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, नोभेम्बर २००४।

## ६. के कुराबाट उनीहरूको अवतरण हुन सक्ला त?

माओवादीहरूले सत्ताको एक अंश प्राप्त गर्ने हो भने उनीहरूका उद्देश्यहरू के होलान्? उनीहरूका कतिपय घोषित प्राधान्यताहरू हेर्दा के लाग्छ भने उनीहरूका लागि माओद्वारा सांस्कृतिक क्रान्तिपूर्वको चीनमा अवलम्बन गरिएको संयुक्त मोर्चासम्बन्धी व्यवहारमूलक कार्यनीतिहरू मार्गदर्शक बन्ने बढी सम्भावना छ। सांस्कृतिक क्रान्तिभन्दा पहिलेको चीनले पुँजीपति वर्गप्रति सङ्क्रमणकालीन दृष्टि अँगालेको थियो तर सांस्कृतिक क्रान्ति कालमा भने चीन वर्गशत्रुहरूलाई निर्मूल पार्नमा केन्द्रित भयो।••• तर चिनियाँ कम्युनिस्टहरूले आफू सत्तामा आएपछि लागू गरेको राजनीतिक प्रणाली अझै पनि नेकपा (माओवादी) का घोषित नीतिहरूको आधारभूत मान्यता देखिन आउँछ।•••

चीनद्वारा "नौलो जनवाद" लाई व्यवहारमा उतार्न अपनाइएको मोडेल "जनताको जनवादी अधिनायकत्व" थियो, जुन मोडेल कम्युनिस्टहरू बेइजिङमा प्रवेश गरेपछि माओद्वारा सूत्रबद्ध गरिएको धारणा हो।••• "जनताका लागि जनवाद र प्रतिक्रियावादीहरूका लागि अधिनायकत्व"••• भनी यो धारणाको सार स्पष्ट पारिएको थियो। नेपालका माओवादीहरूले उक्त चिनियाँ नजीरको अनुसरण गरी आफूले सामाजवादी रूपान्तरण विरोधी ठानेका मानिसहरूलाई राजनीतिक अधिकारहरू दिन इन्कार गर्ने कुराको सङ्केत दिएका छन्।••• चीनको १९५४ को संविधानले कम्युनिस्ट पार्टीलाई विशेष हैसियत प्रदान गरेको थिएन, न त त्यसले अरू कस्ता प्रकारका दलहरूलाई अस्तित्वमा रहन छुट दिइने हो भन्ने कुरा नै

••• "यो वर्गसँगको सहकार्यलाई निरन्तरता दिनु कम्युनिस्ट पार्टीको राजनीति थियो, अनि आर्थिक नीतिचाहिँ शान्तिपूर्ण विस्तार र राजकीय पुँजीवादलाई कार्यान्वयन गर्नु थियो। कम्युनिस्ट पार्टीको उद्देश्य राष्ट्रिय पुँजीपति वर्गलाई उन्मूलन गरी उक्त वर्गका बहुसङ्ख्यक सदस्यहरूलाई क्रमशः श्रमिकहरूमा रूपान्तरण गर्नु थियो", Kwok-Sing Li, माथि उल्लेखित, पृ. ४५२।

••• १९५४ को चिनियाँ संविधानको प्राक्कथनमा "जनताको जनवाद" र "नौलो जनवाद" लाई समानार्थीका रूपमा प्रयोग गरिएको छ भने उता जन गणतन्त्र चीनलाई भने "जनताको जनवादी अधिनायकत्व" भनी बयान गरिएको छ। धारा १ बढी सटिक छ : "जनवादी गणतन्त्र चीन मजदुरहरू र किसानहरूको सहकार्यमा आधारित तथा मजदुर वर्गको नेतृत्वमा चल्ने जनताको जनवादी राज्य हो।" जनगणतन्त्र चीनको प्रथम राष्ट्रिय महाधिवेशनको पहिलो सत्रका दस्ताबेजहरू (पेकिङ, १९५५)।

••• माओ जेदोङ, "जनताको जनवादी अधिनायकत्वबारे", ३० जून १९४९।

••• माओ जेदोङ, "जनताबीचका अन्तर्विरोधहरूको सही सञ्चालनबारे", २७ फेब्रुअरी १९५७, Kwok-Sing Li को लेखमा उद्धृत भाषण, माथि उल्लेखित, पृ. ३३८।

••• चीनको १९५४ को संविधानको धारा १९ यस प्रकार छ : "जनगणतन्त्र चीनले जनताको जनवादी व्यवस्थाको रक्षा गर्छ, सबै देशद्रोही र प्रतिक्रान्तिकारी क्रियाकलापहरूलाई दमन गर्छ र सजाय दिन्छ। राज्यले सामन्ती जमिनदारहरू र नोकरशाही-पुँजीपतिहरूलाई कानुनअनुसार निर्दिष्ट समयावधिका लागि राजनीतिक अधिकारहरूबाट वञ्चित गर्छ। साथसाथै यसले उनीहरू कामद्वारा आफूलाई सुधार्न र आफ्नै श्रमबाट आफ्नो जीविकोपार्जन गर्ने नागरिकहरू बन्न सकून् भनेर उनीहरूलाई जीविकोपार्जन गर्ने साधन पनि उपलब्ध गराउँछ।"

यकिनसाथ बताएको थियो, तर यथार्थमा चाहिँ त्यो एकदलीय राज्य थियो।••• संविधानमा वाक्, प्रेस र भेला, सङ्गठन र विरोध प्रदर्शन जस्ता मौलिक राजनीतिक अधिकारहरूको सिद्धान्ततः प्रत्याभूति गरिएको थियो,••• तर त्यो निरर्थक साबित भयो। संयुक्त क्रान्तिकारी जनपरिषद्को यो कार्यक्रम एकदमै उस्तै छ :

> नौलो जनवादी/जनताको जनवादी प्रणालीमा बोल्ने, लेख्ने, प्रकाशन गर्ने, सभा र विरोध प्रदर्शन गर्ने, सङ्गठन र राजनीतिक दल खोल्ने, चुन्ने र चुनिने, धर्म मान्ने वा नमान्ने, आफूलाई मन परेको ठाउँमा बसोबास गर्ने आदि लगायत सबै जनताका मौलिक र राजनीतिक अधिकारहरूको प्रत्याभूति गरिने छ। रोजगारी, शिक्षा र स्वास्थ्य जनताका मौलिक आधिकार मानिनेछन्। नौलो जनवाद/जनताको जनवादमा कम्युनिस्ट पार्टीको एकदलीय अधिनायकत्व हुन्छ भन्ने प्रतिक्रियावादीहरूको प्रचारबाजीको विपरीत विभिन्न देशभक्त, जनवादी र वामपन्थी दलहरूलाई कम्युनिस्ट पार्टीसँग मिलेर लामो समयसम्म पारस्परिक सहयोग र सुपरीवेक्षण गर्ने आधारमा पूर्ण स्वतन्त्रताको प्रत्याभूति गरिनेछ।•••

"सहयोग र सुपरीवेक्षण" सम्बन्धी चेतावनी खतराको घण्टी बजाउन पर्याप्त नभएको खण्डमा गरिने कारबाहीबारे कार्यक्रममा अगाडि स्पष्ट पारिएको छ - "जनवादी क्रान्ति कालमा प्रतिक्रियावादी भूमिका खेल्ने र देश तथा जनताको ध्येय विरुद्ध कार्य गर्ने प्रतिक्रियावादी वर्गलाई निश्चित अवधिका लागि सबै राजनीतिक अधिकारबाट वञ्चित गरिनेछ।"••• माओवादीले निर्वाचित जनप्रतिनिधि सभाको व्यवस्था गर्ने बाचा गरेका छन्। जुन सभाले "जनवादी केन्द्रीयताका सिद्धान्तअनुरूप कार्य गर्नेछ।"••• उनीहरूको शर्तअनुसार जनवादी केन्द्रीयताको अर्थ "सबै क्षेत्रमा सर्वहारा नेतृत्व र उच्चस्तरमा जनदिशा लागू गर्ने पद्धति" का साथ "जनवाद र केन्द्रीयताको बीचमा उचित सन्तुलन कायम गर्नु" हो।••• अझ त्यसमाथि "नौलो जनवादी क्रान्ति" पूरा गरेपछिको माओवादीको मूल उद्देश्य "सर्वहारा वर्गको अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिको माध्यमले लगत्तै समाजवादतर्फ लम्किनु र समस्त मानव जातिको सुनौलो भविष्य अर्थात् साम्यवादी समाजतर्फ अघि बढ्नु" हो भनी बयान गरिएको छ।•••

माओवादीको राजनीतिक सर्वसत्तावादको खतरालाई गम्भीर रूपमा लिइनुपर्छ। उनीहरूको आजसम्मको आचरणले पनि यही कुराको सङ्केत गर्छ। उनीहरू अक्सर तिनै वर्गहरूलाई निसाना बनाएर हिंसाको प्रयोग गर्दछन्, जसका लागि लडिरहेका हौँ भनी दाबी गर्छन्। "उनीहरूको हृदय र मस्तिष्क" सम्बन्धी रणनीतिमाथि प्रश्नहरू उठाइनु पर्नाको कारण यही हो। माओवादीको नियन्त्रणमा रहेका भागहरूको शासनको चरित्र हैकमवादी रहेको छ। उदाहरणका लागि, वाक् स्वतन्त्रता सुनिश्चित गर्ने आलङ्कारिक प्रतिबद्धताहरू कसैलाई पनि उनीहरू विरुद्ध बोल्न दिने तहसम्म विस्तारित भएका छैनन्। माओवादी भेरी-कर्णाली स्वायत्त जनसरकारका प्रमुख खड्गबहादुर विश्वकर्माका शब्दमा "प्रति-क्रान्तिकारी भूमिका खेल्ने सबै शक्ति वा दलहरूमाथि निश्चित समयसम्म प्रतिबन्ध लगाइनेछ।"••• "प्रतिक्रान्तिकारी" प्रवृत्तिहरू सम्बन्धी आरोप एउटा त्यस्तो डन्डा हो जसलाई विगतमा मूलधारका सबै राजनीतिक दलका कार्यकर्तालगायत विरोधीहरूको व्यापक पङ्क्तिलाई थला बसाउने काममा प्रयोग गरिएको थियो।

तर समाजवाद र साम्यवादको अन्तिम लक्ष्य माओवादी नीति रहिआएको भए तापनि २००३ को युद्धविराम यता "नौलो जनवादी क्रान्ति" सम्बन्धी चर्चाको स्थान बिस्तारै-बिस्तारै पुँजीवादी जनवादी क्रान्तिको पूर्णतासम्बन्धी प्रतिबद्धताले लिएको छ। प्रचण्ड स्वयंले स्पष्टता साथ भनेका छन् - "पार्टीको आधारभूत राजनीतिक रणनीति पुँजीवादी जनवादी क्रान्तिको माध्यमले नेपाली समाजलाई सामन्तवाद र साम्राज्यवादबाट मुक्त गर्नु हो।"••• यस कथनले उद्देश्यमा भएको महत्त्वपूर्ण परिवर्तनलाई इङ्गित गर्छ। यो एउटा त्यस्तो परिवर्तन हो जसले कुनै पनि भावी वार्ताहरूमा माओवादी क्रियाकलाप र दृष्टिकोणलाई नयाँ स्वरूपमा ढाल्न भूमिका खेल्नेछ। साथसाथै माओवादीको रणनीतिक आक्रमण जारी रहने कुरालाई पुष्टि गर्दै प्रवक्ता कृष्णबहादुर महराले पनि बहुदलीय प्रजातन्त्रको चरण हुँदै शान्तिपूर्ण सङ्क्रमण गर्ने सम्भावनामाथि यसरी जोड दिएका छन् - "अरू दलसँग सहकार्य गर्ने हो भने हामीले लचिलो हुनैपर्छ। हामीले दुई कदमको क्रान्तिको परिकल्पना गरेका छौँ जसमध्ये पहिलो कदम बहुदलीय लोकतान्त्रिक गणतन्त्र हो। यो सच्चा लोकतन्त्र भएको खण्डमा त्यसपछि हामी राज्यको शान्तिपूर्ण रूपान्तरणका लागि काम गर्नेछौँ।"•••

••• १९५४ को संविधानको धारा ८६ ले व्यक्तिहरूलाई चुनावमा उठ्ने अधिकार दिएको छ तर (२० सेप्टेम्बर १९५४ मा पारित) जनगणतन्त्र चीनको राष्ट्रिय जनवादी महासम्मेलनको आङ्गिक कानुनमा भने "राष्ट्रिय जनमहासम्मेलनमा डिपुटीहरूले जनताको जनवादी व्यवस्थाप्रति बफादार रहनैपर्छ। ...साथै उनीहरूले संविधान, कानुन र राज्यको नीति कार्यान्वयन गर्न क्रियाशील रूपले सहयोग गर्नैपर्छ।" दस्तावेजहरू, माथि उल्लेखित, पृ. १७७।

••• धारा ८७।

••• संयुक्त क्रान्तिकारी जनपरिषद्को साझा न्यूनतम नीति तथा कार्यक्रम।

••• ऐ.ऐ.।

••• ऐ.ऐ., धारा १३–१५। माओका शब्दमा, "हामी जनताका पङ्क्तिभित्र स्वतन्त्रताबिना निर्वाह चलाउन सक्दैनौँ, न अनुशासनबिना नै निर्वाह चलाउन सक्छौँ। ...यो प्रणाली (जनवादी केन्द्रीयता) अन्तर्गत जनताले व्यापक जनवाद र स्वतन्त्रताको उपभोग गर्छन्, तर साथसाथै उनीहरूले समाजवादी अनुशासनका सीमाभित्र पनि रहनैपर्छ।" माओ जेदोङ, "जनताबीचका अन्तर्विरोधहरूको सही सञ्चालनबारे", २७ फेब्रुअरी १९५७, *छानिएका रचनाहरू*, माथि उल्लेखित, पाँचौँ ठेली, पृ. ३८९।

••• संयुक्त क्रान्तिकारी जनपरिषद्को न्यूनतम नीति तथा कार्यक्रम, धारा ९।

••• "जनयुद्धको ऐतिहासिक पहलसम्बन्धी प्रस्थापना", माथि उल्लेखित।

••• जे पाण्डे, "माओवादी येनानमा बन्दुकको शासन", *नेपाल*, १–५ फेब्रुअरी २००४।

••• प्रचण्ड, "नेकपा (माओवादी) का नीतिहरूसम्बन्धी छोटो परिचय", *The Worker*, अङ्क ९, फेब्रुअरी २००४।

••• Isabel Hilton, "The King and Mao", *Financial Times*,, १४ मे २००५।

माओवादी विचारधाराभित्र यस प्रकारको सङ्क्रमण गर्न र पार्टी सिद्धान्तका आधारमा यसको औचित्य सिद्ध गर्नका लागि पर्याप्त ठाउँ छ। मार्क्सवादीहरूका मनमा सधैं नै क्रान्तिको प्रकारसम्बन्धी ऐतिहासिक उपयुक्तताका प्रश्नले सधैं नै घर गरेको हुन्छ। धेरै वर्षसम्म लेनिन स्वयंमा साम्यवादको परिकल्पना गर्ने आन्दोलनतर्फ उन्मुख हुनुअघि रुसले पहिले जनवादी क्रान्तिबाट गुज्रनुपर्ने कुराको विश्वास थियो। उनी बियाँलो गरी ट्राट्स्कीको "स्थायी क्रान्ति" को योजनाबाट आस्था परिवर्तन गर्नेमध्ये एक जना थिए। जुन क्रान्तिले विकासको जनवादी चरणलाई पूर्ण रूपले नाघेर सर्वहारा वर्गद्वारा सञ्चालित वर्गीय रूपान्तरणमा छलाङ मार्ने कुरा प्रस्तावित गर्थ्यो।

यो विषयसित सम्बन्धित सर्वाधिक महत्त्वपूर्ण माओवादी लेखनमा बाबुराम भट्टराईले एङ्गेल्सको भनाइको सहारा लिएर आफ्नो तर्कलाई टेको दिएका छन् - "आजको नेपाल जस्ता देशमा सर्वहारावादी पार्टीले पुँजीवादी गणतन्त्रको कार्यक्रम अँगाल्नु जरुरी छ।"••• एङ्गेल्सद्वारा गरिएको उन्नाइसौं शताब्दीको स्पेनका बाकुनिनवादी अराजकतावादीहरूको आलोचनालाई भट्टराईले उद्धृत गरेका छन्। जसको निहितार्थ के हो भने नेपालको स्थिति स्पष्ट रूपले यस कुरामा समान छ, "स्पेन औद्योगिक दृष्टिले यति पिछडिएको देश हो कि त्यहाँ मजदुर वर्गको तत्कालै पूर्ण मुक्तिको प्रश्नै उठ्दैन। स्पेनले पहिले विकासका अनेकौं प्रारम्भिक चरणहरूबाट गुज्रँदै आफ्नो बाटोमा रहेका थुप्रै अवरोधहरूलाई पन्छाउनु पर्नेछ।"•••

विडम्बना के हो भने भट्टराईद्वारा "बाकुनिनवादी" दृष्टिकोणलाई बदर गर्ने कार्यले भारतीय कम्युनिस्ट आन्दोलनको मूलधारभित्रबाट गरिएको नक्सलपन्थीको शास्त्रीय आलोचनाबाहेक अरू कुनै कुराको पनि स्मरण गराउँदैन।••• उदाहरणका लागि मोहित सेनले नक्सलबादी रणनीतिबारे भनेका थिए - "यसमा अन्तर्निहित केन्द्रीय विचार के थियो भने सशस्त्र सङ्घर्षका लागि कसैले पनि जनतालाई पर्खिनुपर्दैन। तर समर्पित क्रान्तिकारीहरूबाट यस प्रकारको सङ्घर्ष आरम्भ गराई जनतालाई सङ्घर्षको लागि तयार पार्नुपर्छ। ...यो वास्तवमा अरू केही नभएर उही ब्ल्याङ्कुई र बाकुनिनको पुरानो अराजकतावादलाई लिन प्याओको सेनाको नयाँ बर्दी लगाइएको मात्र हो।"••• भट्टराईले र वास्तवमा प्रचण्डले पनि पुँजीवादी जनवादी क्रान्तिको पूर्णताको आवश्यकतासम्बन्धी यस

••• बाबुराम भट्टराई, "Royal Regression and the Question of a Democratic Republic in Nepal", मा *Monarchy vs. Democracy: The Epic Fight in Nepal,* (नयाँ दिल्ली, २००५), पृ. ११।

••• फ्रेडरिक एङ्गेल्स, *द बाकुनिनिस्ट एट वर्क,* भट्टराईद्वारा "शाही प्रतिगमन" मा उद्धृत, माथि उल्लेखित, पृ. ११।

••• भारतको पश्चिम बङ्गालस्थित नक्सलबारी (नेपालको सिमाना पर्ने) नामक गाउँको आधारमा नामकरण गरिएको नक्सलबादी आन्दोलन १९६० को दशकको उत्तरार्धमा भएको माओवादी विद्रोह थियो। मूलतः कठोर सैनिक प्रत्युत्तरद्वारा र मूलधारका कम्युनिस्ट पार्टीहरूद्वारा किसानहरूबाट समर्थित सानो आधार क्षेत्र निर्माण गर्न भूमिसुधार गरी नक्सलपन्थीहरूलाई राजनीतिक रूपले किनारा लगाएर परास्त गरिएको थियो।

••• Mohit Sen, *The Traveller and the Road,* (दिल्ली, २००३), पृ. २८५।

खालका थुप्रै टिप्पणीहरूमा नक्सलबादीहरूको भन्दा पनि मूलधारका भारतीय कम्युनिस्टहरूको भाषा अपनाउनु एकदमै अर्थपूर्ण कुरा हो।••• एक वरिष्ठ भारतीय कम्युनिस्ट नेताले यो समानतालाई यसरी औंल्याएका छन् :

> माओवादीहरू सीपीएम (भाकपा मार्क्सवादी) शैलीको मोडेलबाट आकर्षित भएका हुनुपर्छ।••• हामी उनीहरूलाई आम माफी दिएर मूलधारमा सहभागी बन्नका लागि सम्झाइ-बुझाइ गर्ने चेष्टा गर्न सक्छौं। उनीहरूमा थकान पनि छ, त्यसैले लामो समयको लडाइँले गर्दा कारबाहीहरूबाट वाक्क भइरहेका मानिसहरूलाई नाक जोगाउने एक न एक प्रकारको संयन्त्र फेला पार्नतर्फ प्रोत्साहित गर्न सक्छ। जस्तो कि भूमिसुधार जस्तो कुनै चीज पाएको खण्डमा त्यसलाई उनीहरू आफूले "विजय" प्राप्त गरेको दाबी गर्न सक्छन्। केही मानिसहरू अतिवादी छन् तर सबै भने छैनन्। ...(एमालेका मानिसहरू) मूलधारमा आएपछि उनीहरू संसदीय संयन्त्रमा पूर्ण रूपले समाहित भई सत्तामुखी भए। त्यसबाट युवाहरूको मोहभङ्ग भयो। उनीहरू सम्भावित माओवादी समर्थक बन्न पुगे। त्यो हिस्सालाई मूलधारमा फर्काउन सकिन्छ।•••

माओवादीहरूले आफ्ना कार्यकर्ताहरूलाई स्पष्टतः केही न केही सफलताहरू प्रदान गर्नु जरुरी छ। जसमा मूलधारका लोकतान्त्रिक शक्तिहरूसँग सम्झौता गर्न उनीहरूले खास केही तयारी गरेका छैनन्। अनि उनीहरूका केही न्यूनतम मागहरू छन्। खास गरेर उनीहरू भूमिसुधार, जातीय र जनजातीय समानता, क्षेत्रीय अख्तियार प्रत्यायोजन र राजतन्त्रका सम्बन्धमा महत्त्वपूर्ण कदमहरू चालिएको देख्न चाहन्छन्। जहाँसम्म अन्तिम बुँदा वा राजतन्त्रको कुरा छ, उनीहरू अझै लचिलो बन्ने दाबी गरिरहेका छन्। यद्यपि वर्तमान परिस्थितिले उनीहरूलाई हौसला दिई राजतन्त्रको अन्त्य गरी "विजय प्राप्त गर्ने" आशा जगाएको होला भनी विश्वास गर्न गाह्रो छ। अनि बाँकी मागहरूको हकमा राजनीतिक दृष्टिले यिनको पूर्ति हुन नसक्ने कुनै कारण छैन। माओवादीहरू के पाएको खण्डमा अवतरण गर्लान् भनी सोधिँदा एक जना उच्च तहका भारतीय नोकरशाहले यसरी आशावाद प्रकट गरेका छन् :

> उनीहरूलाई राजनीतिक समाधानहरूको रूपरेखा तयार पार्ने कार्यमा साझेदारीको आवश्यकता छ। सहभागी बन्नका लागि सुगम क्रीडास्थलको आवश्यकता छ। कुनै न कुनै प्रकारको आम क्षमादानको आवश्यकता छ, जसले गर्दा आफ्ना

••• शाही सत्तापलटभन्दा अगाडि वर्षैंभरि प्रचण्डले "मार्क्सवादले बालिग मताधिकार र निर्वाचित प्रतिनिधिमूलक संस्थाहरूको विरोध गर्दैन" भन्ने कुरामा जोड दिए, "On the State and Democracy", *The Worker*, अङ्क ९, फेब्रुअरी २००४।

••• सीपीएम मूलधारको भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को सङ्क्षिप्त रूप हो, जसले १९७७ देखि पश्चिम बङ्गालको संयुक्त मोर्चा सरकारको नेतृत्व गरेको छ।

••• क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, डिसेम्बर २००४।

कार्यकर्ताहरूले आफ्नो कार्यक्रमका केही तत्वहरूलाई स्वीकार गराइएको देख्न पाऊन्। उनीहरूले हस्ताक्षर गर्न सक्ने एजेन्डा फेला पार्नु कुनै त्यस्तो अकल्पनीय कुरा होइन।•••

यस प्रकार धेरै कुरा त निर्वाचनमुखी राजनीतिमा प्रवेश गर्ने विषयमा माओवादी स्वयंका आकलनहरूमा भर पर्नेछ। राजनीतिक मूलधारका लागि अनुकूल भविष्य छ भन्ने कुरामा उनीहरूलाई आश्वस्त तुल्याउन सकिएमा वा स्वयंले आफूलाई आश्वस्त तुल्याउन सकेमा गम्भीर रूपले वार्ता गर्न उनीहरू साँच्ची नै तयार हुनेछन्।

••• क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, डिसेम्बर २००४।

## निचोड

माओवादीहरूको सशस्त्र विद्रोहको प्रतिफल जेसुकै किन नहोस्, उनीहरूले नेपालको राजनीतिलाई उल्ट्याउनै नसकिने गरी परिवर्तन गरेका छन्। सन् १९९० पछिको सम्झौताको मौन सम्मतिलाई तोडेका छन् र पहिले किनारा लगाइएका मुद्दाहरूलाई राज्यले पन्छाउनै नसक्ने गरी केन्द्रीय प्रश्न बनाइदिएका छन्। यसो गर्ने क्रममा उनीहरूले सन् १९९० को सम्झौतामा खोटहरू अन्तर्निहित थिए र त्यो राज्यसत्ताको स्थायी विभाजन थिएन भन्ने आफ्ना आरम्भिक कथनहरूमध्ये धेरैलाई पुष्टि गरेका छन्।••• भूमिसुधार, जनजातीय, जातीय र लैङ्गिक समानता तथा क्षेत्रीय मुद्दाहरू, सामाजिक र आर्थिक विषमताहरू र दशकौँको विफल विकास जस्ता विगतका असफलताहरूप्रति उनीहरूले तीव्र रूपले ध्यानाकृष्ट गरेका छन्।

उनीहरूले निर्वाचित निकायद्वारा नयाँ संविधानको मस्यौदा गर्ने सम्भावनालाई मूलधारको एजेन्डाको केन्द्रमा प्रवेश गराएका छन्। पहिले निषेधित विषयको रूपमा रहेको गणतन्त्रको प्रश्नलाई स्थापित दलहरूभित्रका जोदाहाहरूलाई एकताबद्ध गर्ने वैचारिक सूत्रका रूपमा उठाउने कार्यमा उनीहरूको ठूलो हात छ। त्यसो त यस कार्यमा दरबारले पनि सघाउ पुर्‍याएको छ। सङ्क्षेपमा, उनीहरूले दमन गरिएका थुप्रै सत्यहरूका बन्द ढोका खोलिदिएका छन्। साथै आन्दोलन सफल होस् वा नहोस्, उनीहरूले स्थिति परिवर्तन गरिदिएका छन्। जुन स्थितिलाई सम्बोधन गरी भविष्यका सरकारहरूले कार्य गर्नु अपरिहार्य हुनेछ।

माओवादीहरू एकदमै देखिने गरी र बडो कष्टपूर्ण रूपमा के कुरा प्रदर्शन गर्न सफल भएका छन् भने नेपाली समाजमा साँच्ची नै हिंसा थेग्न सक्ने क्षमता छ। जसलाई राजनीतिक अभीष्ट पूरा गर्ने दिशातर्फ मोड्न सकिन्छ। शताब्दीयौँदेखिको उत्पीडनलाई सच्याउनका लागि विद्रोहको मानसिक झट्का आवश्यक छ। राज्यद्वारा गरिएको बर्बर उपेक्षापूर्ण इतिहासको दाँजोमा यो आमूल सुधारको लागि चुकाउन लायकको मूल्य हो भनी माओवादीहरूले तर्क गर्ने गरेका छन्। तर मूलधारका लोकतन्त्रवादीहरू भने माओवादीहरूमाथि १९९० को जनआन्दोलनका उपलब्धिहरूलाई क्षतविक्षत पारेको र प्रगतिशील सुधारका सम्भावनाका ढोका बन्द गर्दै सरकारलाई असक्षम बनाएको आरोप लगाउँछन्। हैकमवादी राजतन्त्रले फेरि टाउको उठाउनुका पछिल्तिर मूलतः माओवादीहरू र उनीहरूद्वारा जानाजान गरिएको राज्यको सैनिकीकरणको दोष रहेको छ भन्ने कुरामा मूलधारमा मतैक्य छ। माओवादीलाई देशभरि फैलाएको हिंसा संस्कृति, डरत्रास र बन्दुके न्यायको वातावरणलाई सच्याउन निकै नै गाह्रो पर्नेछ।

माओवादीहरूले नेपालका अन्य सहधर्मी कम्युनिस्टहरूबाट पनि चर्को आलोचनाको सामना गर्नुपरेको छ जसले उनीहरूलाई राजनीतिक स्थितिको गलत मूल्याङ्कन गरी खतरापूर्ण

••• हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *Towards a Lasting Peace in Nepal*, माथि उल्लेखित।

प्रत्युत्पादक बाटोमा हाम्फाल्ने दुस्साहसवादीका रूपमा हेर्ने गरेका छन्। मूलधारका कम्युनिस्टहरू माओवादीहरूका समग्र उद्देश्यहरूमा सहमत हुन सक्ने भए तापनि माओवादीहरूका तत्काल सशस्त्र सङ्घर्षको ढोका खोल्ने तर्कहरूलाई अस्वीकार गर्छन्। उनीहरू त्यसको सट्टा लोकप्रिय जनाधारको निर्माण गरी शान्तिपूर्ण माध्यमहरूद्वारा त्यसको परिचालन गरिनुपर्ने कुरामा जोड दिन्छन्। प्रचण्डले व्यक्ति पूजाको वातावरण सिर्जना गर्दै आन्दोलनलाई सर्वशक्तिमान केन्द्रीय कमान्डको ढाँचामा ढाल्न खोजेको तथ्यले झनै गम्भीर सन्देहहरू पैदा गरेका छन्। माओवादीद्वारा राजनीतिक दृष्टिबाट आफूलाई एक्ल्याउने क्रम जारी नै छ। वैचारिक दृष्टिले सर्वाधिक समानता भएका जनमोर्चा जस्ता दलहरूसँग माओवादीले गर्ने गरेका झडपहरूबाट उनीहरू राजनीतिक बहसको प्रक्रियामा वर्चस्व कायम गर्ने कार्यबाट अझै कति टाढा छन् भन्ने कुराको झलक पाइन्छ।

यसो हुँदाहुँदै पनि हतियारको बलले होस्, विचारको बलले होस् वा यी दुईको योगबाट होस्, माओवादीको भीषण राजनीतिक सङ्गठनका रूपमा उदय भएको छ। उनीहरू कसैले पनि पूर्वानुमान गरेभन्दा बढी नै सफल भएका छन्। उनीहरूको जनयुद्धको रणनीतिको परिणामस्वरूप एउटा सशस्त्र आन्दोलनले जन्म लिएको छ जसलाई सजिलै विस्थापित गर्न सकिने छैन। "प्रचण्ड र बाबुराम कोही थिएनन्, हामीले उनीहरूलाई बनायौं" एक जना अनुभवी जनस्तरीय कम्युनिस्ट जोदाहा भन्छन्।••• तर तथ्य के हो भने माओवादीहरूले मूलधारलाई छायाँमा पारिदिएका छन्। अब माओवादीहरूका सामर्थ्यहरूसँग टक्कर नलिईकन र उनीहरूको राजनीतिक एजेन्डालाई सम्बोधन नगरीकन द्वन्द्वको छिनोफानो हुने कुरै छैन।

हाल गम्भीर वार्ता सम्भव हुने उत्साहजनक लक्षणहरू देखा परेका छन्। माओवादीहरू स्वयंले त्यस्ता वैचारिक कदमहरू चालेका छन् जसबाट उनीहरूले आफ्ना कार्यकर्ताहरूको चित्त बुझाउन सकिने खालको सिद्धान्तनिष्ठ सम्झौताको सम्भावनाका ढोकाहरू खुल्न सक्छन्। उनीहरू खमेररुजको नेपाली औतार होइनन्, न त उनीहरू वार्तालाई अस्वीकार गर्ने आतङ्गकारी सङ्गठन नै हुन्। मूलधारका दलहरू नेपाली समाजमा संरचनात्मक सुधारहरू गर्नुपर्ने र सत्ताको बढी समतामूलक वितरण गर्नुपर्ने दिशातर्फ अग्रसर भइरहेका छन्। सातदलीय गठबन्धनद्वारा संविधानसभालाई सुधारको मोडेलका रूपमा स्वीकार गरिने कार्यले माओवादीलाई बढी सारभूत वार्ताका लागि आकर्षित गर्न सक्छ।•••

माओवादीप्रतिको अन्तर्राष्ट्रिय अभिमतमा नरमपना आएको छैन तर उनीहरूले कतिपय नियमहरूको पालना गरेको खण्डमा उनीहरूसँग संवाद गर्न नीति-निर्माताहरू बढ्दो मात्रामा इच्छुक भएको देखिन्छ। "माओवादीहरूसँग वार्ता गर्नु हाम्रा लागि उत्रो टाउको दुखाइको विषय होइन", एक जना भारतीय राष्ट्रिय सुरक्षाविद् भन्छन्, "तर उनीहरूले दुईओटा शर्तको पालना गरेको खण्डमा मात्र यो सम्भव छ। ती शर्त हुन्- भारतीय उग्रवादीहरूसँगको सम्बन्धलाई तोड्नु र बहुदलीय लोकतन्त्रलाई स्वीकार गर्नु।"•••

माओवादीद्वारा सेप्टेम्बर २००५ मा घोषित तीनमहिने एकतर्फी युद्धविरामले पूर्वानुमान गरिएअनुरूप प्रतिक्रियाहरू पैदा गरेको छ। वर्षौंको युद्धबाट आजित भएका जनताले हिंसाको न्यूनीकरणको व्यापक रूपले स्वागत गरेका छन्। त्यो चाहे जतिसुकै अस्थायी र सशर्त किन नहोस्। राज्यका सुरक्षाकर्मी र तिनका परिवारहरूले पनि युद्धविरामको यसैगरी स्वागत गरेका छन्। जसमध्ये धेरै जनाले निरन्तर रूपबाट माओवादीको हैरानी र धम्की झेल्नुपरेको छ। मूलधारका दलहरूले यो युद्धविरामलाई असल मनसायको आंशिक प्रमाणका रूपमा लिएका छन्। तर यी दलहरूलाई हिंसात्मक दमनसम्बन्धी आफ्नो आदतलाई परित्याग गर्न सक्ने कुरामा विश्वस्त गराउनका लागि माओवादीले कठोर मेहनत गर्नुपर्नेछ। सन्देहास्पद सैनिक नेतृत्वको आडमा उभिएको शाही सरकारले भने युद्धविराममा साझेदारी जनाउन इन्कार गरी माओवादीमाथि विश्वास गर्न नसकिने कुरामा जोड दिएको छ। शाही नेपाली सेनाले युद्धविराम ताकालाई केही माओवादीलाई पक्राउ गर्ने र केहीलाई मार्ने कार्यमा उपयोग गर्दै फेरि द्वन्द्व सुरु हुने परिस्थिति सिर्जना गरेको छ।

माओवादीले द्वन्द्वलाई विस्तार गर्ने सम्भावनालगायतका वैकल्पिक परिदृश्यहरूको तयारी गर्नका लागि युद्धविरामको अधिकतम उपयोग गर्ने कुरा विगतका अनुभवहरूले स्पष्ट रूपले सङ्केत गर्छन्। तर उनीहरूका कार्यहरू शान्तिको चाहनाप्रति उनीहरूको "इमानदारी" बाट भन्दा पनि खतरा र अवसरहरूसम्बन्धी उनीहरूको मूल्याङ्कनबाट प्रेरित हुने सम्भावना बढी छ। मूलधारको राजनीतिमा सामेल हुँदा त्यसबाट आफूलाई मनग्गे फाइदा हुने लागेमा र अन्य माध्यमबाट यीभन्दा ठूला फाइदाहरू हात पार्न नसकिने कुरामा विश्वस्त भए मात्र उनीहरूले यस दिशामा गम्भीर प्रयास गर्नेछन्। यस सन्दर्भमा आजसम्मको आफ्नो अभियानमा झैं उनीहरूले दीर्घकालीन दृष्टिकोणलाई कायम राख्नेछन्। उनीहरू मन्द गतिमा हुने प्रगतिको बाटोमा लाग्दा आइलाग्ने अल्पकालीन धक्काहरूलाई झेल्ने संयम र सामर्थ्यबाट सुसज्जित हुनेछन्। सर्वाधिक प्रतिबद्ध माओवादीहरूले आफ्ना राजनीतिक लक्ष्यहरू र ती लक्ष्यहरूलाई प्राप्त गर्ने इच्छा कहिल्यै परित्याग गर्लान् भनेर कल्पना गर्नु बेतुक कुरा हो। तर उनीहरूले लडेरभन्दा सम्झौता गरेर बढी लाभ हासिल गर्न सकिएला भनी निर्णय गरेको खण्डमा उनीहरूको व्यवहारमुखी हुने क्षमताको वर्चस्व कायम हुन सक्नेछ।

**काठमाडौं /ब्रसेल्स, २७ अक्टोबर ,२००५**

••• क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, मे २००५।

••• हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपाल शान्तिको दिशातर्फ*, माथि उल्लेखित।

••• क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, मे २००५।

# अनुसूची क
# नेपालको नक्सा




Base 801532 (B00750) 6-90

# अनुसूची ख
# माओवादी क्षेत्रीय ब्युरो डिभिजनको नक्सा र प्रस्तावित क्षेत्रीय तथा जातीय स्वायत्त प्रदेशहरू






# अनुसूची ग
# माओवादी नेतृत्व

## हेडक्वार्टर

प्रचण्डः पार्टी अध्यक्ष तथा जनमुक्ति सेनाका सर्वोच्च कमान्डर

## स्थायी समितिः

१. **पुष्पकमल दाहाल** (प्रचण्ड, विश्वास), चितवनका बाहुन, जन्म सन् १९५४ (कास्की)। अध्यक्ष तथा जनमुक्ति सेनाका सर्वोच्च कमान्डर, नेकपा (चौथो महाधिवेशन) को पूर्णकालीन कार्यकर्ताका रूपमा सन् १९७० को दशकमा कम्युनिस्ट राजनीतिमा संलग्न, निर्मल लामासँगको लामो विवादपछि सन् १९८४ को विभाजनमा मोहनविक्रम सिंहको पक्षमा लागेका तर सन् १९८६ मा मोहन वैद्यसँग मिली सिंहको विपक्षमा रहेका, सन् १९९० मा मशालको महामन्त्री भई एकता केन्द्र र त्यसपछि नेकपा (माओवादी) बन्दा समेत पार्टी प्रमुख नै कायम रहे। पाटन क्याम्पसबाट आई.एस.सी. तथा चितवनको रामपुर क्याम्पसबाट कृषि विज्ञानमा स्नातक गरेका प्रचण्डका कैयौं लेख, नीतिगत दस्तावेज र प्रेस वक्तव्य एवं नेपाली क्रान्तिका समस्याहरूलगायत केही पुस्तकसमेत प्रकाशित छन्।

२. **मोहन वैद्य** (किरण, अगम), प्यूठानका बाहुन, जन्म सन् १९३७। नेकपा (माओवादी) का संस्थापकहरूमध्ये एक, मशालका पूर्व महामन्त्री, आजीवन राजनीतिक कार्यकर्ता, माओवादीका प्रमुख सिद्धान्तकार तथा प्रचण्डका प्रमुख सल्लाहकार। पूर्वी केन्द्रीय कमान्डको इन्चार्ज हुँदा सन् २००४ को मार्चमा पश्चिम बङ्गालको सिलीगुडीमा पक्राउ परी अहिलेसम्म बन्दी अवस्थामा। उनले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन्।

३. **डा. बाबुराम भट्टराई** (लालध्वज, जितवीर, मुक्तिमानव), गोरखाका बाहुन, जन्म सन् १९५४। मध्यक्षेत्र केन्द्रीय कमान्डका पूर्व इन्चार्ज। संयुक्त क्रान्तिकारी जनपरिषद् नेपालका संयोजक तथा अन्तर्राष्ट्रिय विभागका प्रमुख। सन् २००५ को मार्चमा अनुशासनको कारबाहीमा परी पुनः स्थापित गरिएका। सन् १९७७ मा विद्यार्थी राजनीतिमा प्रवेश। अखिल भारतीय नेपाली विद्यार्थी संघका सस्थापक सभापति। नेकपा (चौथो महाधिवेशन) मा संलग्न भई सन् १९८६ को विभाजनपछि मोहनविक्रम सिंहको मसालमा आबद्ध। सन् १९९१ मा सो त्यागी संयुक्त जनमोर्चा नेपालको गठन, जो पछि नेकपा (माओवादी) को राजनीतिक मोर्चा बन्न पुग्यो। सन् २००३ मा नेकपा (माओवादी) को वार्ता टोलीका नेता। जेहेनदार विद्यार्थी, एस.एल.सी. परीक्षामा काठमाडौं उपत्यका बाहिरबाट पहिलो पटक सर्वोच्च स्थान ओगट्न सफल। काठमाडौंको अमृत साइन्स क्याम्पसबाट विज्ञानमा आई.एस.सी., भारतको चण्डीगढबाट इन्जिनियरिङ विषयमा स्नातक, नयाँ दिल्लीको स्कूल अफ प्लानिङ एन्ड आर्किटेक्चरबाट स्नातकोत्तर। दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयबाट "नेपालको अल्पविकासमा प्राकृतिक र क्षेत्रीय मुद्दाहरू" विषयमा शोध गरी विद्यावारिधि उपाधि प्राप्त गरेका। *The Nature of Underdevelopment and Regional Structure of Nepal*, *राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट (नेपालमा जनयुद्धको राजनीतिक आर्थिक औचित्य)*, *मार्क्सवाद र महिला मुक्ति* (आफ्नी पत्नी हिसिला यमीसँगको सहलेखन) लगायत कैयौं लेख तथा पुस्तकका लेखक। माओवादी आन्दोलनका सुपरिचित सार्वजनिक अनुहार। कसैकसैले प्रचण्डको सर्वोच्चताको चुनौतीका रूपमा पनि लिने गरेका छन्।

४. **रामबहादुर थापा** (बादल, लखन, प्रेम, भीमसेन), चितवनका मगर, जन्म सन् १९५४। पूर्व क्षेत्र केन्द्रीय कमान्डका इन्चार्ज तथा नेकपा (माओवादी) का तर्फबाट सन् २००३ को वार्ता टोलीका सदस्य। चितवनमै विद्यालय र क्याम्पस तहको अध्ययन। उच्च शिक्षाका लागि सोभियत सङ्घ प्रस्थान। तर सन् १९७९ को विद्यार्थी आन्दोलनका लागि नेपाल फर्के र पूर्णकालीन भूमिगत कम्युनिष्ट राजनीतिमा समर्पित भए। राप्तीको पहाडी क्षेत्र जनयुद्धको आधार निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गरे। सन् १९९७ मा उनलाई पार्टीका सबै जिम्मेवारीबाट मुक्त गरेर अनुशासनको कारबाहीअन्तर्गत श्रमशिविरमा पठाइएको थियो। तर बिस्तारै उनको पुनःस्थापनका साथै बढुवासमेत हुँदै गयो। सबैजसोले उनलाई सैनिक कमान्डर ठान्दछन्, परन्तु उनी आफूलाई सैन्य रणनीतिकार भन्न रुचाउँछन्। उनलाई स्थायी समितिमा प्रचण्ड पक्षका शक्तिशाली सदस्यका रूपमा हेरिन्छ।

५. **पोष्टबहादुर बोगटी** (दिवाकर, रणध्वज), नुवाकोटका छेत्री, जन्म सन् १९४२। मध्य-क्षेत्र केन्द्रीय कमान्डका इन्चार्ज। त्यसअघि पश्चिम क्षेत्र केन्द्रीय कमान्डका इन्चार्ज। रोल्पा, रुकुम र मध्यपश्चिममा जनयुद्धको सुरुदेखि मार्च २००५ सम्मै क्रियाशील रहेर माओवादप्रति समर्थन निर्माण गर्न प्रमुख भूमिका निर्वाह गरेका। स्वाध्यायनबाट मार्क्सवादी दर्शनको व्यापक ज्ञान आर्जन गरेका उनलाई स्थायी समितिका शक्तिशाली सदस्यका रूपमा लिइन्छ।

६. **कृष्णबहादुर महरा** (अमरसिंह, चट्टान, बलभद्र), रोल्पाका छेत्री, जन्म सन् १९५८। नेकपा (माओवादी) का प्रवक्ता, अन्तर्राष्ट्रिय विभाग (भारत) का इन्चार्ज र संयुक्त क्रान्तिकारी जनपरिषद्का उपसंयोजक। नेकपा (माओवादी) को सन् २००१ को वार्ता टोलीका

पूर्वसंयोजक र नेकपा (माओवादी) को सन् २००३ को वार्ता टोलीका सदस्य। सन् २००५ को सुरुमा स्थायी समितिमा बढुवा। प्रचण्डबाहेक पार्टी हेडक्वार्टरको तर्फबाट सञ्चारमाध्यमसँग कुरा गर्न सक्ने एक मात्र व्यक्ति। त्रिविविबाट शिक्षाशास्त्रमा स्नातक र रोल्पामा एक दशकभन्दा बढी समय विद्यालयमा शिक्षण कार्य गरेका। सन् १९९१ मा सं.ज.मो.बाट संसद सदस्यमा निर्वाचित।

७. **देव गुरुङ** (कान्छाबहादुर, दोर्जे), मनाङका गुरुङ, जन्म सन् १९५४। जनजाति विभाग, गण्डक क्षेत्रीय ब्युरो र र तमुवान स्वायत्त क्षेत्र जनसरकारका पूर्वप्रमुख। मार्च २००५ मा स्थायी समितिमा बढुवा अनि पश्चिम क्षेत्र केन्द्रीय कमान्ड हेर्ने गरी नियुक्त। संयुक्त क्रान्तिकारी जनपरिषद्का सचिव तथा नेकपा (माओवादी) को सन् २००३ को वार्ता टोलीका सदस्य। विद्यार्थी कालमा कम्युनिस्ट राजनीतिमा प्रवेश गरी अनेरास्ववियु (क्रान्तिकारी) को अध्यक्षसमेत भएका। सन् १९९६ मा गोरखामा प्रहरीद्वारा पक्राउ परी सन् २००० को जनवरी ६ मा रिहा गरिएका।

### पोलिटब्युरोका सदस्यहरू

८. **दीनानाथ शर्मा** (किशोर, अशोक), बागलुङका बाहुन, पहिले दक्षिण एसियाली माओवादी पार्टी र सङ्गठनहरूको समन्वय समितिका संयोजक, तर मार्च २००५ मा अनुशासनको कारबाहीमा परेका। पार्टीका सबै पदहरूबाट राजीनामा गर्न बाध्य पारिएका र हाल पार्टीका कुन तहमा छन् भन्ने कुरा अस्पष्ट।

९. **सी.पी. गजुरेल** (गौरव, विजय, प्रवेशकुमार), सिन्धुलीका बाहुन, जन्म सन् १९४८। अन्तर्राष्ट्रिय विभागका पूर्वप्रमुख, रिभोल्युसनरी इन्टरन्यासनल मुभमेन्ट (रीम) तथा विश्व जनप्रतिरोध अभियान (वर्ल्ड पिपुल्स रेसिस्टान्स मुभमेन्ट) सँगको सम्बन्ध हेर्न जिम्मेवार। अखिल भारत नेपाली एकता समाजका पूर्व अध्यक्ष। अगस्त २००३ मा भारतको चेन्नई विमानस्थलमा जाली ब्रिटिस पासपोर्टबाट युरोप जाने प्रयास गर्दा पक्राउ परी हालसम्म बन्दी अवस्थामै। त्रिविविबाट विज्ञान विषयमा स्नातकोत्तर।

१०. **अग्निप्रसाद सापकोटा** (कञ्चन, सुशील, पर्वत), सिन्धुपाल्चोकका बाहुन, जन्म सन् १९५८। नारायणी-बागमती क्षेत्रीय ब्युरो इन्चार्ज तथा संयुक्त क्रान्तिकारी जनपरिषद्का सदस्य। सन् २००१ को माओवादी वार्ता टोलीका सदस्य। सिन्धुपाल्चोकमा शिक्षक हुँदा राजनीतिमा प्रवेश।

११. **मणि थापा** (अनुकूल, अनुप), प्यूठानका मगर, सगरमाथा-जनकपुर क्षेत्रीय ब्युरोका इन्चार्ज।

१२. **मातृका यादव** (रामसिंह, प्रदीप), धनुषा तराईका हिन्दू, जन्म सन् १९४७। मधेस स्वायत्त क्षेत्र जनसरकारका अध्यक्ष तथा मधेसी मुक्ति मोर्चाका प्रमुख। सन् २००३ को माओवादी वार्ता टोलीका सदस्य। सन् २००४ मा दिल्ली नजिकैबाट पक्राउ परी हाल नेपालमा हिरासतमा।

१३. **पम्फा भूसाल** (सृष्टि, हिमाली, सरिता, पूजा, स्मृति), अर्घाखाँचीकी बाहुन, जन्म सन् १९६१। महिला विभाग प्रमुख, संयुक्त क्रान्तिकारी जनपरिषद्की सदस्य तथा नेकपा माओवादीका सबैभन्दा वरिष्ठ महिला।

१४. **नेत्रविक्रम चन्द** (विप्लव, रत्नबहादुर शाही, इमानसिंह), रोल्पाका छेत्री, मध्य केन्द्रीय कमान्डअन्तर्गत विशेष क्षेत्रीय ब्युरोका इन्चार्ज। अनेरास्ववियु (क्रान्तिकारी) का पूर्वउपाध्यक्ष।

१५. **ईश्वरमान प्रधानाङ्ग** (रवीन्द्र श्रेष्ठ, शशी श्रेष्ठ), भक्तपुरका नेवार। उद्योग विभाग प्रमुख। सन् २००१ मा काठमाडौँमा पक्राउ परी सन् २००३ मा थुनामुक्त।

१६. **जनार्दन शर्मा** (प्रभाकर), रुकुमका बाहुन, पश्चिम डिभिजनका कमान्डर।

१७. **वर्षमान पुन** (अनन्त), रोल्पाका मगर, पूर्वी डिभिजनका कमान्डर।

१८. **हितराज पाण्डे** (उत्तम), जन्म सन् १९५९। वासु स्मृति चौथो ब्रिगेडका कमिसार।

१९. **टोपबहादुर रायमाझी** (जीवन, अमर, अनिल, किसन प्याकुरेल), अर्घाखाँचीकी छेत्री। संयुक्त क्रान्तिकारी जनपरिषद्का सदस्य र सन् २००४ को सेप्टेम्बरदेखि प्रवासी नेपाली (भारत) कमान्डका इन्चार्ज। लिस्ने-गाम ब्रिगेडका पूर्व कमिसार अनि अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व अध्यक्ष। सन् २००१ को माओवादी वार्ता टोलीका सदस्य। बाबुराम भट्टराई निकट।

२०. **हरिभक्त कँडेल** (विमल), गोर्खाका बाहुन, केन्द्रीय आर्थिक विभागका प्रमुख।

२१. **हरिबोल गजुरेल** (शीतलकुमार, प्रज्ज्वल), सिन्धुलीका बाहुन, अन्तर्राष्ट्रिय विभागका सदस्य।

२२. **हितमान शाक्य** (सुमन, सुरेश, टुटु, सागर), बागलुङका नेवार, जन्म सन् १९६०। पूर्वी केन्द्रीय कमान्डअन्तर्गत विशेष क्षेत्रीय ब्युरोका इन्चार्ज तथा केन्द्रीय शिक्षा विभागका प्रमुख।

२३. **नन्दकिशोर पुन** (पासाङ), रोल्पाका मगर, पश्चिम डिभिजन कमान्डर।

२४. **हिसिला यमी** (पार्वती), काठमाडौँकी नेवार, वैकल्पिक पोलिटब्युरो सदस्य, अन्तर्राष्ट्रिय विभागकी पूर्व उपप्रमुख। तर मार्च २००५ मा अनुशासनको कारबाहीमा परेकी। हाल पार्टीमा उनको स्थान थाहा नभएको। तालिमप्राप्त वास्तुविद् तथा सन् १९९६ देखि भूमिगत

हुनुअघिसम्म पुल्चोक क्याम्पसमा लेक्चरर। थुप्रै लेखकी लेखिका र सहलेखिकाका रूपमा पति बाबुराम भट्टराईसँग संयुक्त रूपमा मार्क्सवाद र महिला मुक्ति नामक पुस्तक लेखेको।

२५. **कुलप्रसाद केसी** (सोनाम), वैकल्पिक पोलिटब्युरो सदस्य, हाल भारतको पटनामा बन्दी अवस्थामा।

२६. **गोपाल खम्बु** (साइँला), सोलुखुम्बुका राई, वैकल्पिक पोलिटब्युरो सदस्य, मेची-कोसी क्षेत्रीय ब्युरोका इन्चार्ज तथा किराँत स्वायत्त प्रदेशका जनसरकार प्रमुख।

२७. **देवेन्द्र पौडेल** (सुनिल), वैकल्पिक पोलिटब्युरो सदस्य, अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व महामन्त्री, बाध्यतावश राजीनामा गर्न परेको, हाल अनुशासनको कारबाहीमा।

२८. **खड्गबहादुर विश्वकर्मा** (प्रकाण्ड), कालिकोटका दलित, वैकल्पिक पोलिटब्युरो सदस्य, भेरी- कर्णाली क्षेत्रीय स्वायत्त जनसरकारका अध्यक्ष, भेरी-कर्णाली क्षेत्रीय ब्युरोका इन्चार्ज एवं केन्द्रीय दलित विभाग प्रमुख।

२९. **कुमार दाहाल** (विजय), बाहुन, वैकल्पिक पोलिटब्युरो सदस्य र उपत्यका ब्युरोका पूर्व इन्चार्ज। अखिल नेपाल ट्रेड युनियन महासङ्घका पूर्व प्रमुख। हाल पटनामा बन्दी अवस्थामा।

### केन्द्रीय कमिटी सदस्यहरू

३०. गंगाबहादुर कार्की (विश्व): बेथान स्मृति पाँचौं ब्रिगेड कमिसार।

३१. सन्तु दराई (परवाना): मेची-कोशी सातौं ब्रिगेड कमिसार।

३२. गंगा श्रेष्ठ (प्रभात): अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व महामन्त्री।

३३. गौरीशंकर खड्का (राजेन्द्र): पूर्व एमाले नेता।

३४. कुमार पौडेल (कमल): तत्कालीन संयुक्त जनमोर्चाका केन्द्रीय कमिटी सदस्य।

३५. ''राजेश'': पूर्वी डिभिजनका उपकमान्डर।

३६. लोकेन्द्र विष्टः हाल भारतको पटनामा बन्दी अवस्थामा।

३७. सन्तोष बुढामगर (भूरण): मगराँत स्वायत्त क्षेत्र जनसरकार प्रमुख।

३८. धर्मेन्द्र बाँस्तोला

३९. ध्रुव पराजुली (सन्तोष): सोलु-सल्लेरी छैटौं ब्रिगेड कमिसार।

